# आर.सी. रिजालका निबन्धमा हास्यव्यङ्ग्यकारिता

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयक

स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

# शोधपत्र

**शोधार्थी**

**सविना सापकोटा**

शैक्षिक सत्र : २०६८/२०७०

त्रि.वि. दर्ता नं.: ९-२-४३-४६७-२००५

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

२०७३/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा सविना सापकोटाले **आर.सी. रिजालका निबन्धमा हास्यव्यङ्ग्यकारिता** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु।

मिति : २०७३/१२/१९
०१/०४/२०१७

................................
दामोदर रिजाल
सह-प्राध्यापक
वीरेन्द्र बहुमखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**आर.सी. रिजालका निबन्धमा हास्यव्यङ्ग्यकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति शोध निर्देशक आदरणीय गुरु सह-प्राध्यापक दामोदर रिजालज्यूको कुशल निर्देशनमा सम्पन्न गरेकी हुँ । आफ्नो कार्य व्यस्तताका बाबजुद पनि मलाई अमूल्य सुझाव र उचित सल्लाह दिएर लक्षित स्थानसम्म पुऱ्याउन सहयोग गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरु दामोदर रिजालज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधप्रस्ताव स्वीकृत गरी मलाई शोधकार्य तयार पार्न अनुमति प्रदान गर्ने नेपाली विभागका विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाज्यू र विभाग परिवारप्रति आभारी छु ।

प्रस्तुत शोधकार्यमा अध्ययन सामग्री आर.सी. रिजाल र उनका निबन्धसङ्ग्रहहरु भएकाले त्यस्ता मूल्यवान् निबन्धका स्रष्टा एवम् शोधनायक रिजालज्यूले शोधकर्तालाई अत्यन्तै स्नेह र विश्वास गरी भेटघाट, भलाकुसारी र बसउठका क्रममा आफ्नो जीवनवृत्त, विचार र अनुभूतिहरु बताएर आफ्ना निबन्धका अन्तर्वस्तुबारे पटक-पटक सोधिएका जिज्ञासाहरुको झर्को नमानी स्पष्ट जवाफ दिएर प्रशस्त गुण लगाउनु भएको छ । त्यसैले स्रष्टा र उहाँको परिवारप्रति आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्री सङ्कलन गर्न अन्तर्वार्ता लिने क्रममा आफ्नो अमूल्य समय दिई सहयोग गर्नुहुने विद्वत्ज्जनप्रति म आभारी छु । यसका साथै लेखनकार्यका लागि अत्यन्तै उत्साहजनक उत्प्रेरणा, जानकारी, अमूल्य समय, सल्लाह, सुझाव र आवश्यक सामग्री दिई सहयोग गर्ने वीरेन्द्र बहुमखी क्याम्पस पुस्तकालयका कर्मचारीहरु, आर.सी. रिजालको जीवनी र व्यक्तित्व शीर्षकमा शोधकार्य गरी शोधनायकका बारेमा अनुसन्धानको ढोका उघारिदिने मित्र दानबहादुर खड्काप्रति पनि आभार प्रकट गर्न म आफ्नो कर्तव्य ठान्दछु । यस अतिरिक्त जस-जसका विचार, उद्धरणहरु मैले उपयोग गरेको छु ती सबै विद्वान्, लेखकहरुप्रति समेत म आभारी छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा व्यक्तिगत रुपमा घरायसी चाँजोपाँजो मिलाई हरेक पल प्रेरणा दिनुहुने मेरा श्रीमान् यदुनाथ ढकालप्रति र लेखनकार्यमा हौसला दिने मेरा पुत्रद्वय सुवास र सन्देशप्रति पनि म आभारी छु । यसका साथै शोधकार्य सम्पन्न गर्न दौडधुप गर्ने क्रममा प्रारम्भिक अवस्थादेखि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मेरा अनन्य मित्रहरुप्रति पनि म कृतज्ञ रहेको छु । शोधपत्र लेखनलाई पूर्णतामा पुऱ्याउन रातदिन टङ्कण गरिदिने फोनेट कम्प्युटर परिवार, भरतपुरलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

अन्तमा **आर.सी. रिजालका निबन्धमा हास्यव्यङ्ग्यकारिता** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमखी क्याम्पस, नेपाली विभाग भरतपुरसमक्ष पेस गर्दछु ।

मिति : २०७३।१२।१९
०१/०४/२०१७

सविना सापकोटा
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
स्नातकोत्तर तह
दोस्रो वर्ष

# विषयसूची

## परिच्छेद : एक

## शोधपरिचय


१.१ विषय परिचय १

१.२ शोधको प्रयोजन १

१.३ समस्या कथन २

१.४ शोधको उद्देश्य २

१.५ पूर्वकार्यको विवरण र समीक्षा २

१.६ शोधकार्यको औचित्य ४

१.८ शोधकर्ताको सीमाङ्कन ५

१.९ शोधविधि ५

१.९.१ सामग्री सङ्कलन विधि ५

१.९.२ अध्ययन तथा विश्लेषण विधि ५

१.१० शोधकार्यको रूपरेखा ५


## परिच्छेद : दुई

## आधुनिक हास्यव्यङ्ग्य निबन्धको विकासक्रम र यसको सैद्धान्तिक आधार


२.१ नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि ८

२.२ आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धको विकास प्रक्रिया ९

२.२.१ पहिलो उप-चरण (१९९५-२००६) १०

२.२.२ दोस्रो उप-चरण (२००७-२०१६) १०

२.२.३. तेस्रो उप-चरण (२०१७-२०३५) ११

२.२.४. चौथो उप-चरण (२०३६ देखि यता) ११

२.३ हास्यव्यङ्ग्यको सैद्धान्तिक आधार १२

२.३.१ हास्यव्यङ्ग्य : एउटा विशिष्ट शैली १३

२.३.२ परिभाषामा हास्यव्यङ्ग्य १६

२.३.३ हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय मान्यता १८
२.३.४ हास्यव्यङ्ग्यसम्बन्धी पाश्चात्य मान्यता २०
२.३.५ हास्य र व्यङ्ग्यको समानता र भिन्नता एवम् संयुक्त रूप २२
२.३.६ नेपाली साहित्यमा हास्यव्यङ्ग्यको पृष्ठभूमि र विकास २६
२.४. हास्यव्यङ्ग्यको उद्देश्य एवम् तत्त्वहरू २७
२.४.१ उद्देश्यहरू २८
२.४.२ हास्यव्यङ्ग्यका तत्त्वहरू २९
२.४.३ भाषाशैली ३४
२.५ निष्कर्ष ३४

## परिच्छेद : तीन

## आर.सी. रिजालका निबन्धसङ्ग्रहमा व्यङ्ग्यात्मकता

३.१ विषय परिचय ३६
३.२ क्षेत्रगत व्यङ्ग्य ३६
३.२.१ राजनीतिक व्यङ्ग्य ३७
३.२.२ धार्मिक व्यङ्ग्य ३८
३.२.३ सामाजिक तथा सांस्कृतिक व्यङ्ग्य ३९
३.२.४ आर्थिक विसङ्गति ४१
३.२.५ साहित्यिक विसङ्गति ४१
३.२.६ मानवीय विसङ्गति ४२
३.३ निष्कर्ष ४३

## परिच्छेद : चार

## आर.सी. रिजालका हास्यव्यङ्ग्य कृतिहरूको अध्ययन

४.१ पृष्ठभूमि ४४
४.२ 'कुकुरको पुच्छर' निबन्धसङ्ग्रहको अध्ययन ४५
४.२.१ सङ्ग्रहको शीर्षक तथा भाव सङ्गति ४५
४.२.२ विषयवस्तु ४५

४.२.२.१. सामाजिक विसङ्गति ४६

४.२.२.२ राजनीतिक विसङ्गति ४७

४.२.२.३ मानवीय विसङ्गति ५०

४.२.२.४ धार्मिक तथा सांस्कृतिक विसङ्गति ५२

४.२.३ भाषाशैली ५२

४.२.४ उद्देश्य ५३

४.२.५ निष्कर्ष ५३

४.३ 'कण्ठ लगौटी' निबन्धसङ्ग्रहको अध्ययन ५४

४.३.१. विषय परिचय ५४

४.३.२ सङ्ग्रहको शीर्षक तथा भाव सङ्गति ५४

४.३.४ विषयवस्तु ५५

४.३.४.१ राजनीतिक विसङ्गति ५५

४.३.४.२ सामाजिक विसङ्गति ५७

४.३.४.३ प्रशासनिक विसङ्गति ५८

४.३.४.४ साहित्यिक एवम् सांस्कृतिक विसङ्गति ५८

४.३.४.५ मानवीय विसङ्गति ५९

४.३.५ भाषाशैली ५९

४.३.६ उद्देश्य ६०

४.३.७ निष्कर्ष ६०

४.४ 'हाकिमको खप्पर' निबन्धसङ्ग्रहको अध्ययन ६१

४.४.१ सङ्ग्रहको शीर्षक एवम् भावसङ्गति ६१

४.४.२ विषयवस्तु ६२

४.४.२.१ सामाजिक विसङ्गति ६२

४.४.२.२ राजनीतिक विसङ्गति ६३

४.४.२.३ साहित्यिक विसङ्गति ६५

४.४.२.४ प्रशासनिक विसङ्गति ६६

४.४.२.५ धार्मिक तथा सांस्कृतिक विसङ्गति ६६

४.४.२.६ आर्थिक विसङ्गति ६७

४.४.२.७ मानवीय विसङ्गति ६७

४.४.३ भाषाशैली ६८

४.४.४ उद्देश्यहरू ६८

४.४.५ निष्कर्ष ६९

४.५ 'भोलारामको आत्मा' प्रबन्ध कृतिको अध्ययन ६९

४.५.१ 'भोलारामको आत्मा' सङ्ग्रहको शीर्षक एवम् भावसङ्गति ७०

४.५.२ विषयवस्तु ७०

४.५.२.१ राजनीतिक विसङ्गति ७०

४.५.२.२ सामाजिक विसङ्गति ७१

४.५.२.३ प्रशासनिक विसङ्गति ७२

४.५.२.४ धार्मिक तथा साहित्यिक विसङ्गति ७३

४.५.३ भाषाशैली ७३

४.५.४.उद्देश्य ७३

४.५.५ निष्कर्ष ७४

४.६ 'फू फू फू' निबन्धसङ्ग्रहको अध्ययन ७४

४.६.१ सङ्ग्रहको शीर्षक तथा भावसङ्गति ७५

४.६.२ विषयवस्तु ७५

४.६.२.१ सामाजिक विसङ्गति ७६

४.६.२.२ राजनैतिक विसङ्गति ७७

४.६.२.३ मानवीय विसङ्गति ७८

४.६.३ भाषाशैली ७९

४.६.४ उद्देश्य ८०

४.६.५ निर्ष्कष ८०

४.७. समग्र निष्कर्ष ८१

**परिच्छेद : पाँच**

**निबन्धमा आर.सी. रिजालको हास्यव्यङ्ग्यात्मक योगदान र उपसंहार**

५.१ विषयवस्तु चयनमा रिजालको रुचि ८१

५.२ भाषाशैलीका दृष्टिमा रिजाल ८३

५.३ आफैमाथि व्यङ्ग्य गर्ने रिजाल ८३

५.४. हास्यव्यङ्ग्यको सैद्धान्तिक परिपालनाका सन्दर्भमा रिजाल ८४

५.५ नेपाली हास्यव्यङ्ग्य लेखनमा रिजालको योगदान ८५

५.६ उपसंहार ८५

सन्दर्भ ग्रन्थसूची

परिशिष्ट

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| आर.सी. | : | रामचन्द्र |
| एम.ए. | : | मास्टर्स अफ आर्टस |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| नं. | : | नम्बर |
| पृ. | : | पृष्ठ |
| रू. | : | रूपैयाँ |
| वि.सं. | : | विक्रम संवत् |
| संस्क. | : | संस्करण |

नोट :

केही सन्दर्भ सामग्रीका प्रकाशन मिति नभेटिएकाले प्रश्नवाचक ( ? ) चिह्नद्वारा सङ्केत गरिएको छ ।

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

नारायणी अञ्चलअन्तर्गत मकवानपुर जिल्लाको ऐतिहासिक स्थल मकवानपुरगढीमा २००९ साल चैत ११ गते जन्मेका आर.सी. रिजाल नेपाली साहित्यका एक सर्जक हुन् । हास्यव्यङ्ग्यलाई महत्त्व दिई कृतिहरू रचना गर्ने रिजालका आधा दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् । साहित्यभित्र हास्यव्यङग्यकारितामा नै विशेष जोड दिने रिजालका अधिकांश निबन्ध र निबन्धभित्र नै छिटपुट व्यङ्यात्मक कथा समावेश भएको देखिन्छ । २०२८ सालदेखि लेखन प्रारम्भ गरेका रिजालका कृतिहरू प्रकाशनका दृष्टिले २०३६ सालदेखि देखापरेका छन् । रिजालका निबन्धहरू हेर्दा मूल रूपमा राजनैतिक विसङ्गति, मानवीय विसङ्गति, सामाजिक विसङ्गति प्रशासनिक विसङ्गति साहित्य एवम् सांस्कृतिक विसङ्गति आदिमा व्यङ्ग्यात्मक प्रहारमा केन्द्रित देखिन्छन् ।

२०३६ सालमा प्रकाशित **खरानीभित्रको आगो** लघु उपन्यासबाट औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका रिजालका हालसम्म एउटा उपन्यास र पाँचओटा निबन्ध सँगालाहरू प्रकाशित भएका छन् । **खरानीभित्रको आगो** (लघु उपन्यास) (२०३६), **कुकुरको पुच्छर** (२०५५), **कण्ठ लँगौटी** (२०५७), **हाकिमको खप्पर** (२०६३), **फू फू फू** (२०७०) र **भोलारामको आत्मा** (अनुवादित हास्यव्याङ्ग्य निबन्धसङ्ग्रह, २०६६) उनका प्रकाशित कृतिहरू हुन् । हास्यव्यङ्ग्यकार आर.सी. रिजालको निबन्धमा आधारित रही आर.सी रिजालका निबन्धमा हास्यव्यङ्ग्यकारिता शीर्षकको प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.२ शोधको प्रयोजन

यो शोधकार्य त्रिभुवन विश्वविद्यालय अन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पसको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

आर.सी. रिजाल नेपाली निबन्ध फाँटका सक्रिय र सशक्त स्रष्टाका रूपमा स्थापित छन् र उनको हास्यव्यङ्ग्यकारिताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख समस्या हो र यसका अन्य समस्याहरूलाई तलका बुँदामा टिपोट गरिएको छ :

(क) हास्यव्यङ्ग्य विधाको सिद्धान्त के-कस्तो रहेको छ ?

(ख) आर.सी. रिजालका निबन्धगत प्रवृत्ति के-के हुन् ?

(ग) रिजालका निबन्धमा के-कस्तो हास्यव्यङ्ग्यता पाइन्छ ?

यस शोधमा यिनै शोध समस्याको खोजी गरी तिनका निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

## १.४ शोधको उद्देश्य

यस शोधकार्यको उद्देश्य निबन्धकार आर.सी. रिजालका निबन्धमा हास्यव्यङ्ग्यको प्रभाव एवम् उनको हास्यव्यङ्ग्यकारिताको विश्लेषण गर्नु रहेको छ । प्रस्तुत शोधकार्यका अन्य उद्देश्यलाई निम्नलिखित बुँदाहरूबाट यसरी स्पष्ट रूपमा उल्लेख गरिएको छ -

(क) हास्यव्यङ्ग्य विधाका सिद्धान्तको अध्ययन गर्नु ।

(ख) निबन्धकार आर.सी.रिजालको निबन्धगत प्रवृत्तिको अध्ययन गर्नु ।

(ग) आर.सी. रिजालका निबन्धमा प्रयुक्त हास्यव्यङ्ग्यताको अध्ययन गर्नु ।

यिनै उद्देश्यहरूको परिपूर्तितर्फ यो शोधपत्र अग्रसर रहेको छ ।

## १.५ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली निबन्ध विधामा उदाएका हास्यव्यङ्ग्य निबन्धकार आर.सी. रिजालका बारेमा विस्तृत अध्यायन हुन बाँकी नै देखिन्छ । उनका कृतिका सम्बन्धमा विभिन्न साहित्यकारहरूले पत्र-पत्रिकाहरूमा चर्चा-परिचर्चा गरे पनि उनका निबन्धमा हास्यव्यङ्ग्यकारिताको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको छ । उनका जीवनी, व्यक्तित्व

र कृतित्वको अध्ययन शोधार्थी दानबहादुर खड्काद्वारा भएको पाइन्छ । अतः उनको निबन्धमा हास्यव्यङ्ग्यकारिताका सम्बन्धमा गरिएका पूर्वकार्यहरूको प्राप्त विवरण कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ -

चट्याङ्ग मास्टरले **आर.सी. रिजालको निबन्धसङ्ग्रह** (२०५७ : भूमिका खण्ड) मा यिनका निबन्धहरू धर्मबाट उदाउँछन्, मर्मबाट आउँछन् र कर्मबाट झ्याम-झ्याम्ती लाग्ने खालका हुन्छन् भन्दै यिनको व्यङ्ग्यकारिता राजनीति, संस्कृति, समाज र अन्य क्षेत्रका विभिन्न सत्य-तथ्यमा आधारित रहेको विश्लेषण गरेका छन् ।

निमेष निखिलले रिजाल कुशल अनुवादक, टिप्पणीकारका साथै सफल हास्यव्यङ्ग्यकार हुन्, भनेका छन् (निखिल, २०६८ : २०५) ।

आर.सी. रिजालले आफ्ना निबन्धमा आधुनिक जीवनको बोध सशक्त ढङ्गले गर्दछन् भन्दै समालोचक मुकुन्द आचार्यले यिनका निबन्धहरू व्यङ्ग्यात्मकताका दृष्टिले उत्कृष्ट रहेको चर्चा गरेका छन् । राजनीतिले समाजका प्रत्येक क्षेत्रलाई अस्तव्यस्त पारेको आजको परिवशेमा रिजालका व्यङ्ग्यात्मक झटाराहरूले मीठा-मीठा फूल झारेर पाठक र समाजलाई खिलाउने, सशक्त ढङ्गले आधुनिक समाजको बोध प्रस्तुत गर्ने रिजाल आफ्ना रचनाहरूमा अङ्ग्रेजी सुप्रसिद्ध कवि वि.पि. सेलेको भनाइ पछ्याउने निबन्धकार हुन् भन्ने उनको निष्कर्ष छ (रिजाल, २०६६ : भूमिका खण्ड) ।

आर. सी. रिजालले आफ्ना निबन्धमा व्यङ्ग्यात्मक पाराले विषयवस्तुलाई प्रस्तुत गर्दछन् भन्दै समालोचक रामप्रसाद ज्ञवालीले यिनका निबन्धहरूमा व्यङ्ग्यको मात्रा ज्यादा छ भने हास्यको मात्रा कम छ भन्ने निष्कर्ष दिएका छन् । यिनका निबन्धसङ्ग्रहमा व्यक्त गरिएको जुन विचार छ त्यो समाज बदल्ने आधुनिक भौतिक विचार हो भन्ने उनको तर्क रहेको छ (ज्ञवाली, २०७० : १०४) ।

आर.सी. रिजालले आफ्ना निबन्धमा पाठकलाई पेट मिचीमिची हँसाउने ढङ्गले विषयवस्तु प्रस्तुत गरेका छन् भन्दै चट्याङ मास्टरले समाजका विकृति, बिडम्बना, बेबकुफी र बेइमानीलाई उछित्तो काढ्ने निबन्धकारका रूपमा यिनको उपस्थिति रहेको निष्कर्ष निकालेका छन् (रिजाल, २०५७ : भूमिका खण्ड) ।

आफ्ना निबन्धमा हास्य र व्यङ्ग्यको सन्तुलन कायम गर्न सक्नु आर.सी. रिजालको हास्यव्यङ्ग्यात्मक खुबी हो भन्दै निमेष निखिलले यिनका निबन्धहरूले समाज र व्यक्तिका विकृति, विसङ्गति, विडम्बना र खराबीलाई औंल्याएर तिनको दोहोलो काढ्ने काम गरेका छन् भन्ने निष्कर्ष दिएका छन् (रिजाल, २०७० : भूमिका खण्ड) ।

आर.सी. रिजाल हास्यव्यङ्ग्य निबन्धको उन्नति र प्रबर्द्धनका लागि भोक, निद्रा, स्वार्थ, धन सबै थोक माया मारेर लागेका व्यक्ति हुन् भन्दै समालोचक लक्ष्मण गाम्नागेले यिनलाई भैरव अर्याल र भूतका भिनाजुका पदचापहरूलाई पछ्याउँदै निरन्तर अगाडि बढिरहेका, माथि चढिरहेका निबन्धकार भनेका छन् । त्यसैले हास्यव्यङ्ग्यकर्मीहरूका लागि मात्र होइन सबै स्रष्टाहरूका लागि यिनी एउटा सम्मानित र प्रेरणादायी व्यक्तित्वका रूपमा तर्क प्रस्तुत गरेका छन् (रिजाल, २०६६ : भूमिका खण्ड) ।

व्यक्ति र समाजका खराबी औँल्याएर तिनको दोहोलो काड्ने काम रिजालका सबै निबन्धले गरेका छन् । रिजालको हास्यव्यङ्ग्य क्षेत्रमा देखिएको खुबी भनेको सबै रचनामा हास्य र व्यङ्ग्यको सन्तुलन कायम गर्नु हो । धेरैजसो निबन्धमा उनले धर्मको निर्वाह गर्ने कार्य कुशलतापूर्वक गरेका छन् भने उखान-टुक्काहरूलाई पनि सन्दर्भ र समय अनुकूल हुने गरी आकर्षक ढङ्गले प्रस्तुत गरेको देखिन्छ ।

## १.६ शोधकार्यको औचित्य

साहित्यकार आर.सी. रिजालले नेपाली साहित्यको श्रीवृद्धिमा पाँचवटा हास्य-व्यङ्ग्यात्मक निबन्धसङ्ग्रहहरू सुम्पेका छन् जसमध्ये चार ओटा स्वयम्‌का रचना छन् भने **भोलारामको आत्मा** भन्ने निबन्धसङ्ग्रह हिन्दी तथा उर्दूका हास्यव्यङ्ग्यको अनुदित सङ्कलन हो । आर.सी. रिजालको हास्य-व्यङ्ग्यकारिताको अध्ययन गरेर विस्तृत रूपमा जानकारी दिइने हुँदा यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

नेपाली निबन्ध फाँटमा आर.सी. रिजालको आगमनले नेपाली साहित्य लाभान्वित भएको छ, तर पनि उनले नेपाली हास्यव्यङ्ग्य साहित्यको श्रीवृद्धिका लागि के-कस्तो योगदान दिएका छन् भन्ने विषयमा विभिन्न विद्वान्‌हरूबाट टिप्पणीपरक चर्चा भए पनि यसको ठोस, व्यापक र गहन अध्ययन भएको छैन भन्ने कुरा उपर्युक्त पूर्वकार्यको समीक्षाबाट स्पष्ट भइसकेको छ । अतः यसरी गहन अध्ययन हुन नसकेको अवस्था, विधा

सिद्धान्त र अन्य सान्दर्भिक दृष्टिकोणबाट हास्य-व्यङ्ग्यकारिताको अध्ययन गरी रिजालको निबन्धकारितालाई चिनाउनु पनि यसको औचित्य हो ।

## १.८ शोधकर्ताको सीमाङ्कन

निबन्ध विधा सिद्धान्तले प्रस्तुत गरेका मान्यता र अन्य सान्दर्भिक दृष्टिकोणका आधारमा आर.सी. रिजालका हास्य-व्यङ्ग्यात्मक निबन्ध कृतिहरूको अध्ययन गरिएको छ । निबन्ध विधातत्त्वका आधारमा गरिने अध्ययन भएकाले प्रस्तुत शोधकार्यमा रिजालका कृतिहरूलाई अन्य आधारमा अध्ययन र मूल्याङ्कन नगर्नु यसको सीमा हो ।

## १.९ शोधविधि

यस शोधकार्यमा शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र सङ्कलित सामग्रीको विश्लेषण गरी हास्य-व्यङ्ग्यकारिता अध्ययनका लागि समीक्षात्मक, विवेचनात्मक र विश्लेषणात्मक दृष्टिकोण अवलम्बन गरिएको छ ।

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको आवश्यक सामग्री सङ्कलनका लागि शोधनायकसँगको प्रत्यक्ष कुराकानीलाई प्रमुख सामग्री सङ्कलनका रूपमा लिइएको छ भने पुस्तकालयीय पद्धतिलाई आधार बनाई स्रष्टा तथा विद्वान्हरूसँगको सम्पर्क, संवाद छलफल र परामर्शलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ ।

### १.९.२ अध्ययन तथा विश्लेषण विधि

यस शोधकार्यमा आवश्यकताअनुसार आगमनात्मक र निगमनात्मक विधिका साथै व्याख्यात्मक र विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

शोधकार्यको आन्तरिक संरचनालाई सुसङ्गठित र व्यवस्थित रूप दिनका लागि प्रस्तुत शोधकार्यलाई निम्नानुसार पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र सैद्धान्तिक ढाँचा र शोधकार्यको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद दुई : आधुनिक हास्यव्यङ्ग्य निबन्धको विकासक्रम र यसको सैद्धान्तिक आधार**

यस परिच्छेदमा निबन्धको परिचय, हास्यव्यङ्ग्य निबन्धको सैद्धान्तिक स्वरूपको अध्ययन, हास्य र व्यङ्ग्य, हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय र पाश्चात्य चिन्तन, हास्य उत्पत्तिको कारण र हास्यका भेदहरू, व्यङ्ग्यसम्बन्धी पूर्वीय चिन्तन, ध्वनिवादका सन्दर्भमा व्यङ्ग्यको पहिचान, पाश्चात्य चिन्तनमा हास्यव्यङ्ग्य स्वरूपको परिचय, नेपाली साहित्यमा प्रचलित हास्यव्यङ्ग्य स्वरूपको परिचय, नेपाली साहित्यमा हास्यव्यङ्ग्यको पृष्ठभूमि र विकास जस्ता उपशीर्षकहरू रहेका छन् ।

**परिच्छेद तीन : आर.सी. रिजालका निबन्धमा व्यङ्ग्यात्मकता**

यस परिच्छेदमा रिजालका निबन्ध सङ्ग्रहहरूमा हास्यव्यङ्ग्यको प्रयोगको अध्ययन गरिएको छ जसमा राजनीतिक व्यङ्ग्य, धार्मिक व्यङ्ग्य, सामाजिक व्यङ्ग्य, साहित्यिक व्यङ्ग्य, सांस्कृतिक व्यङ्ग्य, आर्थिक व्यङ्ग्य, साहित्यिक व्यङ्ग्य, भाषिक व्यङ्ग्य र पात्रिक व्यङ्ग्यजस्ता प्रकृतिको चर्चा गरिएको छ ।

**परिच्छेद चार : आर.सी. रिजालका हास्यव्यङ्ग्य कृतिहहरूको अध्ययन**

यस परिच्छेदमा **कुकुरको पुच्छर, कण्ठ लगाौटी, हाकिमको खप्पर, भोलारामको आत्मा,** र **फू फू फू** निबन्धसङ्ग्रहहरूको हास्य-व्यङ्ग्यात्मक दृष्टिले अध्ययन गर्नका लागि अनेक उपशीर्षकहरू निर्माण गरिएको छ ।

**परिच्छेद पाँच : आर.सी. रिजालको हास्यव्यङ्ग्यात्मक योगदान र उपसंहार**

यस परिच्छेदमा रिजालले हास्यव्यङ्ग्यात्मक क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा र समग्र परिच्छेदहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्त्यमा सन्दर्भ ग्रन्थ खण्डअन्तर्गत सन्दर्भसामग्रीहरूलाई वर्णानुक्रम मिलाएर प्रस्तुत गरिएको छ भने परिशिष्ट खण्डअन्तर्गत शोधनायक आर.सी. रिजालसँग गरिएका प्रश्न-प्रतिप्रश्नहरू प्रस्तुत गरिएको छ । यसरी आन्तरिक र बाह्य संरचना तथा आदि, मध्य र अन्त्य भागमा विभाजन गरी साङ्गोपाङ्ग रूपमा यो शोधपत्र तयार पारिएको छ ।

# परिच्छेद : दुई

# आधुनिक हास्यव्यङ्ग्य निबन्धको विकासक्रम र यसको सैद्धान्तिक आधार

एघारौं शताब्दीमा नेपाली भाषाको आरम्भ भएपछि विभिन्न कालखण्डमा यस भाषामा अभिलेख, ताम्रपत्र, शिलापत्र, ज्योतिषशास्त्र, नीतिशास्त्र र गद्याख्यान एवम् प्रबन्धात्मक कृतिहरू देखापर्दछन् । ऐतिहासिक स्रोत खोज्दै जाँदा नेपाली निबन्धको प्रारम्भ विन्दु पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) मा फेलापर्दछ (श्रेष्ठ र शर्मा, २०५६ : १२२) । यसमा पनि आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धको विकासक्रमलाई अध्ययन विश्लेषण गर्नका लागि पूर्व आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्यको उठानलाई हेर्न आवश्यक भएकाले आधुनिक नेपाली हास्यव्यङ्ग्यको विकासप्रक्रियाभन्दा अघि नेपाली निबन्धको विकासमा हास्यव्यङ्ग्य पृष्ठभूमिका बारेमा व्याख्या गर्नु उपयुक्त देखिन्छ ।

## २.१ नेपाली हास्यव्यङ्ग्य निबन्धको पृष्ठभूमि

नेपाली साहित्यमा हास्य-व्यङ्ग्यको समृद्धि र विकास चिताएजस्तो गरी उल्लेखनीय र उपलब्धिपूर्ण भइनसकेको जस्तो लाग्न सक्दछ तर यसको इतिहास छोटो नरही नेपाली साहित्यको इतिहास जत्तिकै पुरानो एवम् लामो रहेको देखिन्छ । सुवानन्द दासको **पृथ्वी नारायण** (१८३२) अहिलेसम्मकै प्राप्त जेठो कविताका रूपमा स्विकार गरिन्छ । यसै कविताबाट नेपाली साहित्यमा हास्यव्यङ्ग्यको प्रयोग भएको झलक पाउन सकिन्छ । साथै शक्तिवल्लभ अर्याल, राधावल्लभ अर्याल, गुमानी पन्त लगायतका कविहरूले तत्कालीन युद्धका बेला युद्धका सेरोफेरोमा रहेर लेखेका कवितामा पनि व्यङ्ग्यात्मक प्रस्तुति भेटिन्छ । **तनहूँ भकुण्डो, साँढ्याको कवित्त, धन्य गोर्खाली राजा** जस्ता कविताहरूलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ (प्रधान, २०६६ : ३७१) तर नेपाली साहित्यमा समालोचक एवम् हास्य-व्यङ्ग्यकारहरूले नेपाली साहित्यमा **हास्यकदम्ब** (१८५५) नाटकको अनुवादसँगै हास्य-व्यङ्ग्यलेखन आरम्भ भएको बताएका छन् (प्रधान, २०६४ : ५) । शक्तिवल्लभ अर्यालद्वारा संस्कृतमा लिखित एवम् उनैद्वारा नेपालीमा अनुवादित हास्यव्यङ्ग्य नाटक **हास्यकदम्ब**सँगै भित्रिएको हास्य-व्यङ्ग्य धारा क्रमिक रूपमा अघि बढेको छ ।

## २.२ आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धको विकास प्रक्रिया

कुनै पनि साहित्यविधाको काल वा चरण विभाजन गर्नु अति जटिल कार्य हो । काल वा चरणमा विभाजन गरिने विद्याको विगत एवम् वर्तमानकै सम्पूर्ण स्रष्टाहरूको कृति र तिनको प्रवृत्तिको राम्ररी विश्लेषण गरिसकेपछि मात्र त्यस विधाको काल वा चरण विभाजन गर्न सकिन्छ । कृष्णचन्द्रसिंह प्रधानले कुनै विधाविशेषलाई अलगै नराखी नेपाली हास्यव्यङ्ग्य साहित्यको विकासक्रमलाई तीन कालखण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ, भनी उल्लेख गरेका छन् (सिंह, २०५४ : ६) ।

(क) प्रारम्भिक काल (वि.सं. १८०१-१९३९)

(ख) माध्यामिक काल (वि.सं.(१९४०-१९७६) र

(ग) आधुनिक काल (वि.सं. १९७७ देखि हालसम्म)

प्रमोद प्रधानले नेपाली हास्यव्यङ्ग्य निबन्धको काल एवम् चरण विभाजनलाई विश्लेषण गर्दा नेपाली हास्यव्यङ्ग्य निबन्धका विकासलाई निम्न काल खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ भनी उल्लेख गरेका छन् (प्रधान, २०६६ : ३७३१) ।

(क) प्रारम्भिक वा पहिलो चरण (१९९०भन्दा अघि)

(ख) विकासशील वा दोस्रो चरण (वि.सं. १९८१ देखि २०१६) र

(ग) आधुनिक काल (२०१७ देखि हालसम्म)

उर्पयुक्त चिन्तकहरूको नेपाली हास्यव्यङ्ग्य साहित्य र नेपाली हास्यव्यङ्ग्य निबन्धको काल एवम् चरण विभाजनलाई विश्लेषण गर्दा नेपाली हास्यव्यङ्ग्य निबन्धका काल एवम् चरणहरूलाई निम्न ढङ्गले निर्धारण गर्न सकिन्छ -

(१) पूर्वआधुनिक काल (शुरुदेखि १९९४ सम्म) र

(२) आधुनिक काल (१९९५ देखि हालसम्म)

प्रस्तुत सन्दर्भमा पूर्वआधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धलाई पहिलो उप-चरण ( १९९५-२००६) दोस्रो उप-चरण (२००७-२०१६), तेस्रो उप-चरण (२०१७-२००६) र चौथो उप-चरण (२०३६ देखि हालसम्म) गरी वर्गीकरण गर्न सकिन्छ । आधुनिक नेपाली

हास्यव्यङ्ग्य निबन्धको पहिलो उप-चरणदेखि तेस्रो उप-चरणसम्मका हास्यव्यङ्ग्य निबन्धलाई पूर्वार्द्ध (१९९५-२०१६) र चौथो उप-चरणलाई उत्तरार्द्ध (२०१७-२०३५) गरी दुई खण्डमा वर्गीकरण गर्न सकिन्छ ।

### २.२.१ **पहिलो उप-चरण** (१९९५-२००६)

आधुनिक हास्यव्यङ्ग्य निबन्धको सूत्रपात गर्ने लक्ष्मीप्रसाद देवकोटाको 'भलादमी' निबन्ध **शारदा** पत्रिकामा नै १९९५ सालमा प्रकाशित हुन पुग्दछ । यसबाट लक्ष्मीप्रसाद देवकोटा आधुनिक हास्यव्यङ्ग्य निबन्धका प्रणेताका रूपमा स्थापित हुन पुगेको मान्न सकिन्छ । त्यसपछि कृष्णप्रसाद चापागाईं 'हजाम दाइ' (१९९८) र 'खँदाल बाजे' (२०००), लक्ष्मीप्रसाद देवकोटा 'हाइ ! हाइ ! अङ्ग्रेजी' (१९९९) र 'कविराजको च्याङ्ग्रे खच्चर' ( २००२) हृदयचन्द्रसिंह प्रधानको 'जुँगा' (२००४) र नारायणप्रसाद भट्टराईको 'हावाबाजी' ( २००४) र अच्छा राई 'रसिक' को 'वसुदैव कुटुम्बकम्' जस्ता हास्यव्यङ्ग्य निबन्धहरू सार्वजनिक भएका छन् । यस उप-चरणमा लक्ष्मीप्रसाद देवकोटाको **लक्ष्मी निबन्धसङ्ग्रह** ( २००२) हृदयचन्द्रसिंह प्रधानको **भूस्वर्ग** (२००३), **तीस रूपियाँ नोट** (२००४) र वासुदेव शर्मा लुइटेलको **भूत छैन** (२००६) पुस्तकाकार कृतिहरू पनि प्रकाशित भएका छन् र यिनलाई हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहका रूपमा लिइन्छ (राई, ? : १२२) ।

### २.२.२ **दोस्रो उप-चरण** (२००७-२०१६)

२००७ सालपछि प्रजातान्त्रिक वातावरणले लेखन र प्रकाशनका निम्ति अनुकूल परिस्थिति निर्माण हुन गयो । पत्र-पत्रिकाहरूमा हास्यव्यङ्ग्य स्तम्भहरूको व्यवस्था हुन थाले । तीमध्ये हालखबरमा 'हाँस्नु हुन्छ भने' नयाँ समाजमा 'बाउठे बाजेको चिठी' **नेपाल समाचार**मा 'यो हो उपत्यका' र **गोरखापत्र**मा 'जुँगे दाइको चिठी' र 'व्यङ्ग्य विनोद' **साप्ताहिक समाचार**मा 'तितोमिठो', **समीक्षामा** 'फर्रोटर्रो' जस्ता स्तम्भहरूमार्फत् हास्यव्यङ्ग्यमूलक निबन्ध रचनाहरूको प्रकाशन भएको देखिन्छ । कृतिगत रूपमा हृदयचन्द्रसिंह प्रधानका **जुँगा** (२००९), **कुरा साँचो हो** (२०११) र **अफसोस** (२००९) लीलाध्वज थापाको **दाह्री** (२००९) श्यामप्रसाद शर्माको **तँ, तिमी, तपाईँ, हजुर** (२०१४) र भीमनिधि तिवारीको **पन्ध्र प्रबन्ध** (२००८) जस्ता निबन्धसङ्ग्रहहरू हास्यव्यङ्ग्यका प्रधान कृतिहरू हुन् (राई, २०३५ : १२३) ।

### २.२.३. **तेस्रो उप-चरण** (२०१७-२०३५)

आधुनिक हास्यव्यङ्ग्य निबन्धको तेस्रो उप-चरण प्रवेश गराउने र यस चरणलाई मलजल गरेर आजको स्थितिसम्म पुराउन केशवराज पिंडालीको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । यस चरणमा सङ्ख्यात्मकभन्दा गुणात्मक हिसाबले हास्यव्यङ्ग्य निबन्धकृतिहरू लेखिएका र प्रकाशित भएका छन् । यस उप-चरणका उल्लेखनीय हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहहरूमध्ये केशवराज पिँडालीको **फेरि उल्टै मिल्यो** (२०३२) भैरव अर्यालको **काउकुती** (२०१९), **जयभुँडी** (२०२०), **गलबन्दी** (२०३६), **इतिश्री** (२०२८) र **दश अवतार** (२०३३), श्रीधर खनालका **नमरी संसार देखिन्न** (२०२०) **उल्ली बिल्ली** (२०३०) विष्णु नवीनको **श्रीमतीसँग एक दिन** (२०२२) र **छातीमा नअटेका कुरा** (२०२९) आदि विशेष छन् । यस उप-चरणका हास्यव्यङ्ग्य निबन्धहरूको विषयगत आयतन असाध्यै व्यापक रहेको देखिन्छ ।

### २.२.४. **चौथो उप-चरण (२०३६ देखि यता)**

आधुनिक नेपाली हास्यव्यङ्ग्य निबन्धको चौथो उप-चरणका आरम्भमा नेपाली हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालको **देहावसान** (२०३३) र २०३६ सालको जनआन्दोलन मुख्य आधार बनेका छन् । यस चरणमा विशेषतः उल्लेखनीय हास्यव्यङ्ग्य निबन्धकार र तिनका निबन्धकृतिहरू केशवराज पिंडालीको **व्यङ्ग्यै व्यङ्ग्य** (२०४६) र **प्रसन्न हुनुहोस्** (२०५२), लक्ष्मीप्रसाद देवकोटाको **दाडिमको रुखनेर** (प्रका. २०३९), वासुदेव लुइँटेलका .......**बाट** (२०४३) ....**बाटको बाँकी** (२०४६), **काकाका कुरा** (२०४६), **व्यक्तिगत चिठी** (२०५२), **सोहोर साहर** (२०५६) र **पुछारको पातो** (२०६१) रामकुमार पाण्डेका **सिङ् न पुच्छर** (२०३६), **रसरङ** (२०४२), **ताल बेताल** (२०४९) र **१०१ हास्यव्यङ्ग्य** (२०५१) आदि मुख्य छन् । आधुनिक नेपाली हास्यव्यङ्ग्यको चौथो उप-चरण वर्तमानको चरण हो । भैरव अर्यालको मृत्युपछि करिब दुई दशकसम्म रिक्तताको अनुभवपछि सुरुवात भएको यस चरणका निबन्धकारहरूको प्रमुख व्यङ्ग्य थलो राजनीति रहेको छ ।

यस्तै हास्यव्यङ्ग्य निबन्धकार आर.सी. रिजालले पनि राजनीतिक, सामाजिक, आर्थिक विसङ्गतिलाई औँल्याएर मानवीय विश्वासमा सङ्कट, अन्तर्कलह, स्वार्थ र खुट्टो तान्ने

प्रवृत्ति, बेरोजगारी, भ्रष्टाचारी, अनैतिकता आदिलाई समेटेर आफ्ना निबन्धमा व्यङ्ग्य प्रस्तुत गरेका छन् र यिनलाई यसै चरणअन्तर्गत राखेर अध्ययन गर्नुपर्छ ।

## २.३ हास्यव्यङ्ग्यको सैद्धान्तिक आधार

### पृष्ठभूमि

अनुभूति र अनुभवद्वारा मानिस सम्बोधित भएपछि उसले लेख्य भाषाको माध्यमबाट साहित्यको सृजना गर्दछ । ज्ञान र अनुभूति मानिसले समाजबाट प्राप्त गर्दछ र उसले सृजना गरेको साहित्यसामग्री समाजलाई नै प्रदान गर्दछ । यसरी लिनु र दिनु नै कलाकर्म हो । समाजबाट लिएर समाजलाई नै दिनु यो एक प्रक्रिया हो । सामान्यतया एउटी आमा प्रसव हुँदा एकपटक पीडानुभूति गर्छिन् तर साहित्यकारले साहित्य सृजना गर्दा पीडा र आनन्द दुवैको अनुभूति सँगसँगै गरिरहेको हुन्छ । भनिन्छ, मानवीय संवेदनालाई भाषाको माध्यमबाट सौन्दर्यपूर्ण ढङ्गले अभिव्यक्ति दिन सक्ने कलाकारको नाम कवि तथा साहित्यकार हो । मानवेतर प्राणी पनि संवेदनहीन हुँदैनन्, तर संवेदनालाई मूर्तरूपमा अभिव्यक्ति गर्ने माध्यम भाषा उनीहरूसँग छैन त्यसैले उनीहरूको संवेदनात्मक अभिव्यक्ति सीमित हाउभाउ र सीमित ध्वनिका माध्यमबाट प्रकट हुन्छ । मानिस भने चेतनाका कारण विकसित माध्यमबाट अनुभूति र संवेदनालाई बोलेर, लेखेर उत्तिकै सघन रूपमा प्रकट गर्न सक्छ । यसरी प्रकट हुने अनुभूति र संवेदनजन्य अभिव्यक्ति नै साहित्य हो ।

भाषामा साहित्य शब्दको व्युत्पति दुई किसिमले गरिएको छ । पहिलो दृष्टि अनुसार शब्दार्थसहित भाव साहित्य हो भने दोस्रो दृष्टिमा हितेनसहित भाव साहित्य हो । पहिलो अर्थले साहित्यमा शब्दार्थको सुमधुर सामञ्जस्यलाई जोड दिन्छ भने दोस्रो अर्थले श्रेय साथै प्रेम मार्गप्रति जोड दिन्छ । फेरि पहिलो अर्थले साहित्यको कलात्मक रचनाप्रति सङ्केत गरेको छ भने दोस्रोले उद्देश्यप्रति इङ्गित गरेका छन् । अरस्तुका विचारमा भाषाको माध्यमद्वारा प्रकृतिको कलात्मक अनुकरण नै काव्य तथा साहित्य हो भन्ने रस्किनका अनुसार उत्तम भावका लागि उत्तम आधारको कल्पनाद्वारा गरिएको अभिव्यक्ति नै साहित्य हो । मानव जीवन मानिसले सोचेजस्तो सरल र सरस छैन, मानिस प्रकृतिको एक अनुपम उपहार भए पनि उसको जीवन दुरुह र अत्यन्त कष्टकर पनि छ, जीवनका आरोह,

अवरोहहरू घटना-दुर्घटना, सङ्गति र विसङ्गतिहरू नै साहित्यका विषयवस्तु बन्ने गरेका छन् ।

साहित्यमा आफ्ना अनुभव, अनुभूति र भाव प्रकट गर्ने विविध शैलीहरू छन् । स्रष्टाले आफ्नो रुचि क्षमता र अभ्यस्तताका आधारमा शैलीको छनोट गर्दछ । कोही पद्यलाई अपनाउँछन् भने कोही गद्यमा नै रमाउने गर्दछन् । कोही छन्दमा बग्दछन् भने कोही विनाछन्द पोखिन्छन् । यसरी साहित्यका विभिन्न विधाहरू मौलाएका छन् । साहित्यलाई अध्ययन र ग्रहण गर्नेहरू पनि आफ्नो रुचिअनुरूप छनौट गर्दछन् । विभिन्न विधा तथा शाखाहरूमा छरिएर रचना सिर्जना हुने समुच्च्य रूप साहित्य हो । साहित्यमा प्रयुक्त विविध शैलीहरूमध्ये हास्यव्यङ्ग्य शोधको केन्द्रविन्दु भएको हुँदा त्यसैतर्फ उन्मुख हुनु उपयुक्त हुन्छ ।

### २.३.१ हास्यव्यङ्ग्य : एउटा विशिष्ट शैली

गद्य होस् वा पद्य, साहित्य सिर्जनामा रचनाकारले अभिव्यक्तिका विभिन्न तरिका अँगालेको हुन्छ । अभिव्यक्तिका यी कला हरेक स्रष्टामा अलग-अलग हुन्छन् । रचनाको संरचना, प्रस्तुति आदिमा अन्तर्निहित अभिव्यक्तिका यी तरिकाहरूलाई नै शैली भनिन्छ । रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबोधक शब्दको समुच्च्य हुन्छ र भाषा एवम् विषयका दृष्टिले विचलन हुन्छ । अभिव्यक्ति वा शैली सामान्य नभएर विशिष्ट हुन्छ, यसमा सामान्य वा मानक भाषा र विषयको अतिक्रमणद्वारा विचलन गरिएको हुन्छ, शैली रचनाकारको रचना प्रकार वा अभिव्यक्ति हो र यो एकभन्दा बढी भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्च्य हो (शर्मा, २०४८ : ३१) ।

अभिव्यक्तिका प्रकारको कुरा गर्दा गद्य, पद्य अथवा कविता, नाटक, उपन्यास, निबन्धजस्ता विधागत स्वरूपहरूको स्मरण हुन सक्छ तर यो स्वरूप माध्यम मात्रै हो । शैली भनेको भाषिक विचलन होइन अनि स्वरूप मात्र पनि शैली हुन सक्दैन । अन्तर्वस्तुविहीन स्वरूपको कल्पना गर्न नसकेजस्तै भाषिक सङ्गतिबिनाको प्रस्तुतीकरण एउटा शैली त बन्न सक्ला तर त्यो सौन्दर्यबोधक समुच्चय बन्न किन सक्दैन भने सिर्जनात्मक सौन्दर्यको अवबोधन विसङ्गतिपूर्ण भाषिक प्रस्तुतिमा सम्भव छैन ।

विचलनलाई व्यञ्जन मान्ने हो भने पनि अर्थ-सङ्गतिको अभावमा त्यसले भाव सम्प्रेषण गर्न सक्दैन तर अन्तर्वस्तुको रूपगत अभिव्यञ्जना भने विविधतापूर्ण नै हुन्छ । त्यही विविधता व्यक्ति वा लेखकमार्फत् प्रकट हुँदा विशिष्ट शैली निर्माण हुन पुग्दछ । विसङ्गतिमा सङ्गति खोज्ने र सङ्गतिमा विसङ्गति केलाउने क्रममा नै कला-साहित्यका विविध रूप विविध रूपात्मक शैली र स्वरूपहरू निर्माण भएका हुन्छन् । अभिव्यक्तिका अनेक विधा, उपविधा र शैली प्रवृत्तिहरू मानकहरू युगीन चेतनाका आँगनमा नै रहिआएका छन् । यति बेला हामी बीसौं शताब्दी नाघेर अघि बढिसकेको परिप्रेक्ष्यमा विधा र शैलीसम्बन्धी मान्यतामा पनि परिर्वतन आइरहेको छ । सङ्गतिपूर्ण परिर्वतन र असङ्गतिपूर्ण परिर्वतन दुवै देखापरेका छन् । सङ्गतिपूर्ण परिर्वतनमा देखापरेका रूपहरू जनशैली र जनबोलीका मानक भाषिकामा भएका अभिव्यक्तिहरू हुन् भने विसङ्गतिपूर्ण परिर्वतनका क्रममा देखापरेका शैलीहरू विषयवस्तुको स्पष्टता, विनिर्माण, विखण्डन, अर्थहीनता, विषयहीनता, रूपहीनता, दुर्वोध्यता आदिमा उपलब्ध छन् ।

हास्यव्यङ्ग्य शैली कुनै एउटा साहित्यक सृजनाका रूपमा टाँसिएर होइन विधा उपविधामा अन्तर्निहीत भएर प्रयोग भइआएको छ । गद्य र पद्य दुवै क्षेत्रमा मात्र होइन कथा, कविता, काव्य, महाकाव्य, निबन्ध, उपन्यास सबै बिधामा व्याप्त छ । कुनै लेखकविशेषको पहिचान त यसले दिन्छ नै यसभन्दा बढ्ता उपर्युक्त विधाका अतिरिक्त पनि गम्भीर राजनैतिक, सामाजिक र सामयिक चिन्तनका लेखनमा समेत व्यङ्ग्य शैलीको प्रयोग भएको पाइन्छ । यसैगरी व्यङ्ग्यमा शालीन सीमाभन्दा बाहिर गएर लेख्ने लेखकहरू पनि देखिएका छन् तर तिनीहरूलाई आक्षेप आदि संज्ञाले सम्बोधन गरिन्छ ।

व्यङ्ग्य विसङ्गतिको परिणाम हो । जीवन बाँच्ने परिधि र शैलीभित्र देखिने विकृतिमा हास्य निहीत हुन्छ भने विसङ्गतिमा व्यङ्ग्य निहीत हुन्छ । हास्य विकृतिमूलक तत्त्वबाट सृजना हुने एउटा परिणति हो । त्यसै विकृतिका कारणले हास्यमा केही विभेदात्मक अवस्थाको निर्माण भइदिन्छ । यद्यपि हास्यव्यङग्य प्रस्तुतीकरणको एउटा पक्ष हो र शिल्प मात्र हो । हास्यव्यङग्य स्वतन्त्र विधाका रूपमा मान्य छैन । संस्कृत र युरोपेली साहित्यमा पनि व्यङ्ग्यलाई हास्यकै अङ्ग मान्ने गरिएको छ । यो कुनै स्वतन्त्र सत्ता भएको स्वयम्‌मा परिपूर्ण विषय होइन । त्यस विषयलाई प्रस्तुत गर्ने एउटा पारा वा ढाँचा मात्र हो । हास्य नवरस मध्येको एक हो । यो कविता, नाटक, कथा जस्तो स्वतन्त्र विधा कहाँ हो र ? कुनै

विधाको ओत लागेर मात्र हास्यव्यङग्यको प्रस्तुति सम्भव छ, आफै विधा भएर होइन । कुनै विधाको साथ नलागी हास्यव्यङग्य अवतरित हुनै सक्दैन त्यसैले यिनीहरू हास्यव्यङग्य अभिव्यक्तिका शैली हुन् (प्रधान : २०३५, ६६) । विधा त साहित्यको अङ्ग हो । हास्यव्यङ्ग्यलाई विधा हैन शैली भन्न उपयुक्त हन्छ । हास्यव्यङग्य अभिव्यक्तिको एउटा पद्धति हो, यसलाई प्राचीनकालमा मानिएको थियो । हास्य नगरेर पनि व्यङ्ग्य हुन्छ तर हास्यमा व्यङ्ग्य प्रयुक्त भयो भने सर्वस्वीकृत विधामा अभिव्यक्ति हुने यो शैली भावप्रकाशनको एउटा पद्धति बन्छ ।

हास्यव्यङ्ग्यलाई शैली मान्ने कि विधा भन्ने सन्र्दभमा नेपालका वरिष्ठ लेखक तथा साहित्यकारहरूबीच केही अन्योल र केही भ्रम आज पनि रहिआएको छ । त्यही अन्योल र भ्रमका कारण बोल्दाभन्दा लेख्दा विद्वान्जनहरूसमेत हास्यव्यङ्ग्यलाई विधाका रूपमा उल्लेख गर्ने गर्दछन् । यो अझै पनि स्पष्ट दिशा निर्धारण भई नसकेको परिणति हो । यद्यपि यस सम्बन्धमा गम्भीर विचारहरू पनि प्रकट नभएका भने होइनन् । हरेक विधामा समाविष्ट भइरहेको वा हुन सक्ने हास्यव्यङ्ग्य आफैमा विधा होइन शैली हो (भट्टराई : २०५४, २२) । नौ वटा रसमध्ये एउटा रसको रूपमा स्वीकृत, स्थापित हास्यव्यङ्ग्यलाई विधा भन्ने हो भने करुणा रसमा व्यक्त भएका सिर्जनालाई करुणा विधा, रौद्ररसमा व्यक्त भएका रचनालाई रौद्रविधा र अन्य रसमा व्यक्त भएका रचनालाई पनि अन्यान्य विधा भन्नुपर्ने र मान्नुपर्ने हुन्छ । यदि यसो भयो भने साहित्यको विधागत वर्गीकरणको स्वरूपमा नै नयाँ खाले उल्झन, अस्पष्टता र नचाहिँदा अन्यौलहरू आउने हुन्छन् । त्यसकारण पनि हास्यव्यङग्यलाई विधाका रूपमा वर्गीकरण गर्नु उचित छैन । यो छुट्टै विधा नभएर सबै विधामा प्रयुक्त हुने एक किसिमको विशिष्ट शैली हो ।

हास्यव्यङ्ग्यलाई विधाको पगरी गुथाउनु भनेको साहित्यको विधागत मान्यताबारे अनभिज्ञता र अज्ञानता प्रकट गर्नु हो । यो विधा होइन बरु सबै विधामा व्यक्तिले प्रयोग गर्ने एक किसिमको मनमोहक प्रवृत्ति हो । यदि कसैले विधालाई शैली र शैलीलाई विधाका रूपमा लिँदै व्याख्या गर्दछ भने यसलाई व्याख्या होइन अव्यवस्था मान्नु पर्दछ । सम्पूर्ण साहित्यिक विधाहरूमा हास्यव्यङग्यको अन्तर्विधात्मक उपस्थिति हुन सक्छ । त्यहाँ यो विषयवस्तुलाई अभिव्यक्ति दिने उत्तम शैलीगत प्रवृत्ति रूपमा आलोकित हुन्छ (भट्टराई, २०४४ : १२) । कला साहित्यका माध्यमबाट आनन्द र उत्प्रेरणाको काउकुती लगाएर

मान्छेको मनलाई झन्का दिँदै विकृतिबोध गराउने व्यङग्य शैलीलाई हास्यव्यङग्य विधा भन्नेहरू पनि छन् तर हास्यव्यङ्ग्यभाव प्रस्तुतीकरणको एउटा मिठो शैली हो, निजात्मक अनुभूति वा वस्तुगत प्रस्तुति जे भए पनि यसको चिनारी गद्य वा पद्य दुवैमा शैलीका रूपमा रहेको छ ।

यस अध्ययनबाट के निचोडमा पुग्न सकिन्छ भने हास्यव्यङ्ग्य स्वयम् विधा नभएर भाव र अभिव्यक्तिको एउटा मनोरम शैली हो । यसको उपस्थिति वा प्रयोग अन्तर्विधात्मक छ । हास्यव्यङ्ग्य भाव प्रस्तुतीकरणको मीठो तरिका हो र निजात्मक अनुभूति वा वस्तुगत प्रस्तुति जे भए पनि यसको चिनारी गद्य वा पद्य दुवैमा शैलीको रूपमा रहेको छ । यसलाई विधाको नाममा उल्लेख गर्नु वा विधा भनेर सम्बोधन गर्नुले विधा र शैली बीचको अन्तर एवम् रूप र अन्तर्वस्तु बीचको भिन्नताबारे अन्यौल सृजना गर्छ । यर्थाथमा हास्यव्यङग्य विधा नभएर साहित्यको एउटा विशिष्ट शैली हो र मानकका रूपमा स्थापित विभिन्न विधामा यसको उपस्थिति हुने हुँदा अन्तर्विधात्मक भएरै यसले आफ्नो विशिष्ट अस्तित्व कायम गरेको छ ।

### २.३.२ **परिभाषामा हास्यव्यङ्ग्य**

हाँसो मानिसको खुसी रमाइलो अनुभूति हुँदा शारीरिक आवश्यक एवम् खास गरी अनुहारमा देखिने भाव विस्फोटक क्रियात्मक रूप हो । यसलाई मानिसको जन्मजात र प्राकृतिक गुणविशेष पनि मानिँदै आएको छ (प्रधान, २०३५ : २१) । यो एक प्रकारको मानवीय संवेगको प्रकटीकरण हो । सुखद अनुभूतिको प्रकटीकरण हाँसो वा हँसाइबाट हुन्छ । मानिसबाहेक अरू प्राणीमा खुसी अभिव्यक्त गर्ने यस किसिमको क्रियात्मक रूप देखिन्छ । त्यसकारण हाँसो विशुद्ध मानवीय गुण हो, मानिस जीवनभर हाँस्न चाहन्छ ।

हाँसोबिनाको जीवन एकदमै निरर्थक, निस्सार र निरस मानिन्छ । हास्यबिनाको जीवन जीवन नै होइन । हाँसो मानव जीवनको प्राकृतिक गुण हो त्यसैले जीवनमा हास्यलाई एक जीवनशक्ति, जीवनरसको परियोजक, दुःख-सुखलाई सहजता साथ झेल्ने क्षमता आदिका रूपमा हेरिन्छ (चतुर्वेदी, सन् १९६३ : २१) । धनन्जय, विश्वनाथ आदि साहित्यशास्त्रीहरूले भने विकृति, आकार, बोली-वचन, भेषभूषा, चेष्टा आदिद्वारा हास्यरसको अविर्भाव हुन जान्छ, भनेका छन् (भट्टराई, २०४४ : १६) । उन्मुख हाँसोले मानसिक

तनावलाई नष्ट गर्दछ, रिस मर्दछ, डर हराउँदछ र चित्त प्रसन्न हुन्छ । तनावयुक्त भएपछि मानिसको सिर्जनाशक्ति बढ्छ । यसरी जीवनको सार्थकतालाई स्वीकारिएको मानिसको शारीरिक र मनोगत क्रियासँग सम्बन्धित छ र हाँसो वा हँसाइमा स्थायी भाव रहने र हँस्यौली-ठट्यौलीको क्रीडा-विनोदको अनुभवलाई पनि समेट्ने आनन्दमय सचेतता हास्यव्यङ्ग्यमा रहेको हुन्छ (त्रिपाठी, २०५१ : २३) ।

पूर्वीय साहित्यशास्त्रले हास्यलाई तीन भागमा बाँडेको पाइन्छ । (१) उत्तम हास्य, (२) मध्यम हास्य र (३) अघम हास्य । यी प्रत्येकका दुई धारा रहेका छन् स्मित र हसित । वास्तवमा अकस्मात् प्रकट हुने, घत परेर निस्कने र कुतकुतिएर हँसाउने गरी तीन किसिमबाट हाँसोको जन्म हुन्छ । मान्छे आनन्द वा हर्षका बेलामा हाँस्दा रागमूलक हाँसो हाँस्दछ भने कसैप्रति वा कोहीप्रति उपेक्षा प्रकट गरेर हाँस्दा द्वेषभावबाट प्रेरित भई हाँस्दछ । राग प्रवृत्ति हो र द्वेष विकृति हो । त्यसैले रागोत्पन्न हास्यमा जुन शुद्धता पाइन्छ त्यो द्वेषोत्पन्न हास्यमा पाइँदैन । वास्तवमा रागविहीन व्यक्ति आह्लदक र आह्लादित दुवै हुन सक्दैन । त्यसैले राग र रञ्जन वा आह्लाद अन्योन्याश्रित छन् । विशुद्ध हास्यको उपादेयता वस्तुतः मनोरञ्जन वा मानसिक तनावबाट मुक्ति हो तसर्थ यसको उत्पतिको श्रोत र सम्प्रेषणको लक्ष्य पनि राग नै हो (अर्याल, २०३३ : २२) ।

हास्यसँग व्यङ्ग्य शब्द एकाकार भई हास्यव्यङ्ग्य शब्दको व्युत्पत्ति भएको छ । यद्यपि हास्यव्यङ्ग्य भन्ने संयुक्त वा समस्त शब्द प्रयोग चाहिँ शास्त्रीय स्तरमा संस्कृत परम्परामा स्थापित भएको भेटिएको छैन । हास्यको अलग्गै अर्थबोध र व्यङ्ग्यको अलग्गै अर्थबोध हुने गर्दछ । पाश्चात्य साहित्यको विकासक्रममा त्यहाँ प्रचलित हास्य र व्यङ्ग्यसम्बन्धी अनेक थरी परम्परा र प्रयोगसँग सम्बन्धित विभिन्न संज्ञाकै समष्टि रूपान्तरका रूपमा हास्यव्यङ्ग्य शब्द नेपाली साहित्य जगत्मा चलेको र स्थापित हुन पुगेको हो (त्रिपाठी, २०५१ : २४) । यसै सन्दर्भमा वरिष्ठ भारतीय व्यङ्ग्यकार तथा समीक्षक वरसानेलाल चतुर्वेदीको मत अलि भिन्न छ । हास्यको उद्देश्य विशुद्ध मनोरञ्जन गर्नु हो, जब कि व्यङ्ग्यको उद्देश्य हाँसोद्वारा दण्ड दिनु हो । हास्यमा भाव प्रमुख हुन्छ भने व्यङ्ग्यमा वृद्धितत्त्व प्रधान बनेको हुन्छ र व्यङ्ग्यकारले विद्रोहलाई वाणी दिन्छ भन्ने तर्क चतुर्वेदीको छ (चतुर्वेदी, सन् १९९३ : ५७) ।

### २.३.३ हास्यव्यङ्ग्यसम्बन्धी पूर्वीय मान्यता

हास्यलाई रसराजाका रूपमा स्थापित गर्ने प्रयास नरसिंह चिन्तामणि केलकरले गरेका हुन् । यस कुराको उल्लेख केलकरको पुस्तक **सुभाशित अविवाणी विनोद**मा गरिएको छ । यसैलाई आधार मानी सन् १९१५-१६ मा वनारसबाट प्रकाशित हुने गरी **प्रचारिणी** पत्रिकामा *हास्यरस* शीर्षकमा एक लेखमाला प्रकाशन गरियो जसमा हास्यरसलाई रसराज सिद्ध गरिएको थियो (चतुर्वेदी, सन् १९६३ : ३१) ।

पूर्वीय साहित्यमा प्राचीनदेखि नै हास्यलाई नवरसमध्येको एउटा महत्त्वपूर्ण रसका रूपमा व्याख्या गरिएको छ । मान्छेका सबलताहरूले मान्छेकै दुर्बलताहरूलाई र मान्छेका सामान्य प्रवृत्तिहरूले उसकै दुष्प्रवृत्तिहरूलाई गिज्याइनुबाट पनि एउटा बेग्लै स्वादको रस चुहिन्छ जसलाई शास्त्रीहरूले हास्यरस भनी नवरसको पङ्क्तिमा राखेका छन् (अर्याल, २०५५ : ख २) ।

पूर्वीय मान्यताअनुरूप हास्य र व्यङ्ग्यलाई अलग-अलग रूपमा लिइन्थ्यो । सामान्य दृष्टिले हेर्दा हास्यव्यङ्ग्य मठ्याहा भाइजस्ता लाग्दछन् । दुवैको क्रियाकलाप, गुण, विषेशतामा समानता छैन । यस भिन्नताले हास्यअन्र्तगतको विभेदलाई देखाउँछ तर जातीय भिन्नतालाई नै होइन, यसकारण दुई शब्द समानधर्मी र समानार्थी हुन् (प्रधान, २०४४ : १५) । भरतले शृङ्गारबाट यसको उत्पति भएको हो, यो शृङ्गारको अनुकृति हो, भनेका छन् ।

यसप्रकार रजोगुणको अभाव र सत्वगुणको अभिर्भावले अथवा सबै किसिमका रसाभाषबाट हास्य जन्मन्छ भन्ने आचार्यहरूको मत छ । वास्तवमा प्राचीनकालदेखि नै जीवनमा हास्यरसले महत्त्वपूर्ण स्थान ओगटेको छ । यसले सर्वसाधारणलाईं आर्कषित गर्दै सबैको प्रेम र श्रद्धा पाएको छ । सुखी जीवनको निर्माण हेतु रसाइ-बसाइ, मनोविनोद र आनन्द प्रदान गर्ने हास्य नै एउटा निर्विवाद सत्य हो र यो सबै वादविवाद र प्रतिवादबाट मुक्त छ (प्रधान, २०४४ : १६-१८) ।

साहित्यशास्त्रमा स्वीकृत नौरसहरूका आ-आफ्नै स्थायी भाव रहेका हुन्छन् । विभाव, अनुभाव र व्यभिचारी भावहरू पनि फरक-फरक हुन्छन् । विरोधी वा अविरोधी भावले हानी नगरी पुष्ट हुने, चित्तमा वासनाका रूपमा हुने काव्य नाटकादिमा आद्यन्त रहिरहने प्रधान

भाव जो विभावद्वारा सम्बन्धित भएर रस रूपमा परिणत हुन सक्छ, त्यो स्थायी भाव हो (शर्मा, २०४८ : ४-७) । हास्यरसको स्थायी भाव हाँसो हो । यही हाँसो स्थायी भावको विकसित स्वरूप नै हास्यरसका रूपमा निष्पन्न हुन्छ (भट्टराई, २०४४ : १२) ।

पूर्वीय साहित्य सिद्धान्तका रूपमा स्थापित ध्वनिवादले काव्यमा व्यङ्ग्यलाई प्रमुख तत्त्वका रूपमा स्विकारेको पाइन्छ । ध्वनिवादका प्रवर्तक आनन्दवर्द्धनले आफ्नो कृति **ध्वन्यालोक काव्य**मा रहने व्यङ्ग्यार्थलाई नै काव्यको आत्मा र लक्षणा, शब्दशक्तिलाई नै काव्यको शब्दार्थबोध गराउने मूलवृत्ति मानेका छन् । यसैले आनन्दवर्द्धनले व्यञ्जनावृत्तिको स्थापनाद्वारा ध्वनिविरोधी विविध मतलाई खण्डन गर्दै आफ्नो ध्वनिवादी मान्यतालाई स्थापित गरेका छन् (भट्टराई, २०४४ : ११५) । उनी र उनका अनुयायीहरूका दृष्टिमा ध्वनिको मूल आधार व्यञ्जनावृत्ति हो । यसै वृत्तिले गर्दा काव्य वा साहित्यमा व्यङ्ग्यार्थ, प्रतीमानार्थ, ध्वन्यार्थलाई नै काव्यको मूलात्मा घोषित गर्दै यसलाई पूर्वीय काव्यशास्त्रीहरूले अत्यन्त सशक्त साहित्य सिद्धान्तका रूपमा स्थापना गरेको पाइन्छ । ध्वनिवादको मूल आधार व्यञ्जनाशक्ति हो र व्यञ्जनावृत्तिद्वारा प्रकट हुने अर्थलाई ध्वनि भनिन्छ अर्थात् ध्वनि भनेकै व्यञ्जनामा शक्तिद्वारा व्यञ्जित हुने व्यङ्य अर्थ हो (भट्टराई, २०४४ : ११६) । पूर्वीय काव्यशास्त्रीहरूले व्यञ्जनालाई अनियन्त्रित शब्दशक्ति मानेका छन् । यसले व्यापक अर्थलाई प्रकट गर्ने सामर्थ्य राख्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । व्यञ्जना प्रकट गर्ने शब्दलाई व्यञ्जक र व्यञ्जनाबाट प्रकट हुने अर्थलाई व्यङ्ग्यार्थ भनिन्छ (भट्टराई, २०४४ : ११८) ।

व्यङ्ग्यार्थ साहित्यका पददेखि लिएर प्रबन्धसम्म व्याप्त रहन्छ भन्ने मान्यतालाई ध्वनिवादीहरूले सोदाहरण प्रस्तुत गरेका छन् तसर्थ व्यङ्य शब्द र वाक्यमा मात्र होइन सिङ्गो साहित्यकृतिमा नै रहन सक्छ । त्यसै हुनाले ध्वनिवादी आचार्य आनन्दवर्द्धनले काव्यको वर्गीकरणका क्रममा व्यङ्ग्यार्थप्रधान ध्वनि काव्यलाई उत्तम, वाच्यार्थप्रधान व्यङ्ग्यार्थ कम भएको गुणीभूत काव्यलाई मध्यम र व्यङ्ग्यार्थरहित चित्रकाव्यलाई अधम काव्यका रूपमा विभाजित गरेका छन् (भट्टराई, २०४४ : १२४) । मूलतः ध्वनि भन्नु नै प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो । ध्वनिका सन्दर्भमा नै पूवीर्य व्यङ्ग्यको टक प्रस्तुत भएको छ । यस प्रसङ्गमा भावगत व्यङ्ग्यार्थद्वारा नै काव्य वा साहित्यमा स्रष्टाले बाह्य सौन्दर्यका साथै अन्तर्निगुण भाव सौन्दर्यलाई अभिव्यक्ति गरेको हुन्छ । अतः व्यङ्ग्यको मूल तात्पर्य शब्दार्थमा प्राकृतिक सौन्दर्यका साथै विशिष्ट काव्यरचनाको सौन्दर्य पनि हो अर्थात् बाह्य

सौन्दर्यद्वारा प्रस्फुटन हुने चमत्कारपूर्ण विशिष्टता व्यङ्ग्य हो वा व्यङ्ग्यार्थ हो (भट्टराई, २०४४ : ११५) । यसरी पूर्वीय साहित्यशास्त्रमा हास्यलाई हास्यरस र व्यङ्ग्यलाई व्यञ्जना शब्दशक्तिका रूपमा व्याख्या र विश्लेषण गर्दै हास्यव्यङ्ग्यको परिभाषा गरिएको छ ।

### २.३.४ हास्यव्यङ्ग्यसम्बन्धी पाश्चात्य मान्यता

जसरी पूर्वीय साहित्यशास्त्रले हास्यव्यङ्ग्यसम्बन्धी विवेचना गरेको छ त्यसैगरी पाश्चात्य विद्वान्हरूले पनि हास्य र हास्यव्यङ्ग्यका बारेमा अध्ययन विवेचना गरी आदिकालदेखि नै आफ्ना विचार र मान्यता राख्दै आएका छन् । पश्चिममा हास्यसम्बन्धी चिन्तनपरम्पराको प्रारम्भ ग्रीसका कालचिन्तक अरस्तुदेखि भएको देखिन्छ । अरस्तुले प्रतिपादन गरेको लघुतासम्बन्धी सिद्धान्तको प्रभावबाट प्रभावित हुँदै अङ्ग्रेजी दार्शनिक हब्सले **लेवियाथान** ग्रन्थमार्फत् उत्कर्ष सिद्धान्तको प्रतिपादन गरे । हब्सका विचारमा हास्य भनेको गौरवको अनुभूतिद्वारा उद्भूत प्रसन्नताको प्रकाशन हो (चतुर्वेदी, सन् १९६३ : ५६) । अरूको मूर्खतालाई देखेर आफूलाई गर्वको अनुभव हुँदा हामीमा प्रसन्नताको भाव जागृत हुन्छ र त्यस गर्वद्वारा उत्पन्न प्रसन्नतालाई हामी हास्यका माध्यमद्वारा प्रकट गर्दछौँ (भट्टराई, २०४४ : २६) । जर्मनका दार्शनिक कान्टको विचारमा अपेक्षित कल्पना अचानक रूपमा अस्तित्वशील हुन पुग्दा उत्पन्न हुने मनोविकारजन्य क्रिया नै हास्य हो । उनी विषयगत विकृतिलाई नै हास्यको जनक मान्दछन् ।

हास्यसम्बन्धी पाश्चात्य विद्वान्हरूका विविध विचारहरूलाई सारसङ्ग्रह गरी भारतीय व्यङ्ग्यकार तथा समीक्षक डा. बारसानेलाल चतुर्वेदीले हास्य अभिव्यक्तिका (१) शारीरिक, (२) मानसिक, (३) घटना वा कार्यकलाप, (४) रहनसहन र (५) विशिष्ट शब्दावाली गरी प्रमुख पाँच आधारहरू सूत्रबद्ध गरेका छन् । यी आधारहरूबारे उनले विस्तारपूर्वक विवेचना पनि गरेका छन् (चतुर्वेदी, सन् १९६३ : ६१) ।

अरस्तुपछिका हास्यचिन्तकहरूमध्ये कतिपय विद्वान्हरू हास्यस्रष्टाका कृति विश्लेषणका सन्दर्भतर्फ अभिमुख बनेका छन् भने कतिपय विद्वान्हरू मनोवैज्ञानिक दृष्टिकोणले हास्यको सृष्टि कसरी हुन्छ भन्नेतर्फ मनोविज्ञानका क्षेत्रबाट अध्ययनमा संलग्न बनेका छन् । यसैगरी कतिपय पाश्चात्य साहित्यचिन्तकहरू शरीर विज्ञानसँग हास्यको सम्बन्ध पहिल्याउने उद्देश्यले पनि हास्यविषयक अध्ययनमा अभिप्रेरित भएको देखिन्छ ।

यसरी पश्चिममा हास्यसम्बन्धी चिन्तनका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विद्वान्हरूमा अरस्तु, हब्स, स्पेन्स, वर्गशा, ह्याजलिट, कान्ट, फ्रायड, म्याङ्गल आदि पर्दछन् (भट्टराई, २०४४ : २५) ।

कुनै पनि वस्तुमा पाइने लघुता वा हीनतालाई देखेर स्वभावतः मान्छेको मनमा आनन्ददायी नयाँ वृत्ति उत्पन्न हुन्छ र त्यो वृत्तिद्वारा हास्यको अर्भिभाव हुन पुग्दछ । अनेक वस्तुहरूको कुनै विभाजित सम्बन्ध देखिएमा बुझिने लघुता वा हीनतासँग यसको सोझो सम्बन्ध रहन्छ । यही अवधारणा लघुतादर्शनका रूपमा स्थापित छ । प्राचीन ग्रीसका प्रसिद्ध चिन्तक अरस्तु यस सिद्धान्तका प्रतिपादक हुन् । अरस्तुका दृष्टिमा हास्यास्पद व्यक्तिमा दृष्टान्त होइन कुरूपता, दोष वा भद्दापन हुन्छ र यसले मान्छेका हीनता, लघुता प्रदर्शित गरिरहेको हुन्छ । यही लघुता वा हीनतायुक्त पात्र उपहाश्य बन्दछ र हास्यको अवलम्वन हुन जान्छ । यो प्राचीन सिद्धान्तको मूलमर्म चाहिँ हास्यको आलम्बन रहेको पात्रविशेषको क्षुद्र मनोवृत्ति तथा कुरूप वा विकलाङ्ग प्रदर्शन हो ।

व्यङ्ग्यका सन्दर्भमा पनि पाश्चात्य मान्यताहरू निसृत र विकसित हुँदै आएका छन् । यहाँ व्यङ्ग्यसम्बन्धी केही विद्वान्हरूका केही विचारहरूको पनि अध्ययन गर्न उपयुक्त हुन्छ :

व्यङ्ग्यले के चेतावनी दिन्छ भने मानव त्यस्तो अद्‌भूत जनावर हो जसमा मूर्खतापूर्ण कार्य गर्ने असीमित क्षमता छ । यदि व्यङ्ग्यद्वारा यस सत्यको स्पष्ट अभिव्यक्ति भएका खण्डमा त्यो पर्याप्त हुनेछ । मनुष्यको गौरवको वर्णन गर्नु कठिन कार्य हो (चतुर्वेदी, सन् १९६३ : १०) । त्यसैगरी व्यङ्ग्य एक प्रकारको ऐना हो जसमा हेर्नेले आफ्नो अनुहारबाहेक अरू साराको अनुहार देख्दछ । त्यसैले गर्दा विश्वमा व्यङ्ग्यको स्वागत गरिन्छ र अति अल्पसङ्ख्यक मानिसले मात्र यसद्वारा आफूलाई पीडित तुल्याएको अनुभव गर्दछ ( भट्टराई, २०४४ : ५६) ।

व्यङ्ग्यमा आलम्बनको विकृति रूपको हाँसो उडाइन्छ, अथवा त्यहीसरहको कुनै हास्यपद वा सामाजिक तत्त्वसँग त्यसलाई वचनवद्धताका सहायताले उपहास गरिन्छ भन्दै पाट्सका विचारलाई चतुर्वेदीले उद्धरण गरेका छन् (चतुर्वेदी, सन् १९६३ : १०) । व्यङ्ग्यकार

केवल सत्यको प्रतिष्ठामा मात्र जोड दिँदैन परन्तु वाग्वैदग्ध्यका सहायताले पापको घैंटो फोर्दछ र ढोंगको पर्दाफास गर्दछ (चतुर्वेदी, सन् १९६३ : पृ १०) ।

हास्यास्पद वस्तु वा व्यक्तिको दर्शन, आनन्द वा प्रसन्नताको अनुभूति तथा यसैको सेरोफेरोमा हास्य उत्पत्तिसम्बन्धी चिन्तनका क्रममा हरेक सिद्धान्तहरूको प्रतिपादन समेत भएको छ । यही हास्यले व्यङ्ग्यका स्तरमा उक्लिएपछि यसले यथार्थलाई पक्रेर आनन्द दिन्छ । यसै आधारमा पूर्वीय र पाश्चात्य विद्वान् एवम् विश्लेषकहरूका यी अभिव्यक्तिहरूको सारसङ्ग्रह गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ । हास्यव्यङ्ग्य भनेको पापको घैँटो फोर्ने र ढोँगको पर्दाफास गर्ने अभिव्यक्तिको एउटा सशक्त कला हो । यसले विषयवस्तुका रूपमा अनेकानेक विसङ्गतिका घटना-परिघटनाहरूलाई सफलतापूर्वक चित्रण मात्रै गर्दैन, त्यसलाई उच्छेद गर्न, विनष्ट गर्न अभिप्रेरित पनि गर्दछ ।

### २.३.५ हास्य र व्यङ्ग्यको समानता र भिन्नता एवम् संयुक्त रूप

हास्यव्यङ्ग्यको सैद्धान्तिक अवधारणासम्बन्धी अध्ययन र विवेचना गर्दा पाश्तात्य एवम् पूर्वीय मान्यताअनुरूप हास्य र व्यङ्ग्यबीचका केही खास अन्तरहरू पनि फेला पर्दछन् । पहिले ती अन्तरहरू बारे सङ्क्षेपमा चर्चा गर्नु सान्दर्भिक हुने देखिन्छ । हास्य र व्यङ्ग्यको अन्तरलाई स्पष्ट पार्दै के भनिएको छ भने हाम्रा मनमा अरूका उपेक्षा आफ्नो श्रेष्ठताप्रति ध्यान जान्छ र यसप्रकारको क्षणिक अहङ्कारबाट हास्य उत्पन्न हुन्छ (चतुर्वेदी, सन् १९६३ : १२) । यस भनाइबाट मान्छे आत्मरतिप्रिय प्राणी हो र उस्ले अरूको कमजोरी र आफ्ना उच्चतालाई बढी प्राथमिकता दिन्छ । व्यङ्ग्यकार पनि नैतिकताको दावेदार हुनका कारणले प्रत्येक असामाजिक तत्त्वलाई घृणाका दृष्टिले हेर्दछ र आफूमा श्रेष्ठताको अनुभव गर्दछ । यी दुवैमा समानताहरू भए पनि यी दुवैलाई हेर्ने दृष्टिकोणमा मूलभूत भिन्नता पाइन्छ ।

हास्यको उद्देश्य विशुद्ध मनोरञ्जन गर्नु हो भने व्यङ्ग्यको उद्देश्य चाहिँ सुधार गर्नु हो । व्यङ्ग्यकारले हरेक प्रकारका विकृतिलाई गम्भीरतापूर्वक र धेरै निर्ममतापूर्वक तिनको पर्दाफास गर्दछ र समाजले समेत त्यस्ता व्यक्तिहरूको भर्त्सना गरोस् भन्ने अपेक्षा राख्दछ तर हास्यकार त्यस विकृतिको वर्णन गरेर सन्तोष लिन्छ । हास्यस्रष्टाले आफ्नो आलम्बनको हाँसो सहानुभूतिपूर्ण ढङ्गले उडाउँछ तर व्यङ्ग्यकारले हाँसोद्वारा उसलाई दण्ड दिने

मनसुवा रोखको हुन्छ । हास्यमा भावतत्त्व प्रमुख हुन्छ भने व्यङ्ग्यमा बृद्धितत्त्व प्रमुख हुन्छ । हास्यस्रष्टा असङ्गतिको चित्रणमा रस लिन्छ भने व्यङ्ग्यकार विद्रोहलाई वाणी दिन्छ । हास्यस्रष्टा असामाजिक तत्त्वलाई नैतिक दृष्टिले हेर्दैन त्यसैले उसको नैतिक पक्षसँग सरोकार रहँदैन । ऊ केवल सामाजिक विकृतिप्रति हाँसेर हिँडिदिन्छ तर व्यङ्ग्यकार तबसम्म सन्तोषको सास फेर्दैन जबसम्म विकृति वा विसङ्गतिमा शुद्धता या सङ्गतिको स्थापना हुँदैन । अनि त्यस्तो विकृति वा विसङ्गति ल्याउनेलाई दण्ड दिइँदैन । आलोचनाको प्रवृत्ति तीव्र हुँदा हास्यव्यङ्ग्यको क्षेत्रमा प्रवेश गर्दछ । व्यङ्ग्यमा आलोचनाको प्रवृत्ति तीव्र हुँदा हास्यको क्षेत्रमा प्रवेश गर्दछ ।

माथिका समीक्षाबाट हास्य र व्यङ्ग्यको समानता केमा रहन्छ भने दुवै विसङ्गतिप्रति हाँस्छन् र विसङ्गतिप्रति असहमत रहन्छन् तर भिन्नता चाँहि के हो भने हास्यकार हाँसेर विश्राम लिन्छ तर व्यङ्ग्यकार चाहिँ हाँस्ने कारणहरूको निराकरणको पनि अन्वेषण गर्न चाहन्छ अर्थात् हास्यकार तटस्थ रहन्छ भने व्यङ्ग्यकार सहमति वा असहमतिको पक्ष प्रकट गर्दछ ।

हास्य र व्यङ्ग्यको अन्तरका सम्बन्धमा नेपाली साहित्यका समीक्षक एवम् समालोचकहरूले पनि आ-आफ्ना मत तथा विचारहरू प्रकट गरेका छन् । अवश्यै हास्य र व्यङ्ग्य शब्दमा छुट्टा-छुट्टै निजी अर्थ छन् र साहित्यिक सन्दर्भमा पनि यिनको स्वतन्त्र निजत्व देखिन्छ । विशुद्ध हास्यको महत्त्व अवश्यै छ, शरीरदेखि मनसम्म कुत्कुत्याउने निर्दोष मनोरञ्जन (तनावमुक्त) यसको प्राप्ति हो, भनिन्छ । यो रूप कतिपय मरिहास र चुट्किला आदिका माध्यमबाट स्वतन्त्र ढङ्गले प्रकटिएको छ तर त्यहाँ व्यङ्ग्य (सामान्य र विशिष्ट दुवै अर्थ) को न्यूनतम अभाव छैन भन्न नसकिएला । त्यस्तै व्यङ्ग्य (छेड) पनि स्वतन्त्र हुन खोज्ला तर यो हास्यबाट पुरै पृथक् शायद हुन नसक्ला । यसर्थ व्यङ्ग्य एक प्रकारको घोचपेच, छेडछाड हो भने मानवीय विकृति र भनाइको विकृतिबाट हाँसो पैदा गर्न सकिन्छ । प्रारम्भिक समयमा सामान्य हास्यको रूपमा प्रस्फुटित भएको हास्यव्यङ्ग्य साहित्यले वर्तमान समयमा आइपुग्दा प्रयोजनमूलक प्रतिक्रियासमेत प्राप्त गरेको छ । हास्य अभिधा अर्थमा स्मित हो भने व्यञ्जना अर्थमा उपहार र परिहाससम्म पनि हो । साथै हास्य स्मित नरहेर उपहास वा व्यङ्ग्यका कोटीमा पुगेको देखिन्छ । हास्य र व्यङ्ग्य शब्दको मेलबाट तयार भएको हास्यव्यङेग्य शब्दले साहित्यमा हास्यमिश्रित व्यङ्ग्यको प्रस्तुतीकरण

गर्छ भन्ने जनाउँछ । सृष्टिको आदिकालदेखि क्रमिक रूपमा विकास हुँदै आएको हास्यव्यङ्ग्यात्मक साहित्यले वर्तमान अवस्थासम्म आइपुग्दा धेरै सफलता प्राप्त गरिसकेको देखिन्छ भने अझै बढी विस्तारका पूर्व लक्षणहरू देखा परेका छन् । हो प्राधान्यताका दृष्टिले चाँहि हास्य पुनः अन्तर्निहीत व्यङ्ग्य वा व्यङ्ग्य पुनः अन्तर्निहित हास्यको आलेपन भएको विकास सम्भाव्य देखिन्छ तर फेरि प्रश्न उठी नै हाल्छ, हास्यव्यङ्ग्यको संयुक्त शक्ति जति होला त्यति सायद हास्य र व्यङ्ग्य एक्ला-एक्लैमा नहोला ।

नेपाली समालोचक एवम् व्यङ्ग्यकार मोहनराज शर्माले हास्य र व्यङ्ग्यमा खास भेदकर्ता के छ भने हास्य भनेको मानवीय विकृतिबाट हाँसो उमार्नु हो र व्यङ्ग्य भनेको मानवीय दुर्बलताको लेख्नु (खोइरो) काट्नु हो । यसै सन्दर्भमा अर्का समालोचक कृष्णचन्द्रसिंह प्रधानले हास्यले व्यङ्ग्य बोकेको हुनसक्छ, यस्तै हास्यभित्र व्यङ्ग्य हुन्छ चाहे हल्का किसिमको होसर वा गहिरो, तर जुन विपरीतताको लाक्षणिक स्थिति छ यसलाई नकारेर हास्य जीवित रहन सक्दैन । यसकारण हास्य भन्नासाथ व्यङ्ग्यलाई पनि भनिएको ठानिदिनाले हास्य र व्यङ्ग्यबारे स्पष्ट विभाजन नभएर होइन, सहोदर हुनाले हो । हास्यबिना व्यङ्ग्यको महत्त्व घट्दैन बरु व्यङ्ग्यबिना हास्यको व्यवहार नचल्ने भएको तथ्य नेपालीहरूमा पाइन्छ (प्रधान, २०३५ : ३०) । यस भनाइअनुसार जुनसुकै पनि हास्यमा व्यङ्ग्यको मात्रा केही न केही मात्रामा रहेको हुन्छ त्यसैले हास्य र व्यङ्ग्य सहोदर भन्न खोजिएको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

अङ्ग्रेजी नाटककार वनार्ड शाद्वारा अभिव्यक्त विचारहरूले पनि यी दुईको अन्तरलाई प्रकट गरेका छन् । विश्वको कल्याण त्यही व्यङ्ग्यकारमा निर्भर हुन्छ जसले दोषलाई सहज भावमा नलिई त्यसलाई पुनः उत्साहित हुन नसक्ने गरी समाप्त पार्ने किसिमले हाँसो उठाउँछ । व्यङ्ग्यकारको हास्य कठोर हन्छ, त्यसमा सरलता हुँदैन ।

कमेडी (हास्य) ले जीवन तथा मानव प्रवृत्तिलाई सद्भावना तथा सहानुभूतिका साथै ग्रहण गर्दछ र कहिलेकाहीँ त्यसमा क्षोभको भाव पनि देखा पर्छ तापनि सदैव दृष्टिकोण उदार एवम् प्रेमपूर्ण रहन्छ भन्द्र पाङ्सले उल्लेख गरेको कुरा पढ्न पाइन्छ (भट्टराई, २०४४ : १५५) भने व्यङ्ग्यले विकृतिलाई नकार्दैन परन्तु त्यसलाई विध्वंश गरेरै छोड्छ त्यसैले व्यङ्ग्यकार असामाजिक तत्त्वप्रति सहानुभूतिको भावना राख्छन् भने त्यसको उद्देश्य किमार्थपूर्ण हुन सक्दैन पनि भनिएको छ (भट्टराई, २०४४ : १५५) । व्यङ्ग्यमा क्रूरता बढी

हुन्छ र यसमा हास्यको मात्रा कम हुन्छ । असामाजिक तत्त्वको खिल्ली उडाउनु व्यङ्ग्यको मूलधर्म हो र यसको चोट विकृतिकेन्द्री हुन्छ । व्यङ्ग्यकार भावप्रधान हुँदा हास्यका क्षेत्रमा र हास्यकारमा आलोचना प्रवृत्ति तीव्र हुँदा व्यङ्ग्यका क्षेत्रमा पुग्दछ । व्यङ्ग्यकार नैतिकताको ठेकेदार भएकाले समाजका फोहर-मैलाको सरसफाइ गर्दछ र उसको काम सामाजिक विकृतिबाट उत्पन्न फोहोर मैलालाई सफाइ गर्नुहुन्छ ।

यसरी पूर्व तथा पश्चिमका विद्वान्हरूका उल्लिखित कथनहरूले के देखाउँछन् भने हास्य र व्यङ्ग्यका बीच प्रशस्त अन्तर र सामिप्यताका स्थितिहरू छन् । हास्य र व्यङ्ग्य पृथक्-पृथक् हुन् र यो पार्थक्य यी दुईका बीचमा रहने प्रयोजनको अन्तरले नै हुन गएको हो भन्ने धारणा रहेको पाइन्छ । हास्य विशुद्ध मनोरञ्जन गराएर मानवलाई सारा तनाबबाट मुक्त बनाउने उद्देश्यले अघि बढ्छ भने व्यङ्ग्य विसङ्गतिको बोध गराएर मानवलाई सङ्गति व सुधारका निमित्त अप्रत्यक्ष व्यञ्जना प्रस्तुत गर्दै टुङ्गिन्छ ।

व्यङ्ग्यसम्बन्धी पूर्वीय तथा पाश्चात्य दृष्टिकोण एवम् नेपाली साहित्यका समीक्षकहरूको हास्यसम्बन्धी माथि उल्लिखित चिन्तन-मन्थनबाट व्यङ्ग्यसम्बन्धी खास तात्पर्यहरू देखापर्न सक्दछन् । पाश्चात्य साहित्यचिन्तकहरूले व्यङ्ग्यका परिभाषाहरू हास्य र व्यङ्ग्यका बीच देखाइएका अन्तरहरूको विवेचनाबाट व्यङ्ग्य हास्यकै एक विशिष्ट भेदका रूपमा विकशित भएको हो भन्ने सिद्ध गर्न खोजेका छन् । खास गरी हास्य प्रयोजनमूलक, बौद्धिक, कटु र आक्रमक बन्न पुग्दा व्यङ्ग्य भएर देखापर्दछ । हास्य विकृतिजन्य हुन्छ भने व्यङ्ग्य विसङ्गतिजन्य हुन्छ । हास्यबाट कामद भावना मात्र जन्मन्छ । हास्यको मूल उद्देश्य विशुद्ध मनोरञ्जन, मानवीय विसङ्गतिको उछितो पार्दै समाजको सुधार गर्नु हो । यसका निम्ति कठोर भए पनि व्यङ्ग्य स्वयम्मा सामर्थ्यशाली छ भन्ने दृष्टिकोण देखापर्दछ (भट्टराई, २०४४ : १३५-१३६) ।

यस विश्लेषणबाट के निष्कर्षमा पुग्न सकिन्छ भने रूपगत वा शैलीगत विशेषतामा आधारित हास्य र व्यङ्ग्यलाई संयुक्त स्वरूपमा हेरी दुवैको संयुक्त रूपमार्फत् साहित्यमा समाविष्ट गर्ने हो भने प्रभावपूर्ण हास्यव्यङ्ग्य रचनाको सृजना गर्न सकिन्छ । यता नेपाली हास्यव्यङ्ग्यकारहरूले यो अन्तर्वस्तु बुझेर वा नबुझेरै पनि हास्य र व्यङ्ग्यको संयुक्त स्वरूपलाई अगाडि बढाउने प्रयत्नको थालनी भने गरिसकेका छन् । खास गरी निबन्धमा यसको ज्वलन्त उदाहरण पाइन्छ । भैरव अर्याल यसको पहिलो र सफल अगुवा हुन् ।

## २.३.६ नेपाली साहित्यमा हास्यव्यङ्ग्यको पृष्ठभूमि र विकास

नेपाली साहित्यमा हास्यव्यङ्ग्यको संयुक्त स्वरूपका बारेमा विवाद पाइन्छ । कतिपय समालोचकहरूले हास्यव्यङ्ग्य प्रवृत्ति र प्रयोगका दृष्टिले हास्य र व्यङ्ग्यलाई संयुक्त रूपमा राखेर अध्ययन गर्नुपर्छ भन्ने मत राख्दछन् भने कतिपय समालोचकहरूले छुट्टा-छुट्टै रूपमा अध्ययन गर्नुपर्दछ भन्ने अभिमत राखेका छन् । नेपाली साहित्यको प्रारम्भिक समयदेखि नै हास्यव्यङ्ग्य मानव सभ्यताको पृष्ठभूमिसँग जोडिएको पाइन्छ । नेपाली भाषाले लिखित स्वरूप प्राप्त नगर्दै नेपाली जनजीवनमा प्रचलित उखान-टुक्काले अनौपचारिक रूपमा मान्यता पाए पनि लिखित साहित्यको विकासपछि प्राथमिक समयमा सुवासनन्द दासको **पृथ्वीनारायण** कवितादेखि औपचारिक रूपमा मान्यता पाएको देखिन्छ ।

नेपाली साहित्यको प्रारम्भकालमा सुवासनन्द दासको **पृथ्वीनारायण** कविता तथा शक्तिवल्लभ अर्यालले नेपाली भाषामा अनुवाद गरेको **हास्यकदम्ब** कविता तथा वीरकालीन समयमा अङ्ग्रेजका विरुद्व लेखिएका कविताहरूमा व्यङ्ग्यभाव पाइए तापनि मौलिकताको दृष्टिबाट प्राथमिक कालकै भक्तिधाराअर्न्तगत रामभक्ति धाराका सशक्त कवि भानुभक्त आर्चायको विशेष योगदान रहेको पाइन्छ । हास्यव्यङ्ग्यको उठान र विकासमा सामाजिक विसङ्गति र धार्मिक रुढिवादप्रति प्रहार गर्ने कार्यमा प्राथमिक निर्गुण भक्तिभाराका कवि सन्तदिल दासको पनि विशेष योगदान रहेको पाइन्छ । माध्यामिक कालमा **सुक्ति सिन्धु, मकै पर्व** तथा **शारदा** पत्रिकाको प्रकाशनले व्यङ्ग्य साहित्यलाई थप टेवा दिएको पाइन्छ त्यस्तै २००७ सालमा नेपाली भूमिमा आएको सामाजिक तथा राजनीतिक परिर्वतनपश्चात् देशमा विभिन्न पत्रपत्रिकाहरूको स्थापना तथा प्रजातन्त्रपूर्ण वातावरणमा नागरिक स्वतन्त्रता, वाक्स्वतन्त्रता जस्ता कुराले अझै हास्यव्यङ्ग्यात्मक साहित्यलाई फलाउने, फुलाउने काम गरेको पाइन्छ । नेपाली हास्यव्यङ्ग्यको प्रवृत्ति र प्रयोगलाई हेर्नुका साथै समालोचकहरूका स्विकारोक्तिकै आधारमा के भन्न सकिन्छ भने अन्य विधाका अपेक्षा निबन्ध विधामा हास्यङ्ग्य बढी उर्वर रहेको छ ।

नेपाली साहित्यमा हास्यव्यङ्ग्यात्मक साहित्यले अरू साहित्यिक विधासमक्ष आफूलाई चिनाउँदै समाजका कुरीति, कु-संस्कारहरूलाई विषय प्रस्तुतिका माध्यमबाट व्यङ्ग्य प्रहार गर्दछ । नेपाली साहित्यको पूर्वार्द्धकालीन समयबाट नै छुटपुट रूपमा व्यङ्ग्यसाहित्यले आफ्नो पहिचान राख्दै आए पनि माध्यामिक काल हुँदै आधुनिक कालमा आइपुग्दा **शारदा** लगायत

अन्य पत्रपत्रिकाहरूको प्रकाशनले हास्यव्यङ्ग्यसाहित्यमा थप टेवा पुगेको पाइन्छ । २००७ सालको प्रजातान्त्रिक परिर्वतनपश्चात् नागरिकहरूले वाक्स्वतन्त्रता, लेखन स्वतन्त्रताजस्ता अधिकारहरू राज्यबाट प्राप्त गरेपछि झनै स्वतन्त्र भएर आफ्ना प्रतिभाहरूलाई प्रस्फुटित गराउन थालेपश्चात् नेपाली साहित्यमा नयाँ विधा, नयाँ प्रतिभाद्वारा हास्यव्यङ्ग्यसाहित्य लेखिन पुगको हो । यसै परिप्रेक्षमा हास्यव्यङ्ग्य साहित्यले आफूलाई विकसित गराउँदै लगेको पाइन्छ । हास्यव्यङ्ग्य साहित्यमा १९९१ सालदेखि वर्तमान समयसम्म आइपुग्दा नरेन्द्रमणि, प्रेमराज, वासुदेव लुईंटेल, अच्छा राई 'रसिक', श्यामप्रसाद शर्मा, केशवराज पिँडाली, भैरव अर्याल, रामलाल अधिकारी, रामकुमार पाण्डे, मोहनराज शर्मा,चोलेश्वर शर्मा, राजेन्द्र सुवेदी, भाउपन्थी, खगेन्द्र सङ्ग्रौला, विमला निम्माङ् जस्ता हास्यव्यङ्ग्यकारहरूले टेवा दिँदै हास्यव्यङ्ग्य साहित्यलाई थप उत्कर्षतामा पुऱ्याउने चेष्टा गरेका छन् ।

## २.४. हास्यव्यङ्ग्यका उद्देश्य एवम् तत्त्वहरू

नेपाली साहित्यमा हास्य र व्यङ्ग्यको संयुक्त रूपका बारेमा विवाद पाइन्छ । कतिपय समालोचकहरूको हास्यव्यङ्ग्य प्रवृत्ति र प्रयोगका दृष्टिले हास्य र व्यङ्ग्यलाई संयुक्त रूपमा राखेर अध्ययन गर्नुपर्छ भन्ने मत राख्दछन् भने कतिपय समालोचकहरूले छुट्टाछुट्टै रूपमा अध्ययन गर्नुपर्छ भन्ने अभिमत राखेका छन् । नेपाली साहित्यको प्रारम्भिककालीन समयदेखि नै हास्यव्यङ्ग्य मानवसभ्यताको पृष्ठभूमिमा जोडिएको पाइन्छ । नेपाली भाषाले लिखित रूपमा स्वरूप प्राप्त नगर्दै नेपाली जनजीवनमा प्रचलित उखान-टुक्काले अनौपचारिक रूपमा मान्यता पाए पनि पछि लिखित साहित्यको अनौपचारिक रूपमा मान्यता पाए पनि पछि लिखित साहित्यको विकासपछि प्राथमिककालीन समयमा सुवानन्द दासको **पृथ्वीनारायण** कवितादेखि औपचारिक रूपमा मान्यता पाएको देखिन्छ ।

निबन्ध विधाअन्तर्गत पर्ने हास्यव्यङ्ग्यात्मक निबन्धले पूर्वीय, पाश्चात्य हुँदै नेपाली साहित्यसम्म आइपुग्दा अनेक मोडहरू पारगरेको पाइन्छ । पूर्वीय साहित्यमा ध्वनिगत व्यङ्ग्यका नामले परिचित हास्यव्यङ्ग्यको हसित, अवहसित, विहसित, अपहसित, अतिहसितजस्ता भेदहरू पाइन्छन् । हास्यका तत्वहरू स्मित दशाबाट परिवर्तन हुँदै व्यङ्ग्य स्वरूप लिन पुग्छन् भन्ने मान्यता राख्ने पाश्चात्य साहित्यमा स्मितहास्य, वाग्वैदग्ध्य, व्यङ्ग्य, वक्रोक्ति, विहास, अतिरञ्जना, प्रहसनजस्ता भेदहरू पाइन्छन् । नेपाली साहित्यमा सृष्टिको आदिकालदेखि मानव जिब्रोमा प्रयोग हुने उखान-टुक्काको सहभाव राख्दै आएको

हास्यव्यङ्ग्यले लिखित साहित्यको विकास भएपछि औपचारिक रूपमा मान्यता पाएको देखिन्छ । यसरी पूर्वीय र पाश्चात्य हुँदै नेपाली साहित्यमा मान्यता पाएको हास्यव्यङ्ग्यात्मकताले नेपाली साहित्यको माध्यमिककालीन समय हुँदै आधुनिककालसम्म आइपुग्दा विभिन्न स्रष्टाहरूले यस क्षेत्रमा योगदान दिइएको पाइन्छ ।

२.४.१. **उद्देश्यहरू**

हाँसो तथा व्यङ्ग्य विसङ्गति र विद्रुप स्थितिमाथि सुधारको आग्रह पनि हो अनि मानवीय कमजोरीप्रतिको सहानुभूति हो । हास्य कहिलेकाहीँ उद्देश्यविहीन हुन सक्ला तर व्यङ्ग्य उद्देश्यविहीन हुनै सक्दैन । मन र शरीर स्वस्थ्य बनाउन हाँस्न परेजस्तै समाज स्वस्थ बनाउन वा राख्न व्यङ्ग्यको आवश्यकता हिजो पनि थियो, आज पनि उत्तिकै छ र भोलि पनि अवश्य हुनेछ । समाजमा व्याप्त कुरीति, कुसस्कार, विकृति र विकारलाई उच्छेदन गरी सङ्गति निर्माण गर्नु हास्यव्यङ्ग्यकारको प्रमुख उद्देश्य हो । समाजका व्यक्तिका निजी व्यवहारमा पनि थुप्रै असङ्गत कुरा हुने गर्दछन् । समाजलाई साँच्चिकै समाज र मानिसलाई साँच्चिकै मानिस हुन नदिने ती असङ्गत कुराहरूप्रति हास्यव्यङ्ग्यले तीव्र असहमति जनाउँछ । मिठासपूर्ण र मनोरञ्जनपूर्ण विद्रोहलाई वाणी दिन्छ । यो विद्रोह ध्वंशका लागि होइन निर्माण र सुधारका निमित्त अगाडि बढ्छ । सामाजिक कुरीति, व्यक्तिगत कुरीति, सरकारी कुरीति सबै विरोधाभासलाई परिहासपूर्ण नाश पार्ने मन र मस्तिष्कलाई हास्यले शक्ति प्रधान गरी मनोरञ्जनका साथ जीवन रसिलो हँसिलो रमाइलो पार्ने, मानिसलाई सही मानिस बन्न र सुन्दर समाजको निर्माण गर्न हास्यव्यङ्ग्यले सघाउँछ (पाण्डे, २०५१ : ग) ।

हास्यव्यङ्ग्यको उद्देश्यको रेखाङ्कन गर्दा केही विद्वान्हरूका अभिव्यक्तिको स्मरण गर्नु सान्दर्भिक हुन्छ । व्यङ्ग्य त्यसले मात्र गर्न सक्छ जसको दिमागमा एउटा स्वस्थ समाजको नक्सा हुन्छ भन्दै भारतीय साहित्यकार रामनारायण उपाध्यायले यसको उद्देश्यलाई स्पष्ट पारेका छन् (उपाध्याय, २०५४ : २७) । त्यसैगरी अर्का अङ्ग्रेजी साहित्यकार सदरल्याण्डका भनाइअनुसार व्यङ्ग्यकारको कार्य न्यायाधीशको झैँ न्यायापालन गराउनु हो र शिष्ट समाजका मर्यादाहरूको रक्षा गर्नु हो । यसको कार्य नरनारीहरूलाई नैतिक, बौद्धिक, सामाजिक एवम् अन्य कसौटीहरूमा मथेर खरो उत्रनका निम्ति सचेत पार्नु पनि हो (सदरल्याण्ड, सन् १९६७ : १९९) । त्यसैगरी पाश्चात्य समालोचक मेरिडिथको भनाइलाई

आफ्नो रचनामा उधृत गर्दै भट्टराईले के भनेका छन् भने व्यङ्ग्यकार नैतिकताको ठेकेदार हुन्छ, ऊ समाजको दुर्गन्धयुक्त फोहर सफा गर्ने व्यक्तिका रूपमा रहन्छ । उसको कार्य सामाजिक विकृतिहरूको दुर्गन्धलाई सफा गर्नु नै हुन्छ (भट्टराई, २०४४ : ९३) । नेपाली साहित्यका अध्येता तथा व्यङ्ग्यकार शर्माका अनुसार व्यङ्ग्य कौशलतापूर्वक विशिष्ट ढङ्गमा भरिएका ग्रहणयुक्त यस्तो तीखो कुरा हो, जसमा सुधारका उद्देश्यले मानवीय दुर्बलताको घोर आलोचना गरिएको हुन्छ (शर्मा, २०४८ : ३१) । अर्का समालोचक वासुदेव त्रिपाठीका अनुसार आफ्नो समाजका नाना पक्षका असङ्गति र विडम्वनाको सूक्ष्म र तटस्थ अन्तर्वेक्षण गर्दै सृजनात्मक रूपमा त्यसको रेखाङ्कन गरी समाजलाई आफ्ना सामाजिक असङ्गतिप्रति सचेत हुने र सुध्रने प्रयत्न गर्न उत्प्रेरित तुल्याउने कार्य नै व्यङ्ग्यकारको सामाजिक दायित्वका साथै कलात्मक उत्तरदायित्व पनि हो (त्रिपाठी, २०५१ : ४३) । त्यसै गरी प्रभातका अनुसार व्यङ्ग्यमा नैतिकताको अतिक्रणमा हुन्छ । दया, करुणा र उदारता हुँदैन । मानिसको शारीरिक, चारित्रिक एवम् सामाजिक असम्बद्धता यसले निर्धक्क भएर प्रहार गर्दछ (प्रभात, २०६३ : ७३) ।

यसरी पश्चिम तथा पूर्वका विद्वान्हरूका कथनको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने हास्यव्यङ्ग्यको उद्देश्य समाज र व्यक्तिभित्र रहेका विचलन, विसङ्गति र विकृत स्थितिमाथि मनोरञ्जनात्मक प्रहार गरी सङ्गति र अनुशासन कायम गर्नु हो, समाजमा भएका पिला र घाउ-खटिराहरूलाई निचोरेर सफा गरेर निको पार्ने प्रयत्न गर्नु हो ।

### २.४.२ **हास्यव्यङ्ग्यका तत्त्वहरू**

विगत लामो समयदेखि चर्चा हुँदै आएको हास्यका विविध पक्षका बारेमा विभिन्न धारणाहरू विभिन्न पूर्वीय तथा पाश्चात्य विद्वान्हरूबाट अभिव्यक्त भएका छन् । पूर्वमा **अग्निपुराण**बाट स्थापित भएका चारवटा प्रमुख रसमध्ये श्रृङ्गार रसबाट सृजना भएको हास्यरसपछि व्यञ्जनमूलक अर्थको प्रसङ्ग बहन गर्न थालेपछि प्रयोजनमूलक हाँसो भएर हाँस्यका ठाउँमा व्यङ्ग्यसमेत देखिन थाल्यो । हास्यले आफ्नो सीमा पार गऱ्यो भने त्यो व्यङ्ग्य हुन्छ । आकृतिजन्य कायिक अभिव्यक्ति बोध गराउने शब्द हास्य हो तर व्यङ्ग्यलाई अन्तर्निहित गर्न सक्नु हास्यको क्षमता हो । हास्यरसप्रधान रचनाका लेखकको लक्ष्य मानिसलाई आफ्ना मान्यता राख्दा-राख्दै पनि उसले हास्यलाई असङ्गतिका उपजका रूपमा

लिन्छन् । विसङ्गति विकृति नहुँदो हो त हास्यको सृजना एवम् उद्भव नै हुने थिएन । यसर्थ हास्यको प्रेरकतत्त्व नै विकृति हो भन्ने ठहर गर्न सकिन्छ । समाज वा जीवनमा व्याप्त विभिन्न क्षेत्रका विविध विकृतिहरू नै हास्यका प्रेरकतत्त्वहरू हुन् ।

२.४.२.१ **विसङ्गति**

जे हुनुपर्ने हो र जस्तो भइरहेको छजस्ता प्रश्नका बीच पाइने अन्तर्विरोध नै हास्यव्यङ्ग्यको मूल जरो हो । यथार्थ र आदर्शको बीच उत्पन्न खाडल नै हास्यव्यङ्ग्य सिर्जनाको जग हो । विसङ्गति र विकृति नहुँदो हो त हास्यव्यङ्ग्यको सिर्जना एवम् उद्भव पनि हुने थिएन । विसङ्गतिको बोध गर्न सक्ने लेखकीय तथा पाठकीय संवेदना अन्तर्तत्त्वअन्तर्गत पर्दछ । हुनुपर्ने कुरा भइरहेको छ कि हुन नपर्ने कुरा भइरहेको छ भनेर अन्तर्दृष्टिद्वारा पगाल्न सक्ने क्षमता नभई हास्यव्यङ्ग्य सिर्जना गर्न सकिन्न । यही क्षमता नै विसङ्गतिबोध गर्न सक्ने संवेदना हो । रोग के हो भन्ने कुरा पहिचान नभएसम्म उपचार वा औषधी गर्न सकिँदैन । कुनचाहिँ ठाउँमा च्याङ्-ठ्याङ् मिलेको छैन र कुनचाहिँको प्रस्तुतिले अनावश्यक विचलन ल्याई सामाजिक अग्रगतिको निम्ति अवरोध खडा गरेको छ भन्ने यथेष्ट जानकारी प्राप्त गरेपछि मात्रै तत्स्थानमा वा क्षेत्रमा हाँसोका हलुवासँगै व्यङ्ग्यको विरुवा कोच्न सकिन्छ । अनि लोली मिलाएर हास्यव्यङ्ग्यको गोली पड्काउन सकिन्छ । यस दृष्टिकोणसँग सम्बन्धित कुरा पनि हो र यसले कसमाथि अपार माया समर्पण गर्दै कसमाथि व्यङ्ग्यको तातो भूतभूते खनाउनु पर्ने हो भनेर जाँचबुझ एवम् छानविन गर्छ । यथार्थमा हास्यव्यङ्ग्य विद्यमान विसङ्गतिप्रति अस्वीकृति हो, विरोध हो, विद्रोह हो र असहमति हो । अनाचार, पापाचार, दुरचार, भ्रष्टाचार, व्यभिचार, अनैतिकता, अकर्मण्यता र अमानवीयताका विरोधमा भीषण गोलाबारी गरी अन्तर्ध्वंश मच्चाउँदै आचार, नीति-नियम, अनुशासनपूर्ण जीवनको पक्षमा वकालत गर्ने हास्यव्यङ्ग्यको आवश्यक बाह्य तत्त्व भनेको विसङ्गति नै हो । हास्यव्यङ्ग्यको मुख्य (मूल) जरो विसङ्गत जीवन र मनुष्यको भुलमा हुन्छ । विसङ्गतिको संसार अति सामान्य स्थितिदेखि लिएर गहन, गम्भीर समस्याहरू र मानवीय यन्त्रणाहरूसम्म फैलिएको हुन्छ । औचित्यमाथि अस्तित्वको प्रभाव, समताको भावमा विसमताको विध्नता, सिलसिलामा बेसिलसिलाको प्रवेश, सत्यमा असत्यताको अतिक्रमण आदिले विसङ्गति जन्मन पुग्छ (भट्टराई, २०४४ : ९९) । हास्यव्यङ्ग्यको सर्वप्रथम तत्त्व विसङ्गतिका सम्बन्धमा थोरै अन्तर्दृष्टि दिनु राम्रो हुन्छ ।

जीवनका विविध पाटाहरूमा पाइने विसङ्गतिहरू अर्थात् व्यक्ति, व्यक्तित्व समाज, धर्म, नैतिकता, राष्ट्रिय, अन्तर्राष्ट्रिय राजनिति वा शासन आदिमा पाइने विसङ्गतिहरूलाई व्यङ्ग्यकारले आफ्ना अन्तर्चक्षुले अवलोकन गर्दछ र त्यसलाई सार्वजनिक रूपले उदाङ्ग्याइदिन्छ । यसरी जीवनका विविध रूपमा व्याप्त विसङ्गतिले जब कलाकारको चेतनामा दुन्दुभी बजाउन थाल्छ तब त्यो व्यङ्ग्यका माध्यमले कुशलतापूर्वक विशिष्ट ढङ्गमा साहित्य र कलाका अभिव्यक्ति हुन पुग्दछन् अर्थात् विसङ्गति वा मानवीय दुर्बलताहरूको घोर आलोचना गर्दै सुधारका उद्देश्यहरू समेत राखेर गरिने तीब्र घृणाको कुशलतापूर्ण विशिष्ट साहित्यिक अभिव्यक्तिका रूपमा व्यङ्ग्य देखापर्दछ (भट्टराई, २०४४ : १००) ।

हास्यव्यङ्ग्य निबन्धको मूलतत्त्व भनेको यही विसङ्गति नै हो र यसलाई पनि विभिन्न पक्ष र विषयसँग सम्बन्धित बनाएर लेखकले प्रस्तुत गर्छ, गर्न सक्छ । त्यस्ता विसङ्गतिका पक्षहरूलाई यहाँ प्रस्तुत गर्न सकिन्छ :

**क) सामाजिक विसङ्गति**

सामाजिक जीवनका धेरै कुराहरूमा सङ्गति मिलिरहेको हुन्न । सामाजिक संरचना, त्यहाँ उपस्थित जात-जाति, आचार, व्यवहार, वर्ग-वर्ग बीचको शोषण, उत्पीडन, होची-अर्घेली, उँचनीच, रहन-सहन आदिमा अन्तर्निहीत विसङ्गति नै सामाजिक विसङ्गतिअर्न्तगत पर्दछन् । जातीय विभेद, अन्धविश्वास, कुसंस्कार, महिला र पुरुषबीचको भेद, सम्पन्नता र विपन्नता बीचको भेदले खडा गरेको असङ्गत स्थिति पनि सामाजिक विसङ्गति नै हो । यस किसिमका विसङ्गतिहरूलाई क्रुरता र निर्ममतापूर्वक हास्यव्यङ्ग्यमा उर्तान सकिन्छ ।

**ख) आर्थिक विसङ्गति**

राज्य सञ्चालनको मेरुदण्ड अर्थतन्त्र हो । अर्थतन्त्रको अग्रगति र अधोगतिले दिशा निर्धारण गरिरहेको हुन्छ तर असङ्गति एवम् विकृतिको बलिया जराहरू त्यहाँ पनि पसेका हुन्छन् । अर्थतन्त्रभित्र घुसेको विकृतिले देशको सिङ्गै अर्थतन्त्रलाई धरासायी पार्न सक्छ । यही अर्थतन्त्रसँग सम्बन्धित असङ्गति र अड्मिल्दा पक्षहरूलाई आर्थिक विसङ्गति भन्नु पर्दछ । आर्थिक विषमताले ग्रस्त समाजमा

केही धनी हुन्छन् । यसले आर्थिक व्ययको अभाव, निम्नवर्गका मानिसहरूमाथि उच्चवर्गका मानिसको शोषण-दोहनलाई मलजल तथा टेकोपुडो गरिरहेको हुन्छ । समग्रमा आर्थिक विसङ्गति पनि हास्यव्यङ्ग्यका निम्ति उपर्युक्त खजाना शक्ति हुन्छ र हुँदै आएको पनि छ ।

**ग) मानवीय विसङ्गति**

मानिस सामाजिक प्राणी हो त्यसैले ऊ समाजमा बस्छ । उसका नीति, आचरण, स्वभाव र आनी-बानीमा अन्तर्निहीत असङ्गति र व्यवहारले सामाजिक जीवनलाई समेत असर नपारी छोड्दैन । व्यक्तिभित्रका कमजोरी, दुर्बलता, दोष र अकर्मव्यताहरू वैयक्तिक विसङ्गतिका कोटिमा पर्दछन् । यी कमजोरीहरूले सिङ्गो समाजलाई अधोगतिर्फ धकेलिरहेका हुन्छन् । हास्यव्यङ्ग्यले यस्ता वैयक्तिक विसङ्गतिको पनि खोइरो काट्न हर्दम तत्पर रहन्छ ।

रिजालले आफ्नो समाजमा आफूले भोगेका मध्यम वर्गीय समाजलाई मूल आधार बनाएका छन् । निम्न-मध्यम वर्गीय परिवारका मानवीय विसङ्गति र विकृतिप्रति छेडपेच गर्दछन् । मकवानपुर जिल्लामा केन्द्रित मध्यम वर्ग र सहरिया मध्यम वर्गमा देखिने विसङ्गति र विकृतिप्रति उनको हास्यव्यङ्ग्यले केलाएको छ । उनी स्वयम् मध्यमवित्त परिवारका भोक्ता हुन् । यिनै मध्यम वर्गीय परिवारका अवस्थाका कारण उत्पन्न कुरीति, विकृति र मूल्य-मान्यताहरू साथै आफ्नो समाजमा विभिन्न प्रलोभनका कारण मानव जीवनका उताड-चढाव, आफ्नो समाज, आफ्नो वर्गका जीवनको साझा बिहानहरू यिनका निबन्धहरूमा व्यक्त भएका छन् ।

**घ) धार्मिक तथा सांस्कृतिक विसङ्गति**

जुनसुकै देशमा पनि विभिन्न धर्म, मत र सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । उनीहरूको धर्म अथवा सम्प्रदायलाई आधार बनाई गरिने पाखण्डपूर्ण क्रियाकलापहरू धार्मिक विसङ्गतिका द्योतक हुन् । सांस्कृतिक क्षेत्रमा उत्पन्न विकृतिले स्थितिले सांस्कृतिक विखण्डन खडा गरी राष्ट्रिय र मौलिक एवम् सांस्कृतिक विसङ्गतिलाई मियो बनाएर हास्यव्यङ्ग्यले उछितो काढ्ने काम गर्दछ ।

रिजाल हास्यव्यङ्ग्यकार भएकाले उनले भोगेको वा देखेको समाजलाई नै आफ्ना रचनाको विषयवस्तु बनाएका छन् । यही समाजभित्रका विषयवस्तु नै उनका रचनाको मूल सामग्री हुन् जसलाई उनले आफ्नो शिल्पका माध्यमबाट विशिष्ट वर्णन गरेर पाठकलाई काउकुती लगाएका छन् । आफ्ना समाजका बिग्रेका र विसङ्गत आकृतिहरू पाठकले यिनका रचनामा देख्छन् । यसरी समाजमा भएका विभिन्न विसङ्गत स्थितिमध्ये हाम्रो समाजमा जरो गाडेका धार्मिक तथा सांस्कृतिक विसङ्गतिले गर्दा समाजमा कुप्रथा र कुसंस्कारले जरो गाडेको छ । यसलाई आफ्ना रचनाका माध्यमबाट छताछुल्ल पारी व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्न रिजाल सफल देखिन्छन् ।

**ङ) राजनीतिक विसङ्गति**

राजनीतिक राज्य सञ्चालनको मेरुदण्ड हो । विसङ्गतिको ठूलो लपेटा पनि यहाँ हुन्छ । शक्तिमा आफू पुग्न या सत्तामा आफू उक्लिनका निम्ति अर्कोलाई उठ्नै नसक्ने गरी पछारिन्छ अनि कसैलाई आकाशसम्म उचालिन्छ । यसरी उचाल्नु र पछार्नु स्वयम्मा एउटा ठूलो असङ्गति हो । यस असङ्गतिका बाटोमा राजनीतिका अवसरवाद धूर्त्याइँ, छलकपट, धोका, षड्यन्त्र, जालसाझी, झुट, प्रपञ्च, फोहरी महत्त्वाकाङ्क्षा, कटुता, किनबेच, हत्या-हिंसाजस्ता अनेकन फलहरू फलिरहेका हुन्छन् । आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिको यस्तै जर्जर र बर्बर स्थिति हास्यव्यङ्ग्यका निम्ति उर्वर विषयवस्तु बनिरहेको हुन्छ ।

**च) प्रशासनिक विसङ्गति**

राज्य व्यवस्थाअन्तर्गत अनेक प्रशासनिक यन्त्रहरू परिचालित हुन्छन् तर ती यन्त्रहरू सबै समय र क्षणमा ठीक-ठीक ढङ्गले सञ्चालित हुँदैनन् । त्यस्तो नहुनुमा त्यहाँ पनि अनेकन विकृतिहरूले जरा गाडिरहेका हुन्छन् । असमानता, पक्षपात, दुराग्रह, स्वेच्छाधारी, ढिलासुस्ती, घुसखोरी, चाकरी, चुक्ली, चाप्लुसी, नातावाद, कृपावाद, कमिसनखोरी, भ्रष्टाचारजस्ता विकृतिले प्रशासनिक यन्त्रलाई कुँजो र अपाङ्ग बनाइरहेका हुन्छन् । यो प्रशासनिक विसङ्गतिको दारुण तस्विर हो । यही

दारुण स्थितिलाई विषयवस्तुको ताँदो बनाएर हास्यव्यङ्ग्यले तिर हान्छ, यावत् विकृतिको शिर छेदन गर्दछ ।

यो र यस्तै विसङ्गतिका सेरोफेरोमा हास्यव्यङ्ग्य सङ्गति खोज्दै अघि बढिरहेको हुन्छ । हास्यव्यङ्ग्यले हास्य, व्यङ्ग्य, वक्रोक्ति, प्यारोडी, प्रहसन, अतिरञ्जना, हाँसो, ठट्टा र कतिपय स्थितिमा त गाली-गलौज र निन्दा तथा आक्षेपजस्ता विभिन्न उपकरणमार्फत् विसङ्गतिका विरुद्ध आक्रमण गरिरहेको हुन्छ । विसङ्तिहरूको छोटोमोटो यस विवेचनाले के स्पष्ट पार्छ भने विसङ्गति नै हास्यव्यङ्ग्यको सर्वप्रमुख र मूलतत्त्व हो ।

#### २.४.२.२ **भाषाशैली**

आफ्नो विचार वा कुनै विषयवस्तुलाई समेटेर अरू छेउ सम्प्रेषण गर्न तयार गरिएको शब्द वा अनुच्छेदहरूको बनोटलाई शैली भनिन्छ । शैली भनेको भाव र भाषाको संगमस्थल हो । शैलीको सृष्टिका लागि भाव र भाषाको सह-सम्बन्ध आवश्यक पर्दछ । यी दुईमा एक अर्काका अभावमा शैली बन्दैन । क्रम, सङ्गति, सङ्गठन र अन्विति शैलीका आन्तरिक गुण हुन् । लेखकले आफ्ना रचनामा भाषाका उपयुक्त शब्दको पदमैत्री र क्रमिक आरोहअवरोहलाई मिलाउनु पर्दछ । यसले शैलीलाई आकर्षक बनाउँछ (शर्मा, २०६३ : २२) । भाव र भाषाको समन्वित प्रस्तुति शैली हो । प्रत्येक व्यक्तिलेखकको भाव र भाषामा अन्तर देखिन्छ (शर्मा, २०६३ : २३) ।

जुनसुकै कुरा पनि अति साधारण तरिकाले सहज र सरस भाषामा भन्नु शैलीको गुण हो । यस शैलीमा गम्भीर भाव पनि साधारण शब्दमा व्यक्त गरिएको हुन्छ । साधारण बहुप्रचलित शब्द, छोटो वाक्य र सुबोध अभिव्यक्ति यस शैलीका विशेषता हुन् । धेरैजसो निबन्धकारले आधुनिक निबन्धयात्रामा निजत्त्वयुक्त शैली प्रयोग गरेर आफूलाई इतिहासमा चिनाएका छन् ।

## २.५ निष्कर्ष

नेपाली साहित्यको निबन्धविधाअन्तर्गत पर्ने हास्यव्यङ्ग्यात्मक निबन्ध पूर्वीय, पाश्चात्य हुँदै नेपाली साहित्यसम्म आइपुग्दा अनेक मोडहरू पार गर्दै अगाडि बढेको छ ।

पूर्वीय साहित्यमा ध्वनिवादी व्यङ्ग्यका नामले परिचित हास्यव्यङ्ग्यका स्मित, हसित, अवहसित, विहसित, उपहसित, अतिहसित जस्ता भेदहरू पाइन्छन् । हास्यका तत्त्व स्मित दशाबाट परिवर्तन हुँदै व्यङ्ग्यका रूपमा देखापर्छ भन्ने मान्यता राख्ने पाश्चात्य साहित्यमा स्मित हास्यका वाग्वैदग्ध्यता, व्यङ्ग्य, वक्रोक्ति, विहास, अतिरञ्जना, प्रहसनजस्ता भेदहरू पाइन्छन् । नेपाली साहित्यमा सृष्टिको आदिकालदेखि मानव जिब्रोमा प्रयोग हुने उखान-टुक्कासँग सहभाव राख्दै आएको हास्यव्यङ्ग्यले लिखित साहित्यको विकास भएपछि औपचारिक रूपमा मान्यता पाएको देखिन्छ । यसरी पूर्वीय र पाश्चात्य हुँदै नेपाली साहित्यमा मान्यता पाएको हास्यव्यङ्ग्यात्मकताले नेपाली साहित्यको माध्यमिक समय हुँदै आधुनिककालसम्म आइपुग्दा विभिन्न स्रष्टाहरूले यस क्षेत्रमा योगदान दिएको पाइन्छ ।

# परिच्छेद : तीन

# आर.सी. रिजालका निबन्धसङ्ग्रहमा व्यङ्ग्यात्मकता

## ३.१ विषय परिचय

कुनै मानवीय तथा सामाजिक दुर्गुण, दुराचार, विकार, विकृति, मूर्खता, अज्ञानता आदिलाई आमूलोच्छेदन गर्ने, त्यस्तो कार्यलाई आफ्नो लक्ष्य बनाउने र यस्ता प्रवृत्तिप्रति घुमाउरो शैलीमा असहमति तथा आलोचनाका स्वर व्यक्त गरी तिनलाई गिज्याउने र छेडछाड गर्ने कार्य मुख्य रूपमा व्यङ्ग्यले गर्दछ । जब वास्तविकतामा विकृति आउँछ तब हास्यको जन्म हुन्छ । जब वास्तविकतामा विसङ्गति आउँछ तब व्यङ्ग्यको जन्म हुन्छ तसर्थ विकृति र विसङ्गतिप्रति रोचक किसिमले छेड हान्नु हास्यव्यङ्ग्यात्मक शैली वा अभिव्यक्तिको मूल धर्म हो त्यसैले भनिन्छ, साहित्यमा हास्यव्यङ्ग्य जिब्रो फट्कार्ने चटनी हो ।

आर.सी. रिजालका निबन्धसङ्ग्रहहरूमा हास्य र व्यङ्ग्यको समान प्रयोग भएको देखिन्छ । रिजालको निबन्धलेखनमा हास्यव्यङ्ग्यात्मकतालाई विभिन्न क्षेत्रबाट विभिन्न दृष्टिकोणले प्रस्तुत गर्न सकिन्छ । अधिकांश निबन्धसङ्ग्रहलाई हेर्दा आत्मपरक निबन्धलेखन उहाँको मुख्य प्रवृत्तिका रूपमा देखापरेको छ । उनका निबन्धमा क्षेत्रगत र प्रस्तुतिगत व्यङ्ग्यलाई आधार मान्दै, क्षेत्रगत व्यङ्ग्यमा राजनीतिक, धार्मिक, सामाजिक सांस्कृतिक, आर्थिक एवम् साहित्यिक व्यङ्ग्यलाई मुख्य प्रवृत्तिका रूपमा राखेर अध्ययन गरिएको छ भने प्रस्तुतिगत व्यङ्ग्यमा भाषिक, पात्रगत तथा वाक्यगठनसम्बन्धी व्यङ्ग्यलाई रिजालका निबन्धमा मुख्य प्रवृत्तिका रूपमा लिन सकिन्छ ।

## ३.२ क्षेत्रगत व्यङ्ग्य

आफ्ना निबन्धमा विभिन्न क्षेत्रमा भएका विसङ्गति र विकृतिमाथि रोचक र घोचक तरिकाले राजनीतिक, धार्मिक, सामाजिक सांस्कृतिक, आर्थिक, साहित्यिक, मानवीयजस्ता क्षेत्रहरूमाथि व्यङ्ग्य प्रहार गर्नु नै उनका निबन्धका मुख्य प्रवृत्तिहरू हुन् ।

### ३.२.१ **राजनीतिक व्यङ्ग्य**

राजनीतिमा हुने गरेको भ्रष्टाचार, दुराचार, पदीय दुरूपयोग एवम् राजनीतिक अनैतिकता र निर्लज्जताको भण्डाफोर गर्नु नै उनका निबन्धका मुख्य विशेषता हुन् । उनका **कुकुरको पुच्छर, कण्ठ लगौंटी, हाकिमको खप्पर, भोलारामको आत्मा, फू फू फू** निबन्धसङ्ग्रहभित्रका अधिकांश निबन्धहरूमा राजनैतिक व्यङ्ग्य पाइन्छ । उनले ती प्रवृत्तिलाई भण्डाफोर गर्ने प्रयत्न गरेका छन् ।

कुनै पनि नेता गाउँबाट पदोन्नति हुँदै सहर पुगेको हुन्छ तर उसले गाउँमा चुनावताका आफ्नो बखान गर्न जाँदा मकै, भटमास र गुन्द्रुक खाँदा पखाला लागेको थियो, गाउँको सामान्य खाना पचाउन नसक्ने नेता पछि काठमाडौं पसेपछि काठमाडौंको पानी कसरी सुपाच्य भयो (*कुकुरको पुच्छर,* २०५५ : ५)

निर्दलबाट बहुदल तर मौसम परिर्वतन भएन उही निर्दल छ । नेताहरूको ग्रन्थीमा रोग लागेर होला । निर्दलीयताको स्वभावमा अलिकति पनि आँच आउन दिएका छैनन् । जनताको अगाडि भएको प्रजातान्त्रिक खेलमा ठाडै फाल हान्दा अर्काको खुट्टै भाँच्दा यी कानमा ठेली हालेर आँखामा पट्टी बाँधेर खेल्ने खेलाडीहरूले न जनताको हुटिङ् सुने न एम्पाएरको पिपिरी सुने, न एलोकार्ड नै देखे । नैतिकताका दरिद्रहरूले कुर्सीमात्र देखे । कुर्सी समात्ने दौडमा कोही त सेफ्टीटङ्कीभित्रै खसे । यस्ता सिलपट खेलाडीहरूलाई रोगीहरूको जमातले उल्टै होनाहार खेलाडी घोषणा गरे (*कुकुरको पुच्छर,* २०५५ : ६-७) ।

कुकुरलाई नेपालमा ठूला-ठूला नेताको नाम राख्ने चलन र पत्रिकाहरूमा कार्टुन प्रकाशित हुँदा कुकुरको गर्धनमाथि नेताको टाउको जोडेर निकाल्ने तरिका मलाई ठीक लागेन किनकि त्यस्ता नेताहरूलाई मेरो दृष्टिमा कुकुरसँग दाँज्न मिल्दैन (रिजाल, २०५५ : २७) । "माननीयज्यू लोकल तीन पानीवाला टक्रयाउँ कि ? राष्ट्रभक्तले मुख फोरे" के कुरा गरेको तिमीले ? युरिया मल मिसाएको लोकल मलाई धोकाएर मेरो मन्त्री पदको अवधि घटाउने विचार छ कि कसो ? जानीजानी स्वास्थ्य बिर्गान हुँदैन नि भाइ ? विदेशी रेड लेवल निकाल्नुहोस्-विदेशी" (*कुकुर त म नेपालकै हुँ,* २०५७ : ८) ।

"जसलाई लेखेको हुन्छ उसैले पाउँछ भन्थे । नेताजीको जुठो खान तेरो पुर्पुरोमा लेखेको रहेछ । मेरो टमीले किन पाउँथ्यो ? लौ घिच्" (*कुकुर त म नेपालकै हुँ,* २०५७ :

९) । २०४६ सालमा आएको प्रजातन्त्रलाई अफसम्म (२०५७ साल) शिशु भन्ने गरेका छन् । शिशु प्रजातन्त्रमा त जनताको यो हालत छ भने प्रजातन्त्र वयस्क भयो भने के होला ? ( *चपेटे भन्छ,* २०५७ : १७) ।

यो मुख्य मन्त्रीसँग अब काम माग्न सकिन्न, रोटी माग्न सकिन्न, तलब माग्न सकिन्न, न्याय माग्न सकिन्न । योसँग अब एउटै माग मात्रै गर्न सकिन्छ, त्यो हो मर्ने मान्छेको मूल्य बढाउने । पाँच हजार एकदम कम हुन्छ । सबै चिजको मूल्य बढेको छ मान्छेको मूल्य पनि बढाइयोस् (*भोलारामको आत्मा,* २०६६ : १७) ।

अर्को कृति **फू फू फू**मा रिजालले देशमा भएको १० वर्षे जनयुद्ध २०६२/०६३ को जनआन्दोलन आदि राजनीतिक क्षेत्रमा देखिएका विसङ्गतिका विषयवस्तुलाई समेटेका छन् । यसबाट के तथ्य सावित हुन्छ भने रिजालको निबन्धात्मक प्रवृत्तिमा समसामयिक विषयवस्तु र परिवेश समेटिएको हुन्छ ।

प्रत्येक रचनामा अधिकांश म पात्र रहनु वा आत्मापरक निबन्ध लेखन नै रिजालको मुख्य प्रवृत्ति देखिन्छ । आफूले भोगेका अनेक दुःख कष्टलाई समेटी सम्पूर्ण जनताको दुःख कष्टलाई सम्बोधन गर्ने प्रयास उनका अधिकांश निबन्धमा पाइन्छ । सबैको दु ःख कष्टलाई आफ्नो सम्फनु उनको अर्को प्रवृत्ति हो । भूमिगत राजनीति गर्दा मान्छेका नामका पछाडि उपनाम राखेर टाउकाहरूलाई बचाउने प्रयास गरिएका बारे पनि विसङ्गतिका रूपमा आएको छ ।

यसरी विभिन्न क्षेत्रमा भएका राजनीतिले दिएका दुःख, कष्ट, भ्रष्टाचार, नातावाद, कृपावाद आदिलाई खुलेर व्यङ्ग्य गर्नु नै उनका निबन्धात्मक प्रवृत्ति देखिन्छ ।

### ३.२.२ **धार्मिक व्यङ्ग्य**

आर.सी. रिजालका निबन्धलेखनमा अर्को मुख्य प्रवृत्ति भनेको धर्मका नाममा फैलिएका विभिन्न कुसंस्कारहरूलाई अर्थात् धार्मिक विसङ्गतिलाई खुलेर व्यङ्ग्य गर्न सक्नु हो । रिजाल प्रगतिवादी लेखक भएकाले उनले धार्मिक रूपमा हुने पूजापाठ, व्रत, ज्ञान, महायज्ञ, आदि कुनै पनि क्रियाकलापलाई मन पराउँदैनन् । पूजापाठ गर्नुभन्दा मन शुद्ध हुनुपर्छ भन्ने विचार उनको छ, त्यसैले उनले लेखेका निबन्ध रचनाहरूमा पनि त्यसको

व्यङ्ग्यात्मक रूपमा विरोध गरेका छन् । यस सन्दर्भमा लेखिएको निबन्ध *वैतरणी* हो । विषयवस्तुको छनोट र तत्सम्बन्धी संयोजन मिलाएर व्यङ्ग्यात्मक रूप दिनु नै उनको मुख्य क्षमता हो ।

धर्मका नाममा विभिन्न किसिमका विकृतिहरू देखिन थालेको वर्तमान अवस्थामा यस्ता विकृतिहरूप्रति तिखो व्यङ्ग्य गरी समाजबाट त्यस्ता विकृति विसङ्गतिहरू विस्थापन हुनुपर्ने विचार दिने रिजालले ईश्वरको आडमा बसेर गरिने कुकृत्यको विरोधमा आफ्नो स्वरलाई मुखरित बनाएका हुन्छन् ।

### ३.२.३ **सामाजिक तथा सांस्कृतिक व्यङ्ग्य**

जड अन्धविश्वास, सामाजिक दुराचार, घुस, नजराना, ढिलासुस्ती, भ्रष्टाचार, अनुशासनहीनता, पक्षपात, नातावाद, चाकरीजस्ता यावत् विकृतिजन्य कुराहरू समेटेर रोचक र घोचक रूपमा व्यङ्ग्य गरी निबन्ध तयार गर्नु उनको अर्को प्रवृत्ति हो जसका कारण रिजाल समाजमा भएका सम्पूर्ण खराब प्रवृत्तिहरूलाई घोच्न अनि व्यङ्ग्य गर्न सफल देखिन्छन् । यिनका विचारमा भ्रष्टाचार नेपालीका लागि एउटा सामाजिक अभिशाप बनेको छ । एक व्यक्तिले अर्को व्यक्तिको सुकर्मतिरका पाइलाहरूलाई रोकी आफू अगाडि बढ्न खोज्छ भन्ने प्रसङ्गलाई यिनका विविध विकृतिका माध्यमबाट प्रस्तुत गरिएको छ भन्ने प्रसङ्गलाई यिनका रचनामा स्पष्ट देखाई ती तत्त्वहरूको विरोधमा आवाज उठाएका रिजालले व्यङ्ग्यका माध्यमबाट विकृतिका पक्षहरू सशक्त ढङ्गबाट प्रस्तुत गरेका छन् । हाम्रो समाजमा समाज, राष्ट्र, परिवार जो जतासुकै भए पनि यहाँ एक-अर्काको खुट्टा तान्न पछि पर्देनन् । राम्रो काम गर्ने व्यक्तिको यहाँ उन्नति हुँदैन । नेपाली भाषा बोलेमा अहिलेका युवायुवती आफूलाई पाखे र अशिक्षित सम्झन्छन् । यस्तो किसिमको कुकार्यले सामाजिक विकृति फैलन गई समाजमा कुकर्महरू मौलाउन सक्छन् भन्दै रिजालले आफ्ना निबन्धका माध्यमबाट स्पष्ट पारेका छन् र यस्तै चिन्तनप्रति व्यङ्ग्यात्मक प्रस्तुति दिएका छन् ।

*फराँसकान्छा* निबन्धमा जुवातासले समाजमा निम्त्याएको कुरीतिलाई व्यङ्ग्य गरेका छन् । यस निबन्धमा जुवातासले उत्पन्न गरेको सामाजिक समस्यालाई आधार बनाएर सामाजिक विसङ्गतिहरूमाथि हाँसो उठाउँदै व्यङ्ग्य गरिएको छ । रिजाल नेपाली समाजमा भएका वुद्धिजीवीहरूलाई पनि निसङ्कोच व्यङ्ग्य गर्न सफल भएका छन् । समाजले जससँग

रूपैयाँ-पैसा छ त्यसलाई बुद्धिजीवी मान्ने प्रचलनलाई व्यङ्ग्यात्मक तरिकाले उछितो काट्न सफल छन् । त्यही मुर्खताले गर्दा देश नकारात्मक बाटोतिर जाँदैछ त्यसैले यही विकृतिलाई टपक्क टिपेर रिजालले व्यङ्ग्य गर्न पुगेका छन् ।

*सिजन भ्याकेशन* निबन्धमा नेपालमा फैलिएको यौन दुराचारले समाजमा ल्याएको विकृतिलाई व्यङ्ग्यात्मक पाराले भन्न खोजिएको छ : मान्छे पशुभन्दा पनि नीच बन्दै छ (*हाकिमको खप्पर,* २०६३ : ४७) ।

*गाई माता गधा पिता* निबन्धमा नेपालमा बढी आम्दानी गर्ने सपना साँचेर विदेशबाट भित्र्याइने हाइब्रिड जातका पशुहरू, खाद्यवस्तु तथा बीउ-बिजनले आफ्नो मौलिक जातका वस्तुहरू हराउन थालेको यथार्थलाई उदाङ्गो पार्न खोजिएको छ । विदेशी वस्तुलाई मात्र प्राथमिकता दिने चलनलाई विकृतिका रूपमा लिइएको छ ( *हाकिमको खप्पर,* २०६३ : ६०) ।

हास्ययङ्ग्यकार आर.सी. रिजालले मौलिक रचनामा जस्तै अनुवाद कृतिमा पनि सामाजिक विसङ्गतिका विभिन्न पक्ष समेटेका छन् । "उपस्थित शिक्षक एवम् विद्यार्थीवर्ग म साह्रै दुःखी छु । आज ईश्वरले हामीबीचबाट एउटा यस्तो शिक्षकलाई लिएर जानुभयो जसको जीवन मेरा लागि मेरा स्कुलका विद्यार्थीका लागि र नयाँ पुस्ताको प्रगतिशील विकासका लागि कति आवश्यक थियो भन्ने कुरा म मात्र जान्दछु । उहाँको मृत्युबाट जुन क्षति हामीलाई भएको छ त्यसको पूर्ति असम्भव छ । परमात्माले उनको आत्मालाई शान्ति दिऊन्" ( *हाकिमको खप्पर,* २०६३ : ८६) ।

**फू फू फू** रचनामा नेपाली समाजमा अनेक सामाजिक समस्याहरूलाई केलाउने काम गरिएको छ । मान्छे बिरामी हुँदा अस्पताल लग्नुको सट्टा धामी, झाँक्री डाक्ने र यिनीहरूले लागो लागेको भनिदिने र झारफुक गर्ने अनि उसले भनेअनुसार बोका, कुखुरा काट्ने र पूजाआजा गर्ने आदि परम्परा नेपाली समाजमा आज पनि कायमै छ । ग्रहदशामा फाल्ने भनी अक्षता, फूल, पैसा आदि राखेर दोबाटोमा राखिदिने प्रचलन आज पनि हाम्रो समाजमा देखिन्छ । यस्ता अन्धविश्वासी क्रियाकलापप्रति व्यङ्ग्य गरेर रिजालले निबन्ध लेखेका छन् ।

यसरी विभिन्न निबन्धसङ्ग्रहका रचनाहरूमार्फत् समाजमा घटेका घटनाहरूलाई विसङ्गतिका रूपमा प्रस्तुत गर्नु नै आर.सी. रिजालका हास्यव्यङ्ग्य निबन्धहरूका विशेषता रहेका हुन् ।

### ३.२.४ आर्थिक विसङ्गति

हास्यव्यङ्ग्यकार आर.सी. रिजालले **हाकिमको खप्पर** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा आर्थिक विसङ्गतिलाई पनि खोतल्ने प्रयास गरेका छन् । आर्थिक विसङ्गतिलाई विषयवस्तु बनाएर लेखिएको निबन्ध *शान्ति खाने देश* हो । यसले देशमा भएको गिर्दो आर्थिक अवस्थालाई व्यङ्ग्य गरेको छ । आर्थिक अवस्था कमजोर भएर विदेश जानेको सङ्ख्या दिन-प्रतिदिन बढिरहेको छ । यसको समाधानका लागि सरकारले विभिन्न रोजगारमूलक कलकारखाना खोल्नु पर्ने हो तर त्यसो नभएर यहाँ म्यानपावर कम्पनी खोल्ने स्वीकृति दिइन्छ भन्दै रिजालद्वारा आफ्ना निबन्धमा यस्तो विकृतिका विरुद्ध व्यङ्ग्यात्मक स्वर प्रस्तुत गरिएको छ ।

### ३.२.५ साहित्यिक विसङ्गति

**कण्ठ लगौटी** हास्यव्यङ्ग्यसङ्ग्रहमा देखिएको अर्को विसङ्गति साहित्यिक विसङ्गति । *क्यु ज्यु* निबन्धमा साहित्यिक कृतिहरू पढ्न योग्य नभएर पनि उत्कृष्ट बन्न सफल भएका छन्, सम्पादकसँग चिनजान भएका लेखकहरूको जस्तो पनि लेख पत्रपत्रिकामा छापिन पुग्छन् भन्दै रिजालले साहित्यिक क्षेत्रमा लागेका सफल लेखकहरूलाई राज्यले सम्मान दिन सकेको छैन र त्यही साहित्यकारले देशमा परिवर्तन ल्याउँदा विभिन्न लेखहरू लेखेर र भनेर सहयोग गरेको बिर्सन्छन् भन्ने वास्तविकता उद्घाटन गरेका छन् । त्यसैगरी अहिले बकमफुसे साहित्यकारलाई सम्मान गरेको देखिन्छ त्यसैले गर्दा दोसल्लाको इज्जत गएको छ भन्ने भाव पनि यसमा प्रस्तुत भएको छ ।

हाम्रो देशमा साहित्यकारहरूको आर्थिक अवस्थालाई पनि व्यङ्ग्यात्मक रूपले प्रस्तुत गरिएको छ । सम्मानित हुँदा प्राप्त भएको रकममा परिवारले कति धेरै सपना देखेको हो भन्ने यथार्थलाई पनि यहाँ प्रस्तुत गरिएको छ । पन्ध्र हजारको पुरस्कार पाउने खबर मात्र के पाएको थियो, पिलन्धरेकी श्रीमती र छोराछोरीले त्यसको दोब्बर रकम बराबरका सामान किनमेल गर्ने गरेको प्रसङ्ग उल्लेख गर्दै पुरस्कारमा पाएको खाममा जम्मा एक हजारको

नोटका साथै त्यस पत्रमा सबै खर्च कटाएर बचेको एक हजार पठाइएको छन्ने सूचना पुरस्कार दिने संस्थाहरूले जारी गरेबाट साहित्यकारको अपमान भएको टिप्पणी गरिएको छ (*हाकिमको खप्पर,* २०६३ : ६८) ।

*भोलारामको आत्मा* निबन्धमा साहित्यका क्षेत्रमा देखिने विकृतिहरूलाई प्रस्तुत गरिएको छ । यसमा साहित्यिक संघसंस्थामा असक्षमहरूको जमघट भएको र राम्रो लेखकहरूलाई पाखा लगाइने गरेको कटु यथार्थमाथि तीव्र व्यङ्ग्य गरिएको छ । सय वर्षसम्म लेख लेखेका लेखकहरूको अपमान भएको छ । गरिबीको कारण ती समस्त कविता, ती समस्त चित्र, चित्रकलाका सुन्दर कलाकृतिहरू, ती महान् सङ्गीत कलाकारको दिमागमा दबिएर रहे किनकि उसँग खानेकुरा केही थिएन । उसका ती समस्त पुस्तक, कविता, चित्र, गीतहरूको सूची कसले बनाउँछ, गरिबका कारण उनका कृति र क्षमताहरू कुण्ठित हुन पुगेका छन् । जो पुरस्कृत हुन सक्थ्यो तर हुन सकेन, क्षमता नभएका लेखकहरू पैसाको भरमा साहित्यकार बनेका छन् (*हाकिमको खप्पर,* २०६३ : ६२) ।

यसरी हास्यव्यङ्ग्यकार रिजालले आफ्ना हास्यव्यङ्ग्य निबन्धात्मक कृतिहरूमा खुलेर साहित्यिक व्यङ्ग्य प्रस्तुत गरेका छन् ।

### ३.२.६ मानवीय विसङ्गति

हास्यव्यङ्ग्यकार आर.सी. रिजालका रचनाहरूको अध्ययन गर्दा के थाहा पाइन्छ भने उनी स्वयम्ले आफ्नै विसङ्गत स्वभाव, आनीबानी र क्रियाकलापहरूमाथि पनि मज्जासँग सिस्नोपानी लगाएका छन् । आजको मानवमा मानवीय भावना हटाउँदै गएको छ माया, दया हराएको छ, बूढापाका आमाबुबालाई छोराछोरीले हेरचाह नगर्ने अनि वृद्धाश्रममा लगेर राखिदिने जस्ता मानवीय विसङ्गतिजन्य कार्य गर्दछन् भन्दै मानिसले यस पृथ्वीमा केही न केही उत्कृष्ट काम गरी इतिहासमा नाम लेखाउनु पर्दछ भन्ने भाव उनका निबन्धमा पाइन्छ (*कुकुरको पुच्छर,* २०५५ : १७) ।

जुन मान्छेसँग धन धेरै छ त्यसलाई सबैले माया गरेको देखिन्छ । के मायालाई धन, पैसासँग दाँज्न मिल्छ ? यसैलाई व्यङ्ग्यका रूपमा प्रस्तुत गर्दै लेखिएको छ । एउटै आमाको कोखबाट जन्मेका छोराहरूमध्ये जुन छोराले बढी सम्पत्ति आर्जन गरेको छ त्यसलाई बाबुआमाले माया गर्छन् (*कुकुरको पुच्छर,* २०५५ : ५१) । पहिले छिमेकी देश भारतमा जाने

चलन थियो भने अहिले विभिन्न तेस्रो मुलुकतिर जाने प्रचलन आएको छ । यता घरमा बसेर घर-गृहस्थी चलाउने श्रीमतीहरू कसरी बिग्रिरहेका छन् भन्ने तीतो सत्यलाई छर्लङ्ग पारेर रिजालले समाजको विसङ्गति बोध गराउन खोजेका छन् । लोग्ने विदेश गएको अवस्थामा श्रीमतीहरूले पर पुरुषसँग अवैध धन्दा गरी बच्चा जन्माउने गरेको कुरा पनि निबन्धमा देखाइएका छन् । यसले गर्दा देशमा मानवीय विसङ्गति प्रबल भएको भाव यिनले अभिव्यक्त गरेका छन् ।

रिजालले कुनै न कुनै प्रसङ्गमा मानिसका आन्तरिक मनोवृत्ति, भुल, त्रुटि र कमी कमजोरीमाथि सूक्ष्म ढङ्गले दृष्टि लगाएका छन् । लेखक स्वयम् म बनेर कवि बन्नलाई जे पनि गर्न तयार हुने कविहरूप्रति व्यङ्ग्य गरिएको छ । यस्ता व्यक्तिले गर्दा मानवीय विसङ्गतिलाई टेवा पुऱ्याउने देखिन्छ भन्ने दृष्टिकोण रिजालको छ ।

निबन्धहरूमा वर्णित, चित्रित एवम् घटित धेरै घटनाहरूमा रिजालले स्वयम् आफूलाई उभ्याइएका छन् । जीवनसम्बन्धी लेखकका मान्यताहरूलाई सूत्रबद्ध रूपमा प्रस्तुत गरिएको छ । समाज बदल्नका लागि मानिसले आफ्नो सोच बदल्नु पर्ने आवश्यकता छ भन्ने बारेमा लेखकले विवेचना गरेका छन् ।

## ३.३ निष्कर्ष

आर.सी. रिजालका निबन्धमा हास्यका माध्यमबाट व्यङ्ग्यात्मकताको पहिचान गरी सुधारतर्फ लक्षित गरिएको पाइन्छ । समाजका विविध पक्षहरू माथिका विकृति एवम् विसङ्गतिलाई चोटिलो र घोचिलो पाराले प्रस्तुत गर्न सक्नु उनको हास्यव्यङ्ग्यात्मक निबन्धको शिल्पकला हो । यसरी रिजाल आफ्नो निबन्धात्मक प्रवृत्ति व्यङ्ग्यात्मक तरिकाले समाजमा देखिएका हरेक विसङ्गति प्रस्ट्याउन सफल रहेका छन् ।

# परिच्छेद : चार

# आर.सी. रिजालका हास्यव्यङ्ग्य कृतिहरूको अध्ययन

## ४.१ पृष्ठभूमि

नेपाली हास्यव्यङ्ग्यका क्षेत्रमा उदाएका प्रसिद्ध हास्यव्यङ्ग्यकारमध्येका एक हुन् आर.सी. रिजाल । उनले आफ्नो लेखकीय जीवनभरि विशेषतः हास्यव्यङ्ग्यत्मक रचनाहरू मात्र लेख्दै आएका छन् । २०३४/०३५ सालदेखि तत्कालीन पत्रपत्रिकामा हास्यव्यङ्ग्य रचना प्रकाशित गर्न थालेका आर.सी. रिजालका पहिलो रचना **खरानीभित्रको आगो** लघु उपन्यास हो र २०३६ सालमा यो प्रकाशित भएको थियो । निबन्धसङ्ग्रहतर्फको उनको पहिलो कृति **कुकुरको पुच्छर** हो भने पुस्तककार कृतिका रूपमा यो दोस्रो कृति हो । हास्यव्यङ्ग्यात्मका दृष्टिले यो हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह उनको पहिलो कृति हो । रिजालको पहिलो पुस्तककार कृति **खरानीभित्रको आगो** २०३६ सालतिर प्रकाशित भएको थियो तर हाल यो प्राप्त हुन सकेको छैन (शोधनायकसँगको अन्तर्वाताबाट प्राप्त जानकारी) । रिजालको हास्यव्यङ्ग्य कृति **कुकुरको पुच्छर** प्रयास प्रकाशनबाट २०५५ सालमा प्रथम संकरणका रूपमा प्रकाशन भएको थियो । त्यसपछि रिजालको अर्को कृतिका रूपमा प्रकाशित भएको कृति **कण्ठ लगौटी** हो । २०५६ सालमा प्रतीक प्रकाशनबाट यो प्रकाशन भएको हो । एक पछि अर्को कृति प्रकाशन गर्ने क्रमलाई हेर्दा रिजाल निरन्तर लेखनकार्यमा संलग्न भएको देखिन्छ र यसै क्रममा हास्यव्यङ्ग्यकार आर.सी. रिजालका हास्यव्यङ्ग्य कृतिहरू प्रकाशन गर्दै तेस्रो कृतिका रूपमा प्रयास प्रकाशनबाट प्रकाशित भएको कृति **हाकिमको खप्पर** अनि चौथो कृतिका रूपमा प्रकाशन भएको कृति **भोलारामको आत्मा** हो । पाँचौ कृतिका रूपमा **फू फू फू** प्रयास प्रकाशनबाट नै २०७० सालमा प्रकाशित भएको हो । यस बाहेक आर.सी. रिजालद्वारा सम्पादित साहित्यिक त्रैमासिक पत्रिका **अक्षर अक्षर** २०६१ देखि हालसम्म प्रयास प्रकाशन हेटौंडाबाट प्रकाशित हुँदै आएको छ (शोधनायकसँगको अन्तर्वाताबाट प्राप्त जानकारी) । हास्यव्यङ्ग्यकार आर.सी. रिजालका प्रकाशित कृतिहरू निकै सफल देखिन्छन् । यस परिच्छेदमा हास्यव्यङ्ग्यकार आर.सी. रिजालका हास्यव्यङ्ग्य कृतिहरूको मात्र अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ४.२ 'कुकुरको पुच्छर' निबन्धसङ्ग्रहको अध्ययन

२०५५ सालमा प्रकाशित यो सङ्ग्रह रिजालको पहिलो हास्यव्यङ्ग्य कृति हो । प्रयास प्रकाशनबाट प्रकाशित यस सङ्ग्रहलाई हास्यव्यङ्ग्यका क्षेत्रमा सफल कृति मानिन्छ । यस सङ्ग्रहमा *तँलाई गोरु, नैतिकताको ग्रन्थिमा क्यान्सर, धत्तेरीका, राम्रो म, भष्टेश्वर महादेव, खुट्टा तान्नु, कुकुरको महिमा, आधुनिकता र मान्छेको मोडल, प्रजातन्त्र, कान्छा, कान्छी, भीमसेनका बोका र कस्तुरी मृग, राजधानीको चलन, वैतरणी र फँासकान्छा* जस्ता शीर्षकका रचनाहरू सङ्ग्रहित छन् । प्रायः रचनाहरू सबै निबन्धात्मक संरचनाअन्तर्गत देखिएका छन् । त्यति लामा पनि छैनन् भने एकदमै छोटो पनि छैनन्, मझौला किसिमका देखिन्छन् । विभिन्न पत्रपत्रिकामा छरिएर रचनाहरूलाई सङ्कलन गरेर यस कृतिको प्रकाशन गरिएको हो ।

### ४.२.१ सङ्ग्रहको शीर्षक तथा भाव सङ्गति

हास्यव्यङ्ग्यकार आर.सी. रिजालले यस सङ्ग्रहको शीर्षक **कुकुरको पुच्छर** राखेका छन् । यस सङ्ग्रहभित्र यही शीर्षकसँग सम्बन्धित हास्यव्यङ्ग्य निबन्ध पनि रहेको छ । नेपाली साहित्यका क्षेत्रमा सङ्ग्रहहरूमा समावेश गरिएका रचनाहरूलाई आधार बनाएर बाहिरी शीर्षक राख्ने प्रचलन लोकप्रिय मानिन्छ । रिजालले पनि त्यो प्रचलनलाई अपनाएको देखिन्छ । हास्यव्यङ्ग्य कृति भएको हुँदा शीर्षक पनि हास्यव्यङ्ग्यात्मक हुनु अनिवार्य हुन्छ । यस सङ्ग्रहमा समावेश गरिएका प्रायःजसो रचनाहरू आत्मपरक शैलीमा लेखिएका छन् । **कुकुरको पुच्छर** सङ्ग्रहमा लेखिएका सम्पूर्ण शीर्षकहरू हास्यव्यङ्ग्यात्मक छन् । यी सम्पूर्ण शीर्षकले दिने भाव सान्दर्भिक देखिन्छ । समसामयिक र तत्कालीन शासन व्यवस्थासँग सम्बन्धित विषयवस्तुमा आधारित निबन्धहरू यसमा रहेका देखिन्छन् ।

### ४.२.२ विषयवस्तु

आर.सी. रिजालको हास्यव्यङ्ग्य कृति **कुकुरको पुच्छर**मा सङ्कलित रचनाहरूले समेटेको विषयवस्तु समय र परिवेशको यथार्थ चित्रण हो । सङ्गति नमिलेको वर्तमानका मूलभूत कुराहरूलाई नै मूल विषय बनाएर तिनीहरूमाथि निर्मम प्रहार गरिएको छ । विकृति र विसङ्गतिको निकै फराकिलो आयतन ओगटेको भए पनि उनको यस सङ्ग्रहमा मूलतः निम्न विषयवस्तुको कुशलतापूर्वक संयोजन गर्दै व्यङ्ग्य गरिएको पाइन्छ :

#### ४.२.२.१. **सामाजिक विसङ्गति**

**कुकुरको पुच्छर** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा सङ्कलित रचनाहरूको एउटा विषयवस्तु सामाजिक विसङ्गति पनि हो । जड अन्धविश्वास, सामाजिक दुराचार, घुस, नजराना, ढिलासुस्ती, भ्रष्टाचार, अनुशासनहीनता, पक्षपात, नातावाद, चाकरीजस्ता यावत् विकृतिजन्य कुराहरू सामाजिक विसङ्गतिअर्न्तगत पर्दछन् । सामाजिक विसङ्गतिका कतिपय पाटा र प्रवृत्तिहरूलाई हास्यव्यङ्ग्यकार आर.सी. रिजालले यस कृतिका माध्यमबाट खोयाबाट मकै छोडाए झैँ छोडाएका छन् । यसरी सामाजिक विकृतिलाई विषयवस्तु बनाई लेखिएका निबन्धहरूमा *राजनीतिको चलन, फराँसकान्छा, आधुनिकता र मान्छेको मोडल, खुट्टातान्नु, भ्रष्टेश्वर महादेव* छन् ।

नेपालको लागि भ्रष्टाचार एक सामाजिक अभिशापसिद्ध भएको छ । नियत वा मति नै भ्रष्ट भएपछि पदमा पुगेको कर्मचारी होस् या राजनेता ऊ भ्रष्टाचारमा डुबुल्की मार्न पुगिहाल्छ । विकास निर्माणका निम्ति विनियोजित रकमलाई भ्रष्ट मनोवृत्ति भएका मान्छेहरूले घुमाइ-फिराइ ह्वाम गरेर भुँडी भर्ने काम गर्दछन् । यस्तै किसिमको विकृतिजन्य कुरालाई निबन्धकारले *भ्रष्टेश्वर महादेव* नामक निबन्धमा उल्लेख गरेका छन् । अहिले समसामायिक परिस्थितिमा भ्रष्टाचारलाई मन नपराउने मानिस कम हुँदै गएको देखिन्छ । विभिन्न महेश्वरमध्यको सबैभन्दा विशिष्ट बनेका महेश्वर हुन् भ्रष्टेश्वर महादेव । यही भ्रष्टेश्वर महादेवको पूजा-आजामा अहिलेका मानिस लागिपरेका छन् । यी महादेवलाई सबैभन्दा बढी मनपर्ने भनेको सुनका तक्मा, सिक्का अनि रूपैँयाको खात नै हो । भ्रष्टेश्वर महादेवलाई पूजा गर्न थालेरै होला अहिले विभिन्न किसिमका अपराधीकरण भइरहेका छन् । यसरी यस निबन्धमा भ्रष्टेश्वर महादेवका माध्यमबाट समाजमा हुने सामाजिक विसङ्गतिलाई प्रत्यक्ष उतार्न खोजिएको छ ।

*खुट्टा तान्नु* शीर्षकको रचनामा एक व्यक्तिले अर्को व्यक्तिको सुकर्मतिरका पाइलाहरूलाई ब्रेक लगाई आफू अगाडि बढ्न खोज्छ भन्ने प्रसङ्गलाई विकृतिका माध्यमबाट प्रस्तुत भएको छ । हाम्रो समाज, राष्ट्र, परिवार जो जतासुकै भए पनि एकले अर्काको खुट्टा तान्न पछि पर्दैनन् । राम्रो काम गर्ने व्यक्तिको यहाँ उन्नति हुँदैन । राम्रो काम गरेको देखेर अरूलाई डाहा लागिरहेको हुन्छ । यस्तो कार्यले देशको विकास हुनुको साटो विनास भइरहेको छ । हास्यव्यङ्ग्यकार रिजालले यस प्रवृत्तिलाई एउटा खेल ठानेका छन् ।

यो खेल महादेश-महादेशबीच, राज्य-राज्यबीच, पार्टी-पार्टीबीच, गाउँ-गाउँबीच, एक परिवार र अर्को परिवारबीच, व्यक्ति-व्यक्तिबीच पनि खेलिन्छ (रिजाल २०५५ : २१) । यसै गरी आधुनिकता र मान्छेको मुडमा वर्तमान समाजमा विभिन्न किसिमका सामाजिक विकृतिजन्य कार्यहरू भएको देखिएको छ । मान्छेको मुड फेरिन थालेको छ । विभिन्न किसिमका बाह्य भाषाहरूको सिको गरेर नेपाली भाषालाई पछाडि पार्न खोजिएको छ । नेपाली भाषा बोलेमा अहिलेका युवायुवती आफूलाई पाखे र अशिक्षित सम्झन्छन् । यस्तो किसिमको कुकार्यले सामाजिक विकृति फैलन गई समाजमा कुकर्महरू मौलाउन सक्छन् । यस निबन्धमा व्यङ्ग्यात्मक रूपमा विसङ्गतिलाई समेट्न खोजिएको छ ।

*राजधानीको चलन* निबन्धमा विवाहमा हुने सामाजिक विकृतिलाई उतार्न खोजिएको छ । सामाजिक समस्याका रूपमा रहेको दाइजो प्रथाका कारण विभिन्न किसिमका घटनाहरू भइरहेका छन् । यसले समाजमा विसङ्गति निम्त्याएको छ भन्दै विवाहमा हुने विभिन्न तडक-भडकलाई यसले व्यङ्ग्य गरिएको छ । राजधानीको परिवेशलाई मूल स्थान माने पनि समग्रमा देशका सम्पूर्ण ठाउँमा हुने विकृतिलाई प्रस्तुत गरिएको छ ।

*फराँसकान्छा* निबन्धका माध्यमबाट जुवातासले समाजमा निम्त्याएको कुरीतिलाई व्यङ्ग्य गरेको छ । जुवाले धेरै मानिसको घरबार वर्वाद भएको छ । जुवातास खेल्ने समयमा अन्य कुनै विकासशील कार्य गरेमा समाजको विकास हुनुका साथै परिवारको उन्नति हुने थियो भने रिजालले यस निबन्धमा जुवातासले उत्पन्न गरेको सामाजिक समस्यालाई आधार बनाएर सामाजिक विसङ्गतिहरूमाथि व्यङ्ग्य गरेका छन् ।

### ४.२.२.२ **राजनीतिक विसङ्गति**

आर.सी. रिजालले हावापानी र माटो सुहाउँदो पञ्चायती व्यवस्था र प्रजातान्त्रिक व्यवस्थाको मूल जरो समातेर राइँदाइँ गर्ने पञ्च, महापञ्च, नेता, राजनेता तथा राजनीतिज्ञहरूको जनसेवी आचरण एवम् क्रियाकलापहरूलाई यस सङ्ग्रहका कतिपय निबन्धहरूमा राम्रोसँग उधिनिएको छ । नेताहरूको भनाइ र गराइबीचको अन्तर्विरोधलाई खोतलिएको छ । शोषणले गजधम्म भएको भुँडीलाई छ्याल्ल-ब्याल्ल पारिएको छ । राजनीतिको पिठ्युँमा चढेर राष्ट्र बनाउने नाममा आफू र आफ्नालाई सम्पन्न बनाउने बेइमानी र बदमासीको पर्दाफास गरिएको छ । यसरी राजनीतिक विसङ्गतिप्रति तीब्र प्रहार

गरिएका हास्यव्यङ्ग्य निबन्धहरू *नैतिकताको ग्रन्थिमा क्यान्सर, धत्तेरिका, कुकुरको महिमा, प्रजातन्त्र* शीर्षकमा निबन्धहरू छन् ।

*नैतिकताको ग्रन्थिमा क्यान्सर* निबन्धमा हास्यव्यङ्ग्यत्मक ढङ्गले राजनीतिक क्षेत्रमा लागेका नेताहरूको बयान गरिएको छ । पञ्चायती व्यवस्थाकै समयमा होस् या प्रजातान्त्रिक शासन व्यवस्थामा होस् राजनीतिज्ञहरूको ग्रन्थिमा क्यान्सर लागेको निबन्धकारले ठानेका छन् । सर्वसाधारणका लागि क्यान्सर लाग्नु भनेको पीडादायक र दर्दनाक स्थिति हो तर नेताहरूलाई क्यान्सर लाग्नु भनेको भ्रष्टाचार गर्न झनै प्रेरित गर्नु हो । यस निबन्धमा रिजालले विभिन्न किसिमका हास्यव्यङ्ग्यत्मक सन्दर्भलाई प्रस्तुत गर्दै राजनैतिक सन्दर्भमा देखापर्ने विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । कुनै पनि नेता गाउँबाट पदोन्नति हुँदै सहर पुगेका हुन्छन् । गाउँमा चुनावमा आफ्ना घोषणा-पत्रहरू बखान गर्न जाँदा खाएको मकै, भटमास र गुन्द्रुकको अचारले पखाला लाग्ने नेताहरू काठमाण्डौं पुगेपछि काठमाण्डौको पानी कसरी सुपाच्य भयो भन्नु कौतुहलको विषय भएन र ? (रिजाल, २०५५ : ५) भन्दै निबन्धकारले राजनैतिक नेताप्रति व्यङ्ग्य गरेका छन् । यस निबन्धमा तत्कालीन राजनीतिक शासन व्यवस्थामा सहभागी हुने राजनेताहरूको तिखो व्यङ्ग्य गरिए पनि हालको राजनीतिक परिवेशमा समेत तिखो व्यङ्ग्य भएको छ । राजनेता, शासक, कर्मचारी र ठूला व्यापारीप्रति सहज किसिमले तिखो व्यङ्ग्य गरिएको छ । राजनीतिक गर्ने राजनेता र शासन गर्ने शासकहरूलाई व्यङ्ग्य गर्दै रिजालले भनेका छन्, पद, पैसा र फोस्रो प्रतिष्ठाको तापमान बढ्दै गएपछि नैतिकताको ग्रन्थिमा क्यान्सरको लक्षण देखापर्दछ । २००७ सालदेखि जनताले धेरैपटक प्रजातन्त्र देखे, व्यवस्थाको नाममा परिर्वतन भयो । निर्दलबाट बहुदल तर मौसम परिर्वतन भएन उही निर्दल छ । नेताहरूको ग्रन्थीमा रोग लागेर होला । निर्दलीयताको स्वभावमा अलिकति पनि आँच आउन दिएका छैनन् । जनताको अगाडि भएको प्रजातान्त्रिक खेलमा ठाडै फाल हान्दा अर्काको खुटटै भाँच्दा यी कानमा ठेली हालेर, आँखामा पट्टी बाँधेर खेल्ने खेलाडीहरूले न जनताको हुटिङ् सुने न एम्पाएरको पिपिरी सुने, न एलोकार्ड नै देखे । नैतिकताका दरिद्रहरूले कुर्सी मात्र देखे । कुर्सी समात्ने दौडमा कोही त सेफ्टीट्याङकीभित्रै खसे । यस्ता सिलपट खेलाडीहरूलाई रोगीहरूको जमातले उल्टै होनाहार खेलाडी घोषणा गरे (रिजाल, २०५५ : ६-७) । नैतिकताको ग्रन्थीमा क्यान्सर लाग्नु सबैभन्दा खतरापूर्ण रोग रहेछ । त्यसमा पनि राजनीति गर्ने व्यक्तिहरूलाई त यो रोग

नलागोस् । आफूले जनतासामु गरेको बाचाहरूलाई नेताहरूले भुलिदिन्छन् । यही रोग लागेर भुल्दा रहेछन् ।

*धत्तेरिका* शीर्षकको निबन्धमा पनि राजनीतिले गर्दा परेको प्रभावलाई सहज रूपमा प्रस्तुत गरिएको छ । राजनीतिले एउटै बाबुआमाबाट जन्मेका दाजु-भाइबीच फाटो पारेको छ । यहाँ दुई फरक-फरक राजनीतिक विचार बोकेका दुई पात्रहरू छन् निष्पक्षप्रसाद र अभयप्रसाद । कम्युनिष्ट पार्टीका यी दुई दाजु-भाइबीच राजनीतिक विचार धारा फरक-फरक भएकाले सानो कुरामा पनि झै-झगडा गरेर पानी बाराबारको स्थिति पनि आएको छ । राजनैतिक विचार सबैसँग फरक-फरक हुन्छ, तर त्यसैलाई प्रभुत्व शीर्षक बनाएर झगडा गर्नु राम्रो होइन भन्दै रिजालले यसका माध्यमबाट मान्छेमा भएका भ्रष्ट क्रियाकलाप, नैतिकहीन आनीबानी, निजी स्वार्थका निम्ति बढिरहेको महत्त्वकाङ्क्षा आदि कुरालाइ मुखतिर गर्न खोजेका छन् । यो निबन्ध पनि राजनीतिक विसङ्गतिको जरो उखेल्दै खरो ढङ्गले व्यङ्ग्य प्रहार गर्न सक्षम रहेका देखिन्छन् । निष्पक्षप्रसादले एउटा बाखी कान्लामा चर्न लागेको अवस्थामा उसलाई पिटेर खेदेको र बाखी ४, ५ दिनपछि मरेपछि अभयप्रसादले देखाएको जमातले बाखी मार्ने काँग्रेसी मुर्दावाद भनेर गाउँभरि घुमाएको सन्दर्भले राजनीतिक विसङ्गति कति रहेछ भनेर सहजै थाहा हुन्छ ।

*कुकुरको महिमा* निबन्धमा प्रयोग गरेको विषय रोचक र चाखलाग्दो देखिन्छ । कुकुरलाई राजनीतिक नेताहरूसँग दाँजेर व्याख्या गरेको देख्दा निबन्धकारलाई दुःख लागेको छ । हाम्रो समाजमा कुकुरलाई एक कर्मठ मिहिनेती, लगनशील, धैर्यशाली जन्तु मान्ने गरिन्छ । कुकुरले नै विभिन्न आपराधिक घटनाहरू भएको ठाउामा अपराधी पत्ता लगाउने काम गर्छ । यति मिहिनेती कुकुरसँग नेताहरूलाई दाँजेर कुकुरको महिमा घटाइएको छ । हाम्रा देशका नेताहरू कुकुरजस्तो नभएर शोषक, पीडक, भ्रष्टाचारी बन्दै गएका छन् भन्दै राजनीतिक विसङ्तिलाई व्यङ्ग्य गर्दै रिजाल भन्छन्, “इमान्दारीको कुरा गर्दा मानिसभन्दा बढी इमान्दार कुकुर हुन्छन् । ऊ बसेको घर उसको मातृभूमि हो । उसले आफ्नो घरको सीमामा कोही आयो भने भुक्छ, केही नलागे आक्रमण गर्छ । आफ्नो ज्यानको माया गर्दैन । राष्ट्रियताको गुड्डी हाक्ने नेताभन्दा कुकुरको स्थान माथि नै हुन्छ तर हिजोआज काठमाडौं (नेपाल) मा घरपालुवा कुकुरलाई ठूला-ठूला नेताको नाम राख्ने चलन र पत्रिकाहरूमा कार्टुन प्रकाशित हुँदा कुकुरको गर्धनमाथि नेताका टाउको जोडेर निकाल्ने तरिका मलाई

ठीक लागेन किनकि त्यस्ता नेताहरूलाई मेरो दृष्टिमा कुकुरसँग दाँज्न मिल्दैन (रिजाल, २०५५ : २७) ।"

*प्रजातन्त्र* शीर्षकको निबन्धमा पनि राजनीतिक विसङ्गति छताछुल्ल देखिन्छ । २०४६ सालको जनआन्दोलनबाट निरङ्कुश पञ्चायती व्यवस्था हटी बहुदलीय शासन व्यवस्थाको सूत्रपात भयो । देशमा ससंदीय तथा स्थानीय निर्वाचन हुन थाल्यो अनि जनतामा चेतनाको विकास हुन थाल्यो तर जब देशमा प्रजातन्त्र आयो तब विभिन्न किसिमको भ्रष्टाचारजन्य कार्यको सुरुवात भयो । प्रजातन्त्र आइसकेपछि यसको सफल कार्यान्वयन हुन नसकेको कुरा यस निबन्धमा देखाइएको छ । चुनावका समयमा उठेको उमेदवार जो सम्पन्नशाली छ, त्यही नै विजयी हुने गर्दछ । यसले असल राजनीतिक गर्ने व्यक्ति पछाडि पर्ने र राजनीति नगर्ने व्यक्ति माथि जाने गरेको सान्दर्भिक कुरालाई यस निबन्धबाट विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ । देशका जनताले निरङ्कुश पञ्चायती व्यवस्थाबाट दिक्दार भई प्रजातन्त्र आएपछि देशमा शान्तिको बीजारोपण होला अनि गरीब जनताले पेटभरि खान पाइएला भन्ने ठूलो सपना देखेकामा त्यसको विपरीत भएको देखिन्छ । यो सबै देशमा शासन व्यवस्था सञ्चालन गर्ने शासकहरूको कमजोरी र निरीहपनले गर्दा हो । यस निबन्धका माध्यमबाट देशमा हुने विभिन्न विरोधका आन्दोलनहरूमा देशका गौरवमय संरचनाहरू ध्वस्त भएर देश खोक्रो हुँदै गएको देखाइएको छ । यसरी प्रस्तुत हास्यव्यङ्ग्य रचनाको मूल विषयवस्तुमध्ये एक राजनीतिक विसङ्गतिलाई बनाएको छ, भन्न सकिन्छ ।

### ४.२.२.३ **मानवीय विसङ्गति**

हास्यव्यङ्ग्यकार मात्र होइन एउटा इमान्दार लेखक आफैभित्र रहेका दुर्बलता, कमी-कमजोरी र आफ्नै भुलहरूमाथि प्रहार गर्दै कलम चलाउँछ । व्यङ्ग्यकार पनि यही समाजको एउटा सदस्य भएको हुँदा सामाजिक विसङ्गतिले उसलाई प्रभावित पार्नुका साथै उसका व्यक्तिगत दुर्बलता र भुलहरूले समाजलाई प्रभावित पार्नु स्वाभाविक हो । आर.सी. रिजाल पनि यसका अपवाद थिएनन् । रिजालका केही रचनाहरूको अध्ययन गर्दा के थाहा पाइन्छ भने उनी स्वयम्ले आफ्नै विसङ्गति स्वभाव, आनीबानी र क्रियाकलापहरूमाथि पनि मज्जासँग सिस्नोपानी लगाएका छन् ।

*तँलाई गोरु* निबन्धमा मानवीय विसङ्गतिलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । अहिलेका मान्छेले कुनै पनि आफ्ना मान्छेलाई गोरुसँग दाँजेर गाली गरेकामा निबन्धकारलाई मन परेको छैन । गोरुजस्तो मिहिनेती र परिश्रमी जनावरलाई अहिलेका अल्छी र पाखण्डीपन भएका मान्छेसँग दाज्नु हुँदैन भन्ने उनको राय छ । देशमा अहिले मानवीय विसङ्गतिजन्य कार्यहरू हुँदै आएका छन् । मानिसले निरन्तर रूपमा मिहिनेत र परिश्रममा लागिरहनु पर्दछ । यसो नगरेमा आफू स्वयम् पछाडि पर्ने र उन्नति नहुने देखिन्छ । गोरुलाई उमेर छउन्जेल राम्रोसँग पालन-पोषण गर्ने पछि बूढो भएपछि स्याहार-सुसार नगर्ने अनि गोठबाट लखेटिदिने कार्य अहिलेका मानवहरूले गर्दछन् । यस निबन्धमा व्यङ्ग्यबाट मानिसको स्वभावलाई उठाउन खोजिएको छ । बूढापाका आमाबुबालाई छोराछोरीले हेरचाह नगर्ने अनि वृद्धाश्रममा लगेर राखिदिने जस्ता मानवीय विसङ्गतिजन्य कार्य गर्दछन् । यसरी आजको समयमा मानवता, मानवीय भावना हराउँदै गएको छ, माया-दया हराएको छ । यस कुरालाई यस निबन्धमा सफल रूपमा व्यङ्ग्य गर्न खोजिएको छ ।

*राम्रो म* निबन्धमा मान्छेले आफू अथवा 'म' लाई नै बिर्सेको तथ्यप्रति व्यङ्ग्य गरिएको छ । 'म' जन्मिनुको कारण के हो ? म यस पृथ्वीमा आइसकेपछि के गर्नुपर्ला ? जस्ता प्रश्नका बारेमा अहिलेका मानिसले मस्तिष्कलाई थोरै भए पनि खियाउन चाहँदैनन् । मानिसले यस पृथ्वीमा केही न केही उत्कृष्ट काम गरी इतिहासमा नाम लेखाउनु पर्दछ । यसो गरेमा मात्र मान्छे-मान्छे भएको आभाश हुन्छ । मान्छेहरू एकपटक आरोहण गरिसकेको हिमाल बारम्बार किन आरोहण गर्छन् ? म बन्नलाई हो (रिजाल, २०५५ : १७) भन्दै रिजालले मानवीय धर्म सम्झाउने काम पनि गरेका छन् ।

*भीमसेनका बोका र कस्तुरी मृग* निबन्धमा मानवीय विसङ्गति हुँदाहुँदै पनि दुवै धेरै फरक देखिन्छन्, बोकाको गन्ध सहिनसक्नु हुन्छ, नाक थुन्नुपर्ने हुन्छ भने कस्तुरी मृगको सुगन्धले आनन्दित पार्दछ भन्दै निबन्धका माध्यमबाट हास्यव्यङ्ग्यकार रिजालले मान्छे सबै एउटै हुन् तर कोही बोका बनेका छन् त कोही कस्तुरी मृग बनेको सत्य वर्णन गरेका छन् । बोका बन्नेहरूले नै देशमा नीति, नियम, अनुशासन, सदाचारलाई त्याग्ने गर्छन । बोकाहरूले कोही मृग आफू सामु आएमा मृगलाई आफूजस्तै बनाई मृगको अस्तित्व नै सखाप पारिदिन्छन् भन्ने लेखकको आशय व्यक्त भएको यस निबन्धमा अहिलेको विसङ्गतिपूर्ण परिस्थितिलाई व्यङ्ग्य गर्न खोजिएको छ ।

*माया* निबन्धमा मायाले गर्दा देखिएका मानवीय विसङ्गतिको चर्चा गरिएको छ । मायालाई रूपैयाँ, पैसासँग दाँजेर सस्तो बनाइएको र मायामा स्वार्थ झुलेको देखिन्छ भन्दै रिजालले मान्छेसँग धन धेरै छ, त्यसैलाई सबैले माया गरेको ठानेका छन् । के मायालाई धन र पैसासँग दाँज्न मिल्छ ? त्यसैलाई व्यङ्ग्यका रूपमा प्रस्तुत गर्दै एउटै आमाको कोखबाट जन्मेका छोराहरूमध्ये जुन छोराले बढी सम्पत्ति आर्जन गरेको छ, त्यसलाई आमाबाबुले माया गर्नु पनि एकप्रकारको विसङ्गति हो, भनिएको छ (रिजाल, २०५५ : ५१) ।

अर्को निबन्ध *कान्छा कान्छी*मा पनि मानवीय विसङ्गतिलाई व्यङ्ग्यका रूपमा प्रस्तुत गरिएको छ । कान्छा कान्छी हुँदैमा ती असक्षम हुन्छन् भन्ने समाजको नकारात्मक सोचलाई यहाँ प्रस्तुत गरिएको छ । कान्छो भन्दैमा उसले केही गर्न सक्दैन भन्ने होइन मोतीराम भट्टको सानैमा मृत्यु भए पनि उनी नेपाली साहित्यमा सफल र प्रतिष्ठित साहित्यकारका रूपमा परिचित छन् । त्यसैले सानोलाई हेला गर्नु हुँदैन भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ । यसो गर्दा मान्छेमा कुविचारको उत्पत्ति भएर मानवीय विसङ्गति हुनतर्फ लाग्दछन् भन्ने कुरालाई रिजालले सटीकतापूर्वक प्रस्तुत गरेका छन् ।

### ४.२.२.४ **धार्मिक तथा सांस्कृतिक विसङ्गति**

हास्यव्यङ्ग्यकार आर.सी रिजाल प्रगतिवादी लेखक भएकाले उनले धार्मिक रूपमा हुने पूजापाठ, व्रत, ज्ञान, महायज्ञ आदि कुनै पनि क्रियाकलापलाई मन पराउँदैनन् । पाठपूजा गर्नुभन्दा पहिले उनले आफ्नो मन शुद्ध हुनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । त्यसैले उनले लेखेका रचनाहरूमा पनि त्यसको व्यङ्ग्यात्मक रूपमा विरोध गरिएको छ । यस सर्न्दभमा लेखिएको निबन्ध हो *वैतरणी* । वैतरणीका माध्यमबाट रिजालले मरिसकेका मातापिता वा अन्य कुनै पनि मृतकको नाममा विभिन्न पिण्ड दिने र उसको स्वर्गमा बास होस् भनेर विभिन्न किसिमका नगद तथा जिन्सी सामान दान गर्ने चलनलाई विरोध गरेका छन् । धार्मिक तथा सांस्कृतिक विसङ्गतिप्रति यस निबन्धमा व्यङ्ग्य प्रस्तुत भएको छ । यसरी विषयवस्तुको छनोट र तत्सम्बन्धी संयोजनले यस सङ्ग्रहलाई हास्यव्यङ्ग्यको एउटा सफल कृतिका रूपमा उभ्याइएको छ ।

### ४.२.३ **भाषाशैली**

कुनै पनि विषयवस्तुलाई पाठकसामु अभिव्यक्ति गर्ने सशक्त माध्यम भाषा हो । हास्यव्यङ्ग्य रचनाका निम्ति भाषिक सरलताका साथै सरसताको पनि उत्तिकै जरुरी पर्दछ ।

लोकबोलीमा पचिसकेका र बोधगम्य हुनेसम्मका विभाषीय शब्दहरूको प्रयोगले मधुर हास्यको उत्पत्ति र गम्भीर व्यङ्ग्यलाई मद्दत नै पुगेको छ । यस सङ्ग्रहमा रिजालले बोधगम्ययुक्त शब्दहरूको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा रहेका विभिन्न शीर्षक, नाम, निबन्धमा विभिन्न किसिमका उखान-टुक्का प्रयोग गरेको पाइन्छ । गोरु चुटाइ चुट्नु ( २), हिँड्ने गोरुको पुच्छर निमोठ्नु ( २), खुट्टा तान्नु ( २१), जस्तालाई तस्तै ढिँडोलाई निस्तै ( २२), म ताक्छु मुढो बञ्चरो ताक्छ घुँडो ( २२), खुकुरीभन्दा कर्द लामो ( ३७), घाँटी हेरी हाड निल्नु ( ३८) जस्ता उखान टुक्का केही उदाहरण मात्र हुन् । यसरी यस्ता शब्दहरूको प्रयोगले सङ्ग्रहलाई सफल हास्यव्यङ्ग्यसङ्ग्रहका रूपमा चिनाएका छन् । यद्यपि समग्रमा भन्नुपर्दा प्रस्तुत सङ्ग्रहमा अधिकांश रचनाहरूमा प्रयुक्त भाषा सरल र सुबोध छ ।

हास्यव्यङ्ग्यसङ्ग्रहमा शैलीको एकरूपता छैन । हास्यव्यङ्ग्य कृतिको सफल विशेषता पनि यही हो । सङ्ग्रहका विभिन्न निबन्धहरूमा विवरणात्मक तथा संवादात्मक शैली अपनाइएको छ । यसरी विविधताले पाठकलाई प्रत्येक निबन्धमा नयाँ स्वाद दिँदै मनोरञ्जन पैदा गर्छ भने विसङ्गति बोध गराउँदै त्यसलाई सुधार्नेतर्फ जागरण पैदा गरिदिन्छ । रिजालका अरू सङ्ग्रहमा पनि यसै किसिमको शैलीगत विविधता पाइन्छ ।

### ४.२.४ **उद्देश्य**

नेपाली साहित्यका क्षेत्रमा देखिएका सम्पूर्ण साहित्यकारहरूमा कृतिहरूको अध्ययन गर्दा सबैको एउटा-एउटा उद्देश्य रहने गर्दछ । उद्देश्य नभएका कृति खासै पाइँदैनन् । लेखकले अभिधा अर्थमा नभनेर लक्ष्यार्थ वा व्यङ्ग्यार्थमा उद्देश्य भनिरहेको देखिन्छ । त्यसअन्र्तगत हास्यव्यङ्ग्यकार आर.सी. रिजालको कृति रचना गर्नुको पनि उद्देश्य छ । हास्यव्यङ्ग्यको माध्यमबाट नेपाली समाज वा अन्य क्षेत्रमा देखिएका समस्याहरूको समाधान गर्ने यिनको प्रमुख उद्देश्य हो । **कुकुरको पुच्छर** निबन्धसङ्ग्रहमार्फत् रिजालले समाज सुधारतर्फ उन्मुख हुन आग्रह गरेका छन् । कुसंस्कारलाई जरैबाट उखेल्नु पर्छ भन्ने मुख्य उद्देश्य यस कृतिमा देखिएको छ ।

### ४.२.५ **निष्कर्ष**

लेखन र प्रकाशनका हिसाबले **कुकुरको पुच्छर** रिजालको दोस्रो कृति हो भने हास्यव्यङ्ग्य क्षेत्रको पहिलो हास्यव्यङ्ग्य कृति हो । यही कृतिमार्फत् उनी नेपाली साहित्यको हास्यव्यङ्ग्य क्षेत्रमा प्रवेश गरेका छन् । उनको प्रवेशको सुरुवात नै सफल र सार्थक रहेको

देखिन्छ । सामाजिक, राजनीतिक तथा मानवीय विसङ्गतिमाथि तीव्र प्रहार गरी त्यसमा सुधारको र सङ्गति अपेक्षा गर्नु हास्यव्यङ्ग्यको धर्म हो । यस धर्मलाई विभिन्न कोणबाट **कुकुरको पुच्छर** हास्यव्यङ्ग्यसङ्ग्रहले निर्वाह गरेको छ । राजनीतिक, सामाजिक, धार्मिक विसङ्गति अन्य पक्षभन्दा बढी देखिन्छ । समाजमा देखिने विसङ्गतिमाथि रिजालले व्यङ्ग्यात्मक तिर छाडेका छन् रिजालले ।

## ४.३ **'कण्ठ लगौटी' निबन्धसङ्ग्रहको अध्ययन**

### ४.३.१. **विषय परिचय**

२०६३ सालमा प्रकाशित यो सङ्ग्रह रिजालको दोस्रो हास्यव्यङ्ग्य कृति हो । यस सङ्ग्रहमा १२ वटा रचनाहरूसङ्कलित छन् । *गुरुबा गुरुआमा, तेरो बाउको पिण्ड लुकाइस हैन?, कुकुर त म नेपालकै हुँ, क्यू ज्यू, चपेटाप्रसादको कथा, कण्ठलगौंटी, नकच्चरा, हामी नै हौं त बुद्धिजीवी ?, अच्छा लेकिन, नेपालका मजदुर एक हौं, राष्ट्रिय धमिरा* र *लिङ्ग जडान कार्यक्रम* यसका निबन्धहरू हुन् । प्रायः सबै रचनाहरू निबन्धात्मक संरचनाअन्तर्गत देखिएका छन् । निबन्धहरू त्यति लामा पनि छैनन्, एकदमै छोटा पनि छैनन् र मझौला किसिमका देखिन्छन् । यी निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा छापिएर रहेको अवस्थामा सङ्कलन गरी सङ्ग्रहका रूपमा प्रस्तुत गरिएको छ ।

### ४.३.२ **सङ्ग्रहको शीर्षक तथा भाव सङ्गति**

शीर्षक कुनै पनि कृतिको प्रारम्भिक पहिचान हो । पाठकले शीर्षक हेरेर कृतिलाई चिन्ने प्रयास गर्छ, त्यसैले शीर्षक कृतिको अनुहार पनि हो । शीर्षक सबै साहित्यिक विधाका कृतिहरूको आङ्गिक तत्त्व हो । साहित्यका सबै विधामा कृतिहरूको कुनै न कुनै नामकरण गरिएको हुन्छ । त्यही नामकरण नै सम्बन्धित साहित्यिक कृतिको शीर्षक हो । निबन्धको पनि शीर्षक पहिलो तत्त्व हो । निबन्धले व्यक्त गर्न खोजेको भाव शीर्षकले बहन गरेको हुन्छ । शीर्षकले निबन्धहरूको समष्टिगत छनक दिन्छ । निबन्ध आत्मपरक वा वस्तुपरक भएपछि छोटो, मिठो र निबन्ध सुहाउँदो शीर्षक हुनुपर्छ । यसर्थ कुनै पनि लेख, रचनाको टाउकोमा रहने तत्त्व नै शीर्षक हो । शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुको मूलभावको सङ्केत गराउँदछ । यस निबन्धसङ्ग्रहभित्र विभिन्न शीर्षकका बाह्रवटा निबन्धहरू रहेका छन् जसमा पहिलो निबन्ध *गुरुबा गुरुआमा* हो भने अन्तिम *लिङ्ग जडान कार्यक्रम* रहेको छ ।

यस सङ्ग्रहमा सङ्ग्रहित छैठौं निबन्ध *कण्ठ लँगौटी* का आधारमा शीर्षक राखिएको छ । यो निबन्धसङ्ग्रह विषयवस्तुका आधारमा सार्थक र औचित्यपूर्ण रहेको छ ।

### ४.३.४ **विषयवस्तु**

कुनै पनि लेख, रचनामा निश्चित गरिएको कुरा वा विचारहरूको सङ्गालोलाई विषयवस्तु भनिन्छ । मानव चेतनाको यावत् अनुभवपुञ्ज र मानवीय समाज र संस्कृति, पुराकथा, इतिहास, दर्शन र ज्ञान-विज्ञानादिका साथै मानव मनभित्रका समस्त अनुभव र व्यापारको समग्र प्रकाशन निबन्धका विषयवस्तुमा पर्न सक्दछन् । साहित्य सृजनाका लागि चयन गरिएका मूलभूत कुरालाई नै कुनै पनि कृतिको विषयवस्तुका रूपमा लिन सकिन्छ ।

यस निबन्धसङ्ग्रहमा रिजालले वर्तमान मान्छेका क्रियाकलापको धज्जी उडाएका छन् । हाम्रो समाजमा देखिएका सामाजिक, राजनैतिक, सांस्कृतिक, मानवीय जनजीवनमा देखापरेका असङ्गति र विकृतिलाई नै मूल विषयवस्तु बनाइएको छ । **कण्ठ लँगौटी** हास्यव्यङ्ग्य निबन्धसङ्ग्रहमा पद, अधिकार र जिम्मेवारीप्राप्त ठूला मान्छेहरूबाट नै हुने गरेका दुराचार, पापाचार, भ्रष्टाचार, विश्वासघात, पक्षपात आदिलाई उदाङ्गो पारेर मनोरञ्जनात्मक ढङ्गले हाम्रो सामु राखिदिँदै तिनका गल्तीहरूमाथि व्यङ्ग्यको वारुद ओइऱ्याएका छन् । **कण्ठ लँगौटी** निबन्धसङ्ग्रहलाई विस्तारपूर्वक अध्ययन गर्दा यसमा सङ्ग्रहित हास्यव्यङ्ग्य रचनाले निम्नलिखित विसङ्गतिहरूलाई प्रमुख विषयवस्तुको रूपमा समेटेको पाइन्छ :

#### ४.३.४.१ **राजनीतिक विसङ्गति**

**कण्ठ लँगौटी** निबन्धसङ्ग्रहमा राजनीतिक विकृति र विसङ्गतिलाई हास्य एवम् व्यङ्ग्यको मूल आधार बनाई निबन्धहरूको विन्यास गरिएको पाइन्छ । यस सङ्ग्रहमा राजनीतिक विसङ्गतिका विभिन्न पाटा र प्रकरणहरूलाई विभिन्न प्रसङ्गमा प्रकट तथा प्रस्तुत गरिएको भए पनि मूलरूपले *कुकुर त म नेपालकै हुँ, चपेटाप्रसादको कथा, राष्ट्रिय धमिरा, नेपालका मजदुर एक हौं, नकच्चरा*जस्ता निबन्धमा बढी राजनीतिक विसङ्गतिको चित्रण र चर्चा गरिएको छ ।

राजनीतिमा हावी भएका विसङ्गति र विकृतिको एउटा रूप आफू सत्तामा हुँदा सबै ठीक, आफू सत्ताको भऱ्याङबाट ओर्लनासाथ सबै कुरा बेठीक ठान्ने, प्रजातन्त्रका नाममा व्यक्तितन्त्र र देशले विनासै-विनास मात्र भोग्नु परेको जस्ता विषयलाई व्यङ्ग्यको आधार बनाएर निबन्धहरू लेखिएका छन् ।

*कुकुर त म नेपालकै हुँ* शीर्षकको निबन्धमा प्रजातन्त्रको विनाश भएको देखाइएको छ । असल नेताहरूको कमी भएको महसुस गर्न थालिएको छ । नेताहरूभन्दा कुकुर सच्चा देशभक्त र इमान्दार भएको देखाएर यसमा राजनीतिक विसङ्गतिको सफल चित्रण गरिएको छ ।

अर्को निबन्ध *चपेटाप्रसादको कथा*मा प्रजातन्त्र आइसकेपछि देशमा मूल्यवृद्धि झन् माथि उक्लिएको र गरिब किसानका परिवारमा एक छाक खान र एक सरो लुगा लगाउन समेत गाह्रो भएको तथ्यलाई व्यङ्ग्यात्मक पाराले उतार्न खोजिएको छ । प्रजातन्त्रलाई उन्नत र विकसित बनाउनको साटो यसलाई फक्रन नदिई बोट नै सखाप पार्नेतर्फ लागेका छन् नेताहरू भन्दै देशमा भएको राजनीतिक परिवर्तनले देशलाई सुमार्गतिर लग्ने भनिएकोमा त्यसो नभएर देश कुमार्गतिर लागेको कुरा स्पष्ट पारिएको छ । पञ्चायती व्यवस्थामाभन्दा बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा उन्नतिका कार्यहरू हुनु पर्ने हो तर महङ्गीले जनतालाई न्याकेको न्याकै छ (रिजाल, २०५७ : १९) । त्यस्तै नक्चरा हुन कतिपयले राजनैतिक पार्टी खोलेर, कतिपयले भ्रष्टाचार गरेर, कसैले सामाजिक मर्यादा उल्लङ्घन गरेर र कसैले त मानवताको नै हत्या गरेर यो उपलब्धि हासिल गरेका छन् ( रिजाल, २०५७ : ३०) भन्ने विचार व्यक्त गरेर रिजालले वर्तमानको वस्तुस्थितिलाई स्पष्ट पारेका छन् ।

*नेपालका मजदुर एक हौं* शीर्षकको निबन्धमा पनि राजनीतिक विसङ्गतिप्रतिको वितृष्णालाई प्रस्तुत गरिएको छ । नेपालमा विभिन्न राजनीतिक पार्टीहरू खोलिएका छन् । त्यस्ता पार्टीहरूले देशका जनताहरूलाई भेंडा बनाएका छन् । नेपालका मजदुरहरू एक हुनु पर्नेमा राजनीतिक पार्टीहरूको झोला बोक्न लाग्दा एक नभएको देखिन्छ । यसले गर्दा मजदुरको हक, हितसँग सम्बन्धित कुराहरू ओझेलमा पर्न गई आफै पछाडि परिरहेको वस्तुस्थितिलाई सङ्केत गर्दै त्यसका विरुद्ध एकजुट हुन मजदुरहरूलाई आह्वान गरिएको छ ।

*राष्ट्रिय धमिरा* शीर्षकको निबन्धमा धमिराजस्ता हाम्रा देशका नेताहरूले देशलाई भित्रभित्रै खोक्रो पार्दै सिध्याईरहेको यथार्थ पक्षलाई सफल रूपमा व्यङ्ग्यात्मक रूपले प्रस्तुत गरिएको छ ।

४.३.४.२ **सामाजिक विसङ्गति**

समाजमा व्याप्त अनाचार, दुराचार, अनैतिकता, सामाजिक भेदभाव, गरिबीले निम्त्याएको समस्या आदि सामाजिक विसङ्गतिका यथार्थ हुन् । रिजालले आफ्ना रचनाहरूमा यिनै सामाजिक विसङ्गतिका कतिपय केस्राहरूलाई पनि मज्जासँग केलाएका छन् । **कण्ठ लँगौटी** निबन्धसङ्ग्रहमा पनि यिनै र यस्तै विसङ्गतिहरूलाई मूल विषय बनाएर विभिन्न शीर्षकका निबन्धहरू लेखिएका छन् ।

*तेरो बाबुको पिण्ड लडाइस् हैन त* शीर्षकको निबन्धमा देशमा रहेको गरिबीपनले समाजमा निम्त्याएका विकृतिहरूलाई प्रहार गर्न खोजिएको छ । गरिब भएमा समाजको विकास हुँदैन भन्ने तथ्यलाई यसमा प्रष्टसँग देखाइएको छ ।

*अर्को लिङ्ग जडान कार्यक्रम* शीर्षकको निबन्धमा निबन्धकारले गधाको माध्यमबाट सामाजिक विसङ्गतिलाई सचेत रूपमा व्यक्त गरेका छन् । गधाले गर्ने कामलाई आत्मसात गरी समाजरूपान्तरण गर्नमा अगाडि बढ्नु पर्दछ भन्ने भाव निबन्धकारले व्यक्त गरेका छन् ।

*गुरुबा गुरुआमा* निबन्धबाट हाम्रो देशका सरकारी स्कुलमा हुने अनैतिक काम अनि शिक्षकले पढाउने तरिका वा शैलीलाई विसङ्गतिका रूपमा प्रस्तुत गरेका छन् । जुन मानिसले नराम्रो गर्छ त्यसैलाई त्यस समाजमा सम्मान गर्ने गरिन्छ । यस्तो हुनाले समाजमा विभिन्न विकृतिहरू देखा पर्दछन् । शिक्षामा भएका नकारात्मक कुराहरूलाई विकृतिका रूपमा व्यङ्ग्य गरिएको छ ।

*हामी नै हौं वुद्धिजीवी* नामक निबन्धमा समाजले जससँग रूपैयाँ-पैसा छ त्यसैलाई वुद्धिजीवी मान्ने प्रचलनलाई व्यङ्ग्यात्मक तरिकाले उछितो काढ्न खोजिएको छ । अहिले देशमा वुद्धिजीवी मानिस भेटाउन निकै गाह्रो छ, सबै मूर्ख मात्र छन् । त्यही मुर्खताले गर्दा

देश नकारात्मक बाटोतिर जाँदैछ त्यसैले त्यही विकृतिलाई टपक्क टिपेर रिजाल व्यङ्ग्य गर्न पुगेका छन् ।

यसरी **कण्ठ लँगौटी** निबन्धसङ्ग्रहभित्र यत्रतत्र सर्वत्र सामाजिक विसङ्गति र विकृतिमाथि उनले व्यङ्ग्यात्मक तीर प्रहार गरेका छन् र ती सबै तीर तोकेको निशानामा नै लागेका छन् ।

### ४.३.४.३ **प्रशासनिक विसङ्गति**

कुनै पनि प्रशासनिक काम-काजको समयमा देखिएका विभिन्न समस्याहरूलाई विकृतिका रूपमा प्रस्तुत गर्नु प्रशासनिक विकृति, विसङ्गति हो । रिजालले जे-जति कृतिहरू लेखेका छन् तीमध्ये धेरैजसो कृतिहरू आफ्नै जीवनसँग सम्बन्धित रहेर लेखेका देखिन्छन् । उनी प्रशासनिक क्षेत्रमा जागिरे भएको हुनाले पनि यस्ता विकृतिहरूलाई आफ्नो रचनामा समेटेका छन् । **कण्ठ लँगौटी** निबन्धसङ्ग्रहमा यही विकृतिलाई देखाइएको छ । प्रशासनिक कार्यालयहरूमा आफूभन्दा तल्ला स्तरका कर्मचारीहरूलाई माथिल्लो स्तरका हाकिमले कसरी हेपाहा दृष्टिले काम गराउँछन् भन्ने कुरा व्यङ्ग्यात्मक पाराले देखाइएको छ । देशका सम्पूर्ण प्रशासनिक कार्यालयहरूमा देखिने विभिन्न विकृतिहरूको प्रतिनिधि निबन्ध बनेको छ *कण्ठ लँगौटी* । प्रशासनिक कार्यालयमा हुने कामका ढिला-सुस्ती र काम गराउँदा घुस खान खोज्ने कर्मचारीको पनि रिजालले खोइरो खनेका छन् । यसरी **कण्ठ लँगौटी** हास्यव्यङ्ग्यात्मक निबन्धसङ्ग्रहमार्फत् प्रशासनिक विकृतिमाथि प्रभावकारी ढङ्गले प्रहार गरेका छन् ।

### ४.३.४.४ **साहित्यिक एवम् सांस्कृतिक विसङ्गति**

**कण्ठ लँगौटी** हास्यव्यङ्ग्यसङ्ग्रहमा देखिएका विसङ्गतिमध्ये साहित्यिक विसङ्गति पनि एक हो र यस सङ्ग्रहमा साहित्यिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएका निबन्धहरू भए पनि सांस्कृतिक विसङ्गतिप्रति व्यङ्ग्य गरिएका निबन्धहरू पाइँदैनन् ।

*क्यू ज्यू* निबन्धमा साहित्यिक कृतिहरू पढ्न योग्य नभए पनि पत्र-पत्रिकामा छापिन पुग्छन् र यस्तो हुनु साहित्यिक क्षेत्रमा भएको विसङ्गति हो भन्दै रिजालले साहित्यिक क्षेत्रमा लागेका साहित्यकारहरूलाई राज्यले सम्मान गर्न सकेको छैन र उनले देशमा परिवर्तन ल्याउन विभिन्न लेखहरू लेखेर सहयोग गरेको बिर्सन्छन् भन्ने स्पष्ट पारेका छन् ।

त्यसै गरी अहिले बकमफुसे साहित्यकारलाई सम्मान गरेको देखिन्छ । त्यसले गर्दा दोसल्लाको इज्जत गएको छ भन्दै निबन्धकारले व्यङ्ग्य गरेका छन् । "साँच्चै भन्ने हो भने दोसल्ला र वरिष्ठको पदवी चार-पाँच दशक निरन्तर साहित्यिक योगदान पुऱ्याउनेलाई दिएमा त्यसको महत्त्व रहन्छ होला । अहिले त दोसल्लाको मूल्य हेरिन्छ, महत्त्व होइन । दोसल्लाहरू डिमोसन भएर बर्कोमा झरेका छन् । पसलको डाहाले हो या फसलमा पुग्ने रहरले हो या विज्ञापनको युगले हो, दोसल्ला फालाफाल भइरहेको छ । कुनै-कुनै स्थानमा त भर्खर दाउन लागेको बहर गोरुलाई एउटै जुवामा जोत्न लागेको दृश्य जस्तो दोसल्ला ओढाएको देख्दा म आफै लाजले निहुरिएको पनि छु भन्दै नेपाली साहित्यको क्षेत्रमा देखापरेको विकृतिमाथि आर.सी. रिजालले मर्मान्तक प्रहार गरेका छन् ।

### ४.३.४.५ मानवीय विसङ्गति

हास्यव्यङ्ग्य निबन्धकार रिजालको **कण्ठ लँगौटी** निबन्धसङ्ग्रहमा मानवीय विसङ्गति भएका रचनाहरू त्यति धेरै देखिँदैनन् । बाह्रओटा निबन्धहरूमध्ये *अच्छा लेकिन* निबन्धमा थोरै भए पनि मानवीय विसङ्गतिलाई देखाउन खोजिएको छ । यस निबन्धमा नेपालको प्रत्येक गाउँ-घरका गरिब परिवारका लोग्ने मान्छेहरू विदेसिने चलन पुर्खादेखि चल्दै आएको देखिन्छ अनि पहिले-पहिले छिमेकी देश भारतमा जाने चलन थियो भने अहिले विभिन्न तेस्रो मुलुकतिर जाने प्रचलन आएको छ र यस निबन्धमा रिजालले यता घरमा बसेर घर-गृहस्थी चलाउने श्रीमतीहरू कसरी बिग्रिइरहेका छन् भन्ने तीतो यथार्थलाई छर्लङ्ग पारेर विकृतिका रूपमा विसङ्गतिबोध गराउन खोजेका छन् । लोग्ने विदेश गएको अवस्थामा श्रीमतीहरूले पर-पुरुषसँग अवैध सम्बन्ध राखी बच्चा जन्माउने गरेको यथार्थलाई व्यक्त गर्ने यस निबन्धमा मानवीय विसङ्गति देशमा कसरी विकसित भइरहेको छ भन्ने सन्दर्भलाई प्रष्ट पारिएको देखिन्छ । यसप्रकारको मानवीय विसङ्गतिलाई उल्लेख गरेर निबन्धलाई रिजालले सफल बनाएका छन् ।

### ४.३.५ भाषाशैली

कुनै पनि कृति, लेख, रचना आदिमा प्रयोग गरिने स-साना वर्ण, शब्द, पदावली, वाक्य खण्ड, वाक्य र अनुच्छेदहरूलाई भाषाशैली भनिन्छ । कुनै पनि रचनामा कृतिको भाषा सरल भएमा त्यो सम्प्रेषणीय पनि हुँदैन । त्यसमाथि पनि हास्यव्यङ्ग्य रचनामा त झन्

भाषाको सरलताले महक थपेको हुन्छ । रिजालको **कण्ठ लँगौटी** कृतिमा सङ्ग्रहित सबै रचनाहरूको सम्प्रेषणीयतामा कुनै जटिलता देखिँदैन । कुनैकुनै अनुच्छेदमा केही लामा-लामा वाक्य रहेका छन् तापनि बोधगम्यतामा तिनीहरूले अवरोध गरेका छैनन् । सन्दर्भ सुहाउँदो वा प्रकारणमा बोलीचाली र चलन-चल्तीमा भिजेका उखान-टुक्काहरूको प्रयोग गरिएको छ । यिनका निबन्धमा के खोज्छस् अन्धो आँखा (पृ. २१), न रहे बाँस न बजे बाँसुरी (पृ. ४६) आदि । उखान टुक्काको प्रयोगले हास्य उत्पन्न गर्न र व्यङ्ग्यलाई सशक्त पार्न सहयोग पुऱ्याएको छ ।

**कण्ठ लँगौटी**भित्र सङ्कलित रचनाहरूको संरचनागत शैलीमा विविधता पाइन्छ । यस संरचनामा रिजालले कहीँ संवादात्मक शैली प्रयोग गरेका छन् भने कहीँ वर्णनात्मक तथा विवरणात्मक शैलीको प्रयोग गरेका छन् । सामान्य विषयमा गफ गरेझैँ पाराले आरम्भ गरी गम्भीर प्रसङ्ग उचालेर बेजोडको व्यङ्ग्य गर्नु शैलीगत विशेषता हो । रिजालको रचनामा पाइने अर्को महत्त्वपूर्ण विशेषता भनेको आत्मपरकता हो । **कण्ठ लँगौटी** कृतिमा रिजालका यी सबै विशेषताहरू समावेश भएकाले कृति उत्कृष्ट बन्न पुगेको छ ।

### ४.३.६ **उद्देश्य**

आर.सी. रिजालद्वारा लेखिएको **कण्ठ लँगौटी** हास्यव्यङ्ग्यात्मक कृति हो । यस कृतिमा पनि रिजालले विभिन्न उद्देश्य राखेको देखिन्छ । यस कृतिभित्रका सम्पूर्ण रचनाहरूको उद्देश्य एउटै देखिन्छ । रिजालले जे देखे, जे भोगे त्यही लेखेको पाइन्छ । हास्यव्यङ्ग्य क्षेत्रमा लागेका व्यक्तिहरू आफैमाथि व्यङ्ग्य गर्ने गर्दछन् त्यसैले उनले देखेका, भोगेका विकृतिहरूको सुधारका लागि पाठकवर्गमा जनचेतनात्मक सन्देश दिएका छन् । समाज सुधार गर्ने उनको एउटै उद्देश्य रहेको छ । राजनीतिक क्षेत्रमा देखिएका विभिन्न नकारात्मक घटनाहरूप्रति तीखो व्यङ्ग्य गर्दै त्यसको सुधार गर्ने उनको उद्देश्य देखिन्छ । **कण्ठ लँगौटी** कृतिमार्फत् व्यक्ति, परिवार, समाज र राष्ट्रको विकास गर्ने पनि देखिन्छ ।

### ४.३.७ **निष्कर्ष**

निबन्धकार आर.सी. रिजाल आधुनिक हास्यव्यङ्ग्य निबन्ध क्षेत्रमा उदाएका समसामयिक निबन्धकार हुन् । आफ्ना सबै रचनामा हास्य र व्यङ्ग्यको सन्तुलन कायम गर्न सक्नु रिजालको हास्यव्यङ्ग्यात्मक खुबी हो । हास्यव्यङ्ग्यकार रिजालको **कण्ठ लँगौटी**

कृति विषयवस्तुको व्यापकता, शैली, शीर्षकको भावगत सङ्गति, रचना कौशल आदिका दृष्टिले सफल र स्तरीय मानिन्छ । यस कृतिसम्म आइपुग्दा रिजालको हास्यव्यङ्ग्यकार व्यक्तित्व अझ चम्किलो र प्रभावकारी बनेको छ र व्यङ्ग्यवाण प्रहार गरी **कण्ठ लँगौटी** कृतिका माध्यमबाट रिजालले सङ्गति र सुधारको सशक्त सुसेली सुसेलेका छन् ।

## ४.४ हाकिमको खप्पर निबन्धसङ्ग्रहको अध्ययन

**कण्ठ लँगौटी** प्रकाशन भएको झण्डै ६ वर्षपछि प्रयास प्रकाशनबाट २०६३ सालमा प्रकाशित भएको आर.सी. रिजालको हास्यव्यङ्ग्यसम्बन्धी तेस्रो कृति **हाकिमको खप्पर** हो । यस सङ्ग्रहमा २१ वटा शीर्षकका रचनामा स्रोत नखुलाएको हुनाले ती कुनै पत्रपत्रिकामा पूर्व प्रकाशित भइसकेका थिए वा थिएनन् भनी किटान गर्न सक्ने अवस्था देखिँदैन । यस सङ्ग्रहमा सङ्कलित भएका निबन्धहरूमा लेखक स्वयम्ले भोगेका कुराहरूलाई आधार बनाएर समाजमा प्राप्त विसङ्गतिको तीव्र बिरोध गर्दै त्यस्ता विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । **हाकिमको खप्पर** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरू *खुस्केकोबाट फुस्केको कुरा, राजखानीको मान्छे, नजरमान, सापटको झापड, तँलाई श्री ५ को सरकार, कवि बन्ने रन्को, भ्रष्टाचारको विचार, सिजनभ्याकेसन, हाकिमको खप्पर, शान्ति खाने देश, चाडको पहाड, गाई माता गधा पिता, राजीनामा कि दबावनामा, सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी, कवि पिलन्धरेको सम्मान, नारीवादी रोगी स्रष्टा, कसैले पो भन्छ विकास भाछैन ? लुतो फाल्ने कि देवता ? लासपोस* हुन् । यहाँ यी निबन्धहरूलाई पनि हास्यव्यङ्ग्यका परिधिमा राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.४.१ सङ्ग्रहको शीर्षक एवम् भावसङ्गति

आर.सी. रिजालको यस निबन्धसङ्गहको शीर्षक **हाकिमको खप्पर** रहेको छ । अगाडिका सङ्ग्रहमा जस्तै यसमा पनि सङ्ग्रहभित्रकै कुनै एक रचनाको शीर्षकलाई लिएर सङ्ग्रहको शीर्षक राखिएको छ । सम्भवतः यस सङ्ग्रहमा वर्णित घटना वा प्रसङ्गअनुसार मान्छे, समाज सबै असङ्गतिले ग्रस्त भएका हुँदा ती सबै अशुद्ध छन् । तिनीहरूलाई शुद्ध पार्न प्रयत्न गर्ने हास्यव्यङ्ग्यरूपी पवित्र र शुद्ध जल छर्किएको सङ्ग्रह **हाकिमको खप्पर** हो । हास्यभन्दा बढी व्यङ्ग्य मुखरीत रहेको यस सङ्ग्रहको नामकरण तथा शीर्षक सङ्गतिपूर्ण देखिन्छ ।

### ४.४.२ **विषयवस्तु**

यस निबन्धसङ्ग्रहका निबन्धहरूमा सामाजिक, राजनैतिक, मानवीय, साहित्यिक, प्रशासनिक, धार्मिक आदि क्षेत्रमा देखिएका विसङ्गतिलाई मूल विषयवस्तुका रूपमा छनौट गरिएको पाइन्छ । अब प्रस्तुत सङ्ग्रहका निबन्ध रचनामा समेटिएका प्रमुख विषयका सम्बन्धमा विश्लेषण गर्नु उपयुक्त हुनेछ ।

#### ४.४.२.१ **सामाजिक विसङ्गति**

यस सङ्ग्रहमा रिजालले समाजमा भएका विकृतिहरूलाई प्रमुख विषयक्षेत्र बनाइ धेरै निबन्धहरूको रचना गरेका छन् । सामाजिक विसङ्गतिलाई उजागर गरी सुधारको सन्देश दिने यस सङ्ग्रहका निबन्धहरूमा *ज्वाइँ महात्म्य, जोखाने बाजे, राजखानीका मान्छे, सिजन भ्याकेशन, गाई माता, गधा पिता, सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी, नारीवादी रोगी स्रष्टा* रहेका छन् ।

ज्वाइँको परिचयबाट शुरु भएको *ज्वाइँमहात्म्य* निबन्धमा ज्वाइँहरूले छोरीहरूलाई दिने पीडा तथा दर्दनाक स्थितिप्रति व्यङ्ग्य गरिएको छ । त्यही ज्वाँइले गर्दा कति छोरीहरूका अकालमा मृत्यु भएको छ । त्यो दाइजोको कारणले होस् या अन्य कुनै कारणले होस् ज्वाइँकै कारण हो भन्ने भाव यसमा व्यक्त भएको पाइन्छ ।

अर्को निबन्ध *जोखाने बाजे*बाट नेपालमा मौलाएको हस्तरेखा हेर्ने चलनलाई विकृतिका रूपमा व्याङ्ग्यात्मक पाराले प्रस्तुत गरिएको छ । साच्चिकै ज्योतिषशास्त्र र शिक्षित व्यक्तिलेभन्दा अशिक्षित ज्योतिषहरूले ज्योतिषको अभ्यास गरेर सर्वसाधारणबाट अवैधरूपमा रकम असुल्ने प्रचलनलाई सामाजिक विसङ्गतिका रूपमा देखाइएको छ ।

*राजखानीका मान्छे* निबन्धमा गरीब जनताको जीवनस्तर माथि उठाउने भनेर विदेशी रूपमा खुलेका एन.जी.ओ. तथा आइ.एन.जी.ओ. को रकमलाई कसरी हिनामिना गरिँदैछ भन्ने कुराप्रति व्यङ्ग्य गरिएको छ । गरीब जनतालाई दिनुपर्ने सुविधाका स्रोतहरू नदिएर क्यामराबाट दिइएको झैँ बनाएको फोटाहरू देखाएर त्यसमा लाग्ने व्यक्तिहरूले रकम ओसारी रहेका छन् । यसले गर्दा समाजमा विसङ्गतिजन्य कार्यहरू भइरहेको भन्ने भाव रिजालले यसमा व्यक्त गरेका छन् ।

*सिजन भ्याकेशन* निबन्धमा नेपालमा फैलिएको यौन दुराचारले समाजमा ल्याएको विकृतिलाई व्यङ्ग्यात्मक पाराले भन्न खोजिएको छ । मान्छे पशुभन्दा पनि नीच बन्दै छ भन्दै यथार्थपरक वर्णन गरिएको छ ।

*गाई माता गधा पिता* निबन्धमा नेपालमा बढी आम्दानी गर्ने सपना देखेर विदेशबाट भित्रने हाइब्रिड जातका पशुहरू तथा खाद्यवस्तु, बीउ-बिजनका कारण आफ्नो मौलिक जातका वस्तुहरू हराउन थालेको वस्तुतथ्यलाई यसमा उदाङ्गो पार्न खोजिएको छ । विदेशी वस्तुलाई मात्र प्राथमिकता दिने चलनलाई विकृतिका रूपमा लिइएको छ ।

*सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी* निबन्धमा बढ्दो सहरीकरणले गर्दा आफ्नो बाबु-आमालाई स्याहार-सुसार गर्न गाह्रो मानेर एक्लै छोड्ने तथा वृद्धाश्रममा लगेर छोडिदिने पापी छोराहरूको कामलाई विकृतिका रूपमा प्रस्तुत गरिएको छ । आफ्ना बाबु आमालाई बूढाबूढी नहुँदासम्म काम खान खोज्ने जब वृद्ध हुन्छन् तब हेला र घृणा गर्ने हाम्रो समाजका छोराछोरीहरूलाई राम्रैसँग व्यङ्ग्य हानेका छन् रिजालले ।

*नारीवादी रोगी स्रष्टा* निबन्धमा नारीहरूलाई गर्ने अपहेलनाले समाजको विकास हुँदैन र नारीलाई जहिले पनि सम्मान गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गरिएको छ तर यस्तो नभएर हाल पुरुषप्रधान देश सम्झेर हो या पुरुषत्व देखाएर हो महिलाप्रति गरिएको दुराचारलाई यसमा विकृतिका रूपमा प्रस्तुत गरिएको छ ।

यसरी यस सङ्ग्रहमा पनि सामाजिक विसङ्गतिलाई रिजालले प्राथमिक महत्त्वका साथ प्रस्तुत गरेको पाइन्छ ।

### ४.४.२.२ **राजनीतिक विसङ्गति**

राजनीतिक विसङ्गतिलाई मूल विषयवस्तु बनाएर लेखिएका निबन्धहरूमा *नजरमान, सापटको झापट, राजिनामा कि दबाबनामा, कसले पो भन्छ, विकास भा छैन ?* आदि रहेका छन् । यी प्रत्येक निबन्धहरूमा देखिएको राजनीतिक विसङ्गति यसप्रकार उल्लेख गर्न सकिन्छ :

*नजरमान* निबन्धमा शासन चलाउने शासकहरूले जनतालाई आवश्यक पर्ने अत्यावश्यक सामग्रीहरूमा भन्सार छुट गर्नुपर्नेमा झनै भन्सार शुल्क बढाएर ढाड सेकाएका

छन् भन्दै देशका जनताहरूको आँखामा छारो हालेका छन् र नेता सबैथोक हो भन्ने विश्वास दिलाएका छैनन् भन्ने आफ्नो विचार व्यक्त गरेका रिजालले प्रस्तुत निबन्ध तत्कालीन जनयुद्धको समयमा लेखिएको हुनाले यसमा आतङ्ककारी र सुरक्षाकर्मीबीच भएको दोहोरो गोली हानाहानका घटनाप्रति व्यङ्ग्य गरिएको छ । जब राजनीतिमा उथल- पुथल आउँछ तब देशमा यस्ता घटनाहरू हुने गर्दछन् भन्दै राजनैतिक अस्थिरताले जनताका आवश्यकता माथि कुठाराघात भएको ठहर गर्दै यस निबन्धमा विकृतिका रूपमा राजनीतिक विसङ्गतिलाई प्रस्तुत गरिएको छ ।

*सापटको झापट* निबन्धमा हाम्रा देशका नेताहरूले विदेशी दातृराष्ट्रहरूसँग लिएको ऋणले आफ्नो घरगृहस्थी चलाउँदा देशमा गरीबिको सङ्ख्यामा वृद्धि भएको छ र नेताहरूले विकास गर्छौं भन्दै बकम्फुसे भाषण गर्दै हिँड्ने गरे पनि त्यो विसङ्गतिका रूपमा मात्र देखिएको छ भन्ने भाव यस निबन्धमा व्यक्त भएको छ ।

*तँलाई श्री ५ को सरकार* निबन्धमा सरकारमा बसेका शासकहरूले गर्ने अनैतिक क्रियाकलापलाई विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ । यस निबन्धमा देशमा प्रजातन्त्र आइसकेपछिको राजनीतिक उथल-पुथललाई व्यङ्ग्य गरिएको छ । सरकारमा बसेका शासकले जनताका जस्तासुकै समस्यालाई पनि देखेको नदेखै गरेर कानमा तेल हालेर बसेको तीतो सत्य यसमा व्यक्त भएको छ । यसै सन्दर्भमा रिजालले जनता जतिसुकै चिच्याऊन्, अनसन बसुन्, भूत्ला नभएका पुत्ला जलाऊन् तैपनि सरकारले कानमा तेल हालेर बसेझैं गरेको ठानका छन् ।

*भ्रष्टाचारको विचार* शीर्षकको निबन्धमा असल नेता पाउन गाह्रो भएको र नेतादेखि लिएर प्रशासनिक क्षेत्रका सम्पूर्ण व्यक्तिले गर्ने भ्रष्टाचारलाई व्यङ्ग्य गरेर त्यसको चिरफार गरी रिजाल त्यसमा टाँका लगाउन सफल देखिन्छन् । पहिलेका जस्ता नेता पाउन फलामको चिउरा चपाएझैं गाह्रो भएको र त्यस्ता नेता बन्न अहिलेका नेतालाई व्यङ्ग्यमार्फत् सुझाव दिने काम गरेका छन् ।

*राजीनामा कि दबाबनामा* निबन्धमा सरकारमा बसेका नेताहरूको एक बोलीले तल्ला स्तरका प्रशासनिक व्यक्तिहरू राजिनामा दिन बाध्य हुन्छन् भन्ने व्यङ्ग्यात्मक भाव व्यक्त गरिएको छ । उमेर पुगेपछि मात्र अवकास पाउनुपर्नेमा कर्मचारीहरूले राजनीतिक

दबाबले पहिले नै राजीनामा दिनुपर्ने कटु यथार्थलाई विकृतिका रूपमा प्रस्तुत गरिएको छ भने नेताहरूको उमेरको हद तोकिएको छैन, जति वर्ष भए पनि प्रधानमन्त्री वा मन्त्री बन्न पाउने अवस्था छ भन्दै यस्तो विकृतिजन्य राजनीतिप्रति रिजालले व्यङ्ग्य गरेको पाइन्छ ।

"पद मुसाको या हात्तीको लिँडजत्रो होस् त्यतिबेला मात्र समाप्त हुन्छ जब उसको उमेरलाई हदबन्दीले छुन्छु या यमराजले चुन्छ । तर उमेरको हदबन्दीले नछुने, जति लतारेर पनि हुने राजनीतिक पदको बध गर्ने एकाधिकार भने यमराजलाई मात्र हुन्छ" (रिजाल, २०६३ : ६४) ।

राजनीति गर्ने शासकहरू उपयुक्त नहुँदा देशमा विकृतिहरूको विकास भएको देखाइएको छ । माथिको उदाहरणमा यस निबन्धमा हुनु पर्ने विकास नभएर नहुनुपर्ने विकास भएको छ भन्दै भ्रष्टाचार, राजनीतिक पार्टी, महङ्गी, शहीदहरू, वैदेशिक ऋण, शृङ्गार वा फेसन आदि क्षेत्रमा भएको विकासले देशलाई अधोगतितिर लैजान्छन् भन्ने लेखकीय भाव व्यक्त भएको छ ।

यसरी राजनीतिमा गरेको राष्ट्रियताप्रतिको बेवास्तापन, निरीहपन, पदीय दुरूपयोग, राजनैतिक अस्थिरता, पार्टीगत मतदानको किनबेच एवम् राजनीतिलाई व्यक्तिगत तवरले प्रयोग गर्ने स्वभाव, पदीय लोलुपता, खुट्टा तान्ने प्रवृत्तिप्रति र जस्तोसुकै स्थितिमा पनि राजनीतिलाई नै मुख्य हतियारको रूपमा प्रयोग गर्ने प्रयोगकर्ताहरूप्रति टड्कारो व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.४.२.३ **साहित्यिक विसङ्गति**

यो सङ्ग्रहका निबन्धमा राजनीतिक विसङगतिपछि उठाइएको विषयक्षेत्र साहित्यिक विसङ्गति हो । यस सङ्ग्रहमा साहित्यिक विसङ्गतिलाई मूल विषयवस्तु बनाएर देखिएका निबन्धहरूको सङ्ख्या धेरै छैन ।

यद्यपि एउटा निबन्ध *कवि पिलन्धरेको सम्मान*को मूल विषय भने साहित्यतिर लक्षित रहेको देखिन्छ । यस निबन्धमा असल साहित्यकारको अपहेलना भइरहेको छ र पछाडि पार्न खोजिएका देखिन्छन् भन्दै रिजालले सम्मानित भएँ भन्दै खुसी मान्ने पिलन्धरे जस्ता साहित्यकारहरू यहाँ धेरै छन् र आफू सम्मानित हुन आफैले खर्च गर्नुपर्ने बिडम्बना रहेको

यथार्थप्रति तीखो व्यङ्ग्य गरेका छन् । साथै यसमा हाम्रा देशका साहित्यकारहरूको आर्थिक अवस्थालाई पनि व्यङ्ग्यात्मक रूपले प्रस्तुत गरिएको छ । सम्मानित भएको रकमले पुरा गर्नुपर्ने साहित्यकारका कति धेरै सपना हुन्छन् भन्दै विपन्नतामा बाँच्न बाध्य उनीहरूको यथार्थप्रति सहानभूति प्रस्तुत गरिएको छ । पन्ध्र हजारको पुरस्कार पाउने खबर मात्र के पाएको थियो, पिलन्धरेकी श्रीमती छोराछोरीले त्यसको दोब्बर रकम बराबरको समान किन्ने गरेको, पुरस्कारको खाममा जम्मा एक हजारको नोट मात्र रहेको र त्यससँगैको एउटा पत्रमा सबै खर्च कटाएर बचेको एक हजार पठाएको खबरले साहित्यकारहरूको दयनीय अवस्थालाई दर्शाउँछ भन्ने लेखकको आशय रहेको छ ।

### ४.४.२.४ **प्रशासनिक विसङ्गति**

प्रशासनिक क्षेत्रमा विद्यामान विसङ्गतिहरूलाई विषयवस्तुको रूपमा समेटिएको निबन्धमा *हाकिमको खप्पर* र *लासपोस* रहेका छन् । यस निबन्धमा कार्यालयका हाकिमहरूले तल्ला तहका अन्य कर्मचारीलाई गर्ने अपहेलनालाई विषयवस्तु बनाइएको छ । जसले हाकिमको चाकडी गर्थ्यो त्यही नै माथि जाने हाम्रो देशका प्रशासनिक विकृतिलाई यसमा अगाडि सारिएको छ । त्यस्तै अर्को निबन्ध *लासपोस*मा सरकारी कर्मचारीहरूले रकम हिनामिना गर्ने र तल्ला तहका कर्मचारीले पनि बाध्यतावश उनको अर्ती मान्नु पर्ने भएकाले हाकिमको चाकडी गर्नुपर्छ, चाकडी गरेमा माथिल्लो पोष्टमा गइएला भन्ने नकारात्मक सोच रहेको हुन्छ भन्दै त्यसको चिन्तनप्रति रिजालले व्यङ्ग्य गरेका छन् ॥

यसरी रिजालले कर्मचारी प्रशासनभित्र हुर्किएको चाकरी, चाप्लुसी जस्तो विसङ्गतियुक्त मनोवृत्तिप्रति व्याङ्ग्यात्मक प्रहार गरेका छन् ।

### ४.४.२.५ **धार्मिक तथा सांस्कृतिक विसङ्गति**

धार्मिक तथा सांस्कृतिक विसङ्गति भएका निबन्धहरूमा *चाडको पहाड* र *लुतो फाल्ने कि देउता ?* छन् । यी निबन्धहरूबाट रिजालले धार्मिक चाडपर्वहरूमा देखिने विकृतिलाई विसङ्गतिका रूपमा प्रस्तुत गरेका छन् । चाडपर्वका नाममा विदेशी संस्कृति भित्रिएको देख्दा निबन्धकारलाई व्यङ्ग्य गर्न मन लागेको छ । नेपालमा चाडपर्व मनाउने क्रममा विभिन्न तडक-भडक र फजुल खर्च गर्ने चलन बढिरहेको छ । यसले गर्दा तल्लो स्तरका परिवारलाई नराम्रो झड्का लागेको छ । धनीले जसरी मनाए पनि हुन्छ । ऊसँग धेरै

पैसा हुन्छ तर गरिबका सन्तानले देखासिकी गरेर घरमा आफ्ना अभिभावकलाई सताउने गरेका छन् भन्दै रिजालले यसले गर्दा तिनीहरूको मनस्थिति नै परिर्वतन भएको कटुसत्यलाई यसमा व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

अर्को *निबन्ध लुतो फाल्ने कि देउता ?* मा पनि धार्मिक विसङ्गतिलाई मुख्य विषयवस्तु बनाएको छ । नेपालको सबैभन्दा ठूलो चाडका रूपमा मनाइने बडा दशैंको बेला बनाइने विभिन्न मूर्तिहरूलाई सङ्ग्राहलय बनाएर राखिनुको सट्टा नदीमा लगेर बगाइन्छ । यसो गर्ने बानीलाई यस निबन्धमा विकृतिका रूपमा प्रस्तुत गरिएको छ ।

### ४.४.२.६ **आर्थिक विसङ्गति**

आर्थिक विसङ्गतिलाई विषयवस्तु बनाएर लेखिएको निबन्ध *शान्ति खाने देश* हो । यसले देशमा रहेको आर्थिक अवस्थालाई व्यङ्ग्य गरिएको छ । आर्थिक अवस्था कमजोर भएर विदेश जानेको सङ्ख्या दिन-प्रतिदिन बढिरहेको छ । यसको समाधानका लागि सरकारले विभिन्न रोजगारीमुलक कारखाना खोल्नुपर्ने हो तर त्यसो नभएर यहाँ म्यानपावर कम्पनी खोल्ने स्वीकृति दिइन्छ । यसले देशमा विकृति ल्याएको छ । विभिन्न व्यक्तिहरू ठगिएका छन् भन्ने भाव यस निबन्धमा प्रस्तुत गरिएको छ ।

### ४.३.२.७ **मानवीय विसङ्गति**

आर.सी. रिजालको यस निबन्धसङ्ग्रहमा सङ्कलित प्रायः सबै निबन्धहरूमा कहीँ न कहीँ, कुनै न कुनै प्रसङ्गमा मानिसका आन्तरिक मनोवृत्ति, भुल, त्रुटि र कमी-कमजोरीमाथि उसका दुर्गुन र दुरव्यवहारमाथि सूक्ष्म ढङ्गले दृष्टि पुऱ्याइएको छ ।

*कवि बन्ने रन्को* निबन्धमा मानवीय विसङ्गतिलाई व्यवस्थित तरिकाले प्रस्तुत गरेको पाइन्छ । निबन्धकार स्वयम् म बनेर लेखिएको यस निबन्धमा कवि बन्नलाई जे पनि गर्न तयार हुने कविहरूप्रति व्यङ्ग्य गरिएको छ । यस्ता व्यक्तिहरूले गर्दा मानवीय विसङ्गतिलाई यसले टेवा पुऱ्याउने देखिन्छ । निबन्धकारले आफ्नो जीवनमा भोगेका चोटहरूलाई यस निबन्धमा खोतलेका छन् ।

यसप्रकार रिजालका निबन्धमा हास्यका माध्यमबाट व्यङ्ग्यात्मकताको पहिचान गरी सुधारतर्फ लक्षित गरिएको पाइन्छ । समाजका विविध पक्षहरूमाथिका विकृति एवम्

विसङ्गतिलाई चोटिलो र घोचिलो पाराले प्रस्तुत गर्न सक्नु उनको हास्यव्यङ्ग्यात्मक निबन्धको शिल्पकला हो ।

### ४.४.३ भाषाशैली

भाषाशैलीका दृष्टिकोणले रिजालको **हाकिमको खप्पर** निबन्धसङ्ग्रह उत्कृष्ट देखिन्छ । यस सङ्ग्रहमा जे-जति शब्दहरू प्रयोग गरेका छन् ती सबै सरल र सरस छन् । प्रायः सबै नेपाली जिब्रो र नेपाली मनले पचाइसकेका वा पचाउन थालेका शब्दहरू मात्रै भेटिन्छन् । रिजालका जति पनि निबन्धसङ्ग्रहहरू छन् ती सबैमा उखान-टुक्काको प्रयोग भएको पाइन्छ । यी उखान-टुक्काले निबन्धलाई सफल उत्प्रेरकका रूपमा काम गरेका छन् । सन्र्दभ वा प्रसङ्गअनुसारका उखान-टुक्काको प्रयोग गरिएको छ । ज्योतिषकी छोरी राँड वैधकी छोरी गलगाँड ( ८), राजाको काम कहिले जाला घाम ( १४), साँढेको जुधाइ बाच्छाको मिचाइ ( २६), दिन लागे डराउनु ऋण लागे नडराउनु ( ३१), लठ्ठी पनि नभाचिने सर्प पनि मर्ने ( ३२), एक रथका दुई पाङ्ग्रा ( ७०), वनले आआ घरले जाजा ( ७४) आदि यसमा प्रयोग भएका केही उदाहरण हुन् ।

अरू सङ्ग्रहमा जस्तै यस सङ्ग्रहमा पनि विभिन्न शैलीको प्रयोग भएको देखिन्छ । कुनैमा संवाद शैली छ, कुनैमा आत्मपरक शैली छ, कुनैमा टिपोट-टिप्पणीको शैली पनि अपनाइएको देखिन्छ । पहिलेका निबन्धसङ्ग्रहमा प्रयोग भएका शैलीभन्दा यस सङ्ग्रहमा प्रयोग भएको शैली अलि व्यवस्थित देखिन्छ । यसर्थ भन्न सकिन्छ भाषा शैलीका दृष्टिकोणले आर.सी. रिजालको **हाकिमको खप्पर** हास्यव्यङ्ग्यसङ्ग्रह एउटा राम्रो कृति हो ।

### ४.४.४ उद्देश्यहरू

**हाकिमको खप्पर** हास्यव्याङ्त्मक निबन्धसङ्ग्रहमा प्रशासनिक क्षेत्रमा देखाइएका समस्याहरूलाई मलम लगाएर निको पार्न खोजिएको कृति हो । माथिल्लो स्तरका हाकिमहरूले तल्लो स्तरका अन्य कर्मचारीहरूलाई गर्ने हेपाहा दृष्टिलाई हटाउन आग्रह गरेका छन् । यस्ता हेपाहा दृष्टिले तल्लो स्तरका कर्मचारीमा काम नगर्ने नकारात्मक सोच उत्पन्न भएको र यस्ता कुसंस्कारबाट टाढा रहन आग्रह गरेको पाइन्छ । **हाकिमको खप्पर** कृतिमा रहेका अन्य रचनाहरूको उद्देश्य पनि यस्तै छ । सांस्कृतिक विसङ्गति समस्याका

रूपमा यसमा प्रस्तुत भएको छ । संस्कृतिले मानिसलाई उच्छृङ्खल बनाइरहेको अवस्थामा रिजालले यस कृतिमार्फत् सुधार गर्न खोजेको देखिन्छ ।

### ४.४.५ निष्कर्ष

आर.सी. रिजालको कृति **हाकिमको खप्पर** हास्यव्यङ्ग्यसङ्ग्रह नेपाली राजनीति, समाज, प्रशासनिक क्षेत्र तथा साहित्यिक, धार्मिक तथा मानवीय क्षेत्रमा विद्यमान विकृति र विसङ्गतिका केस्रा-केस्रा केलाउँदै तिनीहरूको समूल उच्छेद गर्न कलात्मक किसिमले घच्घचाउने एउटा सफल कृति हो । आत्मपरक शैलीमा लेखिएका यस कृतिभित्रका अधिकांश निबन्धहरू तिनै विकृति, विसङ्गतिहरूप्रति कटु र तीखो प्रहार बनी बज्रिएका छन् । विषयको व्यापकता सरल भइकन पनि कलात्मक प्रस्तुति, भाषा र भावबीच उचित समन्वय, उखान-टुक्काको प्रयोगबाट सरल, सरस तथा सुस्वादुपन आदि कुराले रिजालको अभिव्यञ्जनालाई उन्नत बनाएका छन् यस सङ्ग्रहमा । यस सङ्ग्रहमा रिजालको हास्यव्यङ्ग्य लेखनको परिमार्जित स्वरूप प्रकट भएको छ भन्न डराउनु नपर्ने देखिन्छ ।

## ४.५ भोलारामको आत्मा प्रबन्ध कृतिको अध्ययन

हास्यव्यङ्ग्यको अनुदित सङ्कलन **भोलारामको आत्मा** प्रयास प्रकाशन हेटौंडाबाट २०६६ सालमा प्रकाशित कृति हो । यसमा हास्यव्यङ्ग्यकारका हास्यव्यङ्ग्य कृतिहरूलाई अनुवादित गरेका छन् रिजालले । रिजालको यो सङ्ग्रह मौलिक नभएर अनुवाद भएकाले यस शोधपत्रमा यस कृतिको सामान्य व्याख्या र विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा भारतका प्रख्यात हास्यव्यङ्ग्यकार हरिशंकर परसाईका १९ वटा रचनाहरूलाई अनुवाद गरिएको छ । त्यस्तै शरद जोशीका दुईवटा, कृष्ण चदरका दुईवटा, रविन्द्रनाथ त्यागीका र आनन्द भारतीका एक-एकवटा रचनाहरू अनुवाद गरिएका छन् । यस सङ्ग्रहमा सङ्कलित रचनाहरू *अनुशासन, अश्लील, पुस्तक, लडाई, तिवारीजीको कथा, गृहमन्त्रीको पुत्ला, पहिलो तस्कार, रगत, कबीरको बाखी, अयोध्यामा बहीखाता, क्रान्तिकारीको कथा, लासको मूल्य, रामसिंहको ट्रेनिङ, वैष्णवको पतन, निन्दा, रस, दुईनाक भएको मान्छे, ओ.हनेरी, हास्य र व्यङ्ग्य, भोलारामको आत्मा, इन्सपेक्टर मातादिन चन्द्रमाया, सामान्य मान्छेको पहिचान, दुई जुत्ताको कथा, गधा र सुप्रशिद्ध लेखन, जमुनाको रुख, अफिस, प्रजातन्त्र, सम्पादक,*

*लेखकलाई पढ्नु नै राम्रो अल्लामा नारसाको मृत्युमा, मेरो मृत्युपछि, आगामी प्रधानमन्त्री* शीर्षका अनुदित छन् ।

### ४.५.१ **'भोलारामको आत्मा' सङ्ग्रहको शीर्षक एवम् भावसङ्गति**

आर.सी. रिजालद्वारा लेखिएका सबै कृतिहरूमा दिइएका शीर्षकहरू त्यही कृतिभित्रको कुनै एक निबन्धको शीर्षकलाई ट्याप्प टिपेर राख्ने गरेको देखिन्छ । **भोलारामको आत्मा** हास्यव्यङ्ग्य सङ्ग्रहमा पनि सङ्ग्रहभित्रकै एउटा शीर्षक लिएर सङ्ग्रहको शीर्षक राखिएको छ । सङ्ग्रहको समग्र विसङ्गति पक्षलाई यस शीर्षकले ओगटेको छ । हास्यभन्दा बढी व्यङ्ग्य मुखरित रहेको **भोलारामको आत्मा** सङ्ग्रहभित्र समाविष्ट रचनाहरू पनि हास्यभन्दा बढ्ता व्यङ्ग्यले घनीभूत रहेका छन् । सङ्ग्रहको नामकरण तथा शीर्षक सङ्गतिपूर्ण देखिन्छ ।

### ४.५.२ **विषयवस्तु**

यसअघि अध्ययन गरिएका **कुकुरको पुच्छर, कण्ठ लँगौटी** र **हाकिमको खप्पर** सङ्ग्रहमा जस्तै यस सङ्ग्रहका निबन्धहरूमा पनि सामाजिक, प्रशासनिक, राजनीतिक, साहित्यिक तथा धार्मिक विसङ्गतिलाई मूल विषयवस्तुका रूपमा छनोट गरिएको छ । **भोलारामको आत्मा** निबन्धसङ्ग्रह भारतीय हास्यव्यङ्ग्यकारका रचनाहरूलाई अनुवाद गरिएको कृति हुनाले भारतीय भूमिमा हुने विभिन्न विसङ्गतिलाई विषयका रूपमा प्रस्तुत गरिएको छ । भारत र नेपालको विशेषता र जनजीवनका सन्दर्भहरू मिल्दा-जुल्दा देखिने भएकाले यस सङ्ग्रहले दिने व्यङ्ग्य नेपालका लागि पनि सान्दर्भिक देखिन्छ । प्रस्तुत सङ्ग्रहका निबन्ध रचनामा समेटिएका प्रमुख विषय क्षेत्रबारे अध्ययन र विश्लेषण गरिएको छ :

#### ४.५.२.१ **राजनीतिक विसङ्गति**

यस सङ्ग्रहमा रहेका हास्यव्यङ्ग्य रचनाहरू भरतीय राजनीतिक विसङ्गतिलाई प्राथमिकता दिएर लेखिएका छन् । राजनीतिले देशलाई सुधारतर्फ लैजान छोडेर विनाशतिर लगेको देखिन्छ भन्दै राजनीतिमा देखिएको भ्रष्टाचार, सत्ता लोलुपता आदिलाई विसङ्गति र विकृतिका कारण मानिएको छ ।

यस सङ्ग्रहको पहिलो *तस्कर* रचनामा जति ठूलो अपराधिक काम गरे पनि आफ्नो मान्छे राजनीतिको माथिल्लो स्तरमा छ भने त्यसलाई केही पनि गरिँदैन उसलाई छुटकारा दिइन्छ र कानुनलाई हातमा लिएर उसको प्रतिक्षा गरिन्छ भन्दै गरीब, असाहय, सर्वसाधारणले अपराध नगरे पनि विभिन्न बहानामा उनीहरू राजनीतिक कारणले थुनिन्छन् भन्ने वास्तविकता देखाउँदै नातावाद कृपावादले प्रश्रय पाएको अवस्थालाई यसमा विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ ।

*क्रान्तिकारी कथामा* क्रान्तिकारीले सबैलाई शङ्काको दायरामा राख्ने प्रवृतिलाई व्यङ्ग्य गरिएको छ । साथै क्रान्तिकारी भन्नेहरूले राजनीतिहरूलाई कमाइ खाने भाँडाका रूपमा पनि प्रयोग गर्दछन् भन्दै लासको मूल्यमा भारतीय समाजको चरम गरीब र राजनीतिक कुकृत्यको भण्डाफोर ज्वलन्त रूपले प्रस्तुत गर्दै व्यङ्ग्यकारले व्यङ्ग्य गरेका छन् ।

अर्को *दुई जुत्ताको कथा* शीर्षकको रचनामा राजनीतिक गर्ने व्यक्तिहरूले आफूले गर्नुपर्ने काम नगरेर सत्ताको खेतीमा मात्र लागेको, जनतामा राजनीतिप्रतिको तीव्र वितृष्णाको भाव उत्पन्न भएको भाव व्यक्त भएको छ भने यसलाई पनि राजनीतिका नाममा भएको एक विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ ।

यस्तै अर्को *आगामी प्रधानमन्त्री* रचनामा समसामयिक राजनीतिक परिवेशलाई व्यङ्ग्य गर्दै नेताहरूको एकलकाटे व्यवहार र जुनसुकै अवस्थामा पनि आफू नै माथि पर्नुपर्ने प्रवृत्तिलाई व्यङ्ग्यात्मक रूपले चिरफार गर्ने काम गरिएको छ ।

#### ४.५.२.२ **सामाजिक विसङ्गति**

हास्यव्यङ्ग्यकार आर.सी. रिजालले आफ्ना मौलिक रचनाहरूमा जस्तै यस अनुवादित कृतिमा पनि सामाजिक विसङ्गतिका विभिन्न पक्ष समेटेका छन् । वास्तवमा सामाजिक विसङ्गतिलाई उजागर गरी सुधारको सन्देश दिने रिजालका रचनाहरू महत्त्वपूर्ण छन् ।

*दुई वटा नाक भएका मान्छे* हास्यव्यङ्ग्य रचनामा सामाजिक प्रतिष्ठा बचाउनका लागि विवाह लगायतका कार्यक्रममा खर्च गर्ने होडबाजीमाथि व्यङ्ग्य गरी त्यसलाई

विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ । यस्तो होडबाजीको कार्यले समाजलाई नकारात्मक बाटोतिर मोडिदिने गरेको देखिन्छन् भन्दै यसको अन्त्यको चाहना पनि यस निबन्धमा प्रस्तुत गरिएको छ ।

*मेरो मृत्युपछि* शीर्षकको रचनामा सामान्य होस् वा उच्च ओहोदामा पुगेको माानिसलाई जीवित हुँदासम्म वेवास्ता गर्ने, कुनै सम्मान-आदर नगर्ने र मरेर गएपछि ठूलो-ठूलो स्वरमा त्यस्ता व्यक्तिका गुणगान गर्ने प्रचलनप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ ।

४.५.२.३ **प्रशासनिक विसङ्गति**

प्रशासनिक क्षेत्रमा विसङ्गतिहरूलाई विषयवस्तुका रूपमा समेटिएका रचनाहरू यस **भोलारामको आत्मा** हास्यव्यङ्ग्य सङ्ग्रहमा पनि छन् । भारतका प्रख्यात हास्य-व्यङ्ग्यकारहरूका उत्कृष्ट रचनाहरूलाई अनुवाद गरिएकाले यस सङ्ग्रहमा भारतको प्रशासनिक क्षेत्रमा हुने गरेका विकृतिहरूलाई विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ ।

*रामसिंहको ट्रेनिङ* रचनामा भारतका प्रहरीहरूले जनतालाई दिने गरेको चरम यातनालाई विकृतिका रूपमा प्रस्तुत गरिएको छ । साथै पुलिस प्रशासनमा रहेका माथिल्लो दर्जाका व्यक्तिहरूले तल्लो दर्जाका सिपाहीहरूलाई अपशब्द मात्र प्रयोग गरेर बोलाउने र माथिल्ला स्तरका वा इन्सपेक्टरहरूले गर्ने गरेको भ्रष्टाचारलाई पनि विकृतिका रूपमा प्रस्तुत गरिएको छ । प्रहरी प्रशासनका गल्ती र उनीहरूका विकृतिका माध्यमबाट लेखकले पुलिस प्रशासनलाई एउटा सक्षम संस्थाका रूपमा परिचित बनाउन प्रेरित गरेका छन् ।

*भोलारामको आत्मा* रचनामा पनि भारतीय प्रशासनिक क्षेत्रमा देखिएका विकृति, विसङ्गति, भ्रष्टाचार आदिलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । त्यस्तै सामान्य मान्छेको पहिचान, रचनामा प्रशासनिक भ्रष्टहरूले आफ्नै बुबासँग समेत घुस नलिई काम गर्दैनन् भन्ने सन्दर्भलाई कटु सत्यको रूपमा प्रस्तुत गरिएको छ । यस्ता विसङ्गतिपूर्ण कार्यले भारतका सर्वसाधारण जनताहरूले दुःख पाइरहेका छन् भन्ने पनि देखाइएको छ ।

*अफिस* शीर्षकको हास्यव्यङ्ग्य रचनामा पनि सरकारी कार्यालयका कर्मचारीहरूको काम गराइमा देखिने ढिला-सुस्तीलाई विकृतिका रूपमा प्रस्तुत गरिएको छ । सरकारी कर्मचारीहरूले प्रशासनिक कामलाई आफ्नो दायित्वका रूपमा स्विकार नगर्नाले काममा ढिलासुस्ती देखिन्छ भन्ने मनसाय यसमा व्यक्त भएको छ ।

यसरी माथि उल्लिखित हास्यव्यङ्ग्य रचनाहरूका माध्यमबाट प्रशासनिक क्षेत्रमा देखिएका विकृतिहरूलाई विसङ्गतिका रूपमा व्यङ्ग्य गरिएको छ ।

### ४.५.२.४ **धार्मिक तथा साहित्यिक विसङ्गति**

धार्मिक तथा साहित्यिक क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिको चिरफार गर्ने काम **भोलारामको आत्मा** हास्यव्यङ्ग्यसङ्ग्रहमा रहेका रचनाहरूले गरेको देखिन्छ । *वैष्णवको पतन* रचनामा ईश्वरको आडमा बसेर गरिने पापाचार, दुराचार आदि विसङ्गतिहरूलाई प्रस्तुत गरी व्यङ्ग्य गरिएको छ । धर्मका नाममा विभिन्न किसिमका विकृतिहरू देखिन थालेको अवस्थामा यस रचनाले त्यस्ता विकृतिहरूलाई पन्छ्याउन लाग्नु पर्ने अवस्था आइसकेको सङ्केत गरेको छ ।

*गधा र प्रसिद्ध लेखकहरू* शीर्षकको रचनामा साहित्यका क्षेत्रमा देखिने विकृतिहरूलाई प्रस्तुत गरिएको छ । यसमा साहित्यिक संघ-संस्थामा असक्षमहरूको जमघट भएको र राम्रा लेखकहरूलाई पाखा लगाइने गरेको कटु यथार्थलाई तीव्र व्यङ्ग्य गरिएको छ । साथै गरिब लेखकलाई अपहेलना गरेको यथार्थलाई पनि व्यङ्ग्य गरिएको छ

### ४.५.३ **भाषाशैली**

कुनै पनि साहित्यिक कृतिको भाषा सरल र सहज भएन भने त्यो सम्प्रेषणीय पनि हुँदैन । हास्यव्यङ्ग्य रचनामा त अझै बढी सरलताको खाँचो हुन्छ । आर.सी. रिजालको अनुवादित कृति **भोलारामको आत्मा** सङ्ग्रहमा सरल भाषाको प्रयोग गरिएको छ । यो कृति भारतका प्रख्यात हास्यव्यङ्ग्यकारहरूका रचनाहरूको अनुवाद हुनाले भारतीय मुलुकमा प्रयोग हुने शब्दहरूलाई भावानुवाद र शब्दानुवाद गरिएको छ । शब्दानुवाद र भावनुवादले गर्दा यो कृति पठनीय बनेको छ । यस सङ्ग्रहमा सङ्कलित रचनाहरूको संरचनात्मक शैलीमा एकरूपता पाइन्छ । प्रायः सबै रचनामा संवादात्मक शैली प्रयोग गरिएको छ ।

### ४.५.४.**उद्देश्य**

**भोलारामको आत्मा** हास्यव्यङ्ग्यात्मक कृति रिजालको मौलिक कृति नभएर अनुवाद गरिएको कृति हो तर पनि उनले मौलिक कृतिमा जस्तै उद्देश्य राखेको देखिन्छ । राजनीतिदेखि लिएर अन्य क्षेत्रमा देखिएका समस्या भारत र नेपालका मिल्ने गर्दछ र

रिजालले यस कृतिका माध्यमबाट देशलाई प्रगतिको बाटोमा लम्काउन आवश्यक पर्ने सूत्रहरूलाई पहिल्याउने उद्देश्य राखेका छन् । एउटा सामान्य गल्तीले देशलाई, परिवारलाई वा समाजलाई कति असर पर्दछ ? यस्तो गल्ती कुनै पनि व्यक्तिले गर्नु हुँदैन भन्ने उद्देश्य राखेर लेखिएका निबन्धहरू यसमा छन् ।

### ४.५.५ निष्कर्ष

हास्यव्यङ्ग्यकार आर.सी. रिजालको कृति **भोलारामको आत्मा** अनुदित सङ्ग्रह हो । यसमा रिजालले हिन्दी तथा ऊर्दु भाषाका केही ख्यातिप्राप्त हास्यव्यङ्ग्यकारका हास्यव्यङ्ग्य रचनाहरूलाई नेपाली भाषामा अनुवाद गरेका छन्, विषयवस्तुहरूको व्यापकता, शैली, शीर्षक भावगत सङ्गति, रचनाकौशल आदिका दृष्टिले यो स्तरीय कृति हो । यस कृतिका सम्पूर्ण रचनाहरूमा भारतीय समाज, संस्कृति, धर्म, प्रशासन, राजनीति आदि क्षेत्रमा देखाइएका विकृति तथा विसङ्गतिहरूमाथि दोहोलो काढ्ने काम गरिएको छ । कतिपय पौराणिक र ऐतिहासिक सन्दर्भहरूलाई पनि निकै प्रभावकारी ढङ्गले चिनाउने कार्य यस सङ्ग्रहका रचनाकारहरूबाट भएको छ ।

## ४.६ 'फू फू फू' निबन्धसङ्ग्रहको अध्ययन

**फू फू फू** निबन्धसङ्ग्रह लेखन तथा प्रकाशनका हिसाबले आर.सी. रिजालको पाँचौ कृति हो भने मौलिक लेखनका हिसाबले यो सङ्गालो चौथो कृति हो । **भोलारामको आत्मा** अनुदित कृति भएकाले **फू फू फू** कृतिलाई मौलिक लेखनको चौथो कृति मानिन्छ । रिजालको हास्यव्यङ्ग्यसङ्ग्रह **भोलारामको आत्मा** प्रकाशन भएको पाँच वर्षपछि यो कृति प्रकाशित भएको हो । यो २०७० सालमा प्रयास प्रकाशन हेटौंडाबाट प्रकाशित भएको देखिन्छ । यस कृतिमा ११४ पृष्ठ छन् जसमा विभिन्न हास्यव्यङ्ग्य रचनालाई समेटिएको छ । यस सङ्ग्रहमा सङ्कलित भएका रचनामध्ये १५ वटा रचना पहिले प्रकाशित भएका हास्यव्यङ्ग्य कृतिहरूमा समावेश भइसकेका देखिन्छन् जम्मा ३१ वटा रचना सङ्कलित रहेको यस कृतिको यहाँ अध्ययन तथा विश्लेषण गरिएको छ । यस कृतिमा प्रयोग भएका रचनाहरू नेपाली जीवन तथा नेपाली समाजका यथार्थपरक तथा नेपालीहरूका प्रगतिगत पक्षहरूलाई विषय बनाई तयार पारिएका छन् । हास्यव्यङ्ग्य शैलीमा कथ्यलाई रोचक बनाएर प्रस्तुत

गर्दै सारमा समाज तथा प्रवृत्तिको सुधारका लागि सन्देश दिने काम यस सङ्ग्रहमा आर.सी. रिजालले गरेको देखिन्छ ।

यस सङ्ग्रहमा सङ्कलित रचनाहरूमध्ये *नजरमान, सापटको झापट, कुकुरको महिमा, गुरुबा गुरुआमा, कण्ठ लँगौटी, अच्छा लेकिन, कवि बन्ने रन्को, ज्वाईं महात्मा, जोखाने बाजे, धत्तेरिका, हाकिमको खप्पर, नैतिकताको ग्रन्थीमा क्यान्सर, राजधानीका मान्छे, सुप्रसिद्ध वरिष्ठ दीर्घरोगी* अन्य सङ्ग्रहमा पनि सङ्कलित भएका यी निबन्धहरूको अध्ययन विश्लेषण अघिल्ला अध्यायहरूमा नै भैसकेकाले यहाँ *फू फू फू, पाँच पैसे ढ्याक, स्टुल टेस्ट, शालीग्राम, व्यायाम, मुस्कानवाली, आप नहाया तो हम नहाया, यस्तो पनि आँसु, टाउकाको करामत, दुर्व्यसनी, राष्ट्रिय खेल, सहिद थरिथरिका* र *रणतन्त्र* शीर्षकका रचनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । यी सम्पूर्ण रचनाहरूबाट रिजालले नेपाली समाजमा प्रचलित कुनै न कुनै गलत संस्कार, सामन्ती संस्कृति र तुच्छ प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको देखिन्छ । रिजाल आफूमाथि नै व्यङ्ग्य गर्दै रचनाहरू लेख्छन् र गरिब, दुःखी, नारी, शारीरिक अपाङ्गता भएकालाई हाँसोका पात्र बनाउँदैनन् ।

### ४.६.१ **सङ्ग्रहको शीर्षक तथा भावसङ्गति**

सङ्ग्रहभित्रको कुनै एउटा रचनाको शीर्षक टिपेर सङ्ग्रहको शीर्षक चयन गर्ने परम्परालाई यस कृतिमा पनि रिजालले निरन्तरता दिएका छन् । यस सङ्ग्रहको नाम **फू फू फू** राखेर रिजालले आकर्षक बनाएका छन् । नेपाली समाजमा अनेक सामाजिक समस्या विद्यमान छन् । तिनमा अन्धविश्वास र धार्मिक आडम्बर पनि पर्दछन् । मान्छे बिरामी हुँदा अस्पताल लाग्नुको सट्टा धामी झाँक्रीले लगान लागेको भनिदिने र झारफुक गर्ने अनि उसले भनेअनुसार बोका, कुखुरा काट्ने र पूजाआजा गर्ने अन्ध परम्परालाई यस सङ्ग्रहको शीर्षकबाट व्यङ्ग्य चित्रण गर्न खोजिएको छ । **फू फू फू** शीर्षकले हास्य र व्यङ्ग्यको भावलाई मीठो बनाएको छ त्यसैले शीर्षक र भावसङ्गतिका बीच समन्वय भएको छ ।

### ४.६.२ **विषयवस्तु**

नेपाली समाजमा देखिएका सामाजिक, राजनीतिक, आर्थिक तथा धार्मिक, साहित्यिक क्षेत्रका असङ्गति र विकृतिलाई यस सङ्ग्रहमा मूल विषयवस्तु बनाइएको छ । रिजालले आफ्नो जागिरे जीवनका क्रममा भोग्नु परेका तीता-मीठा भोगाइहरूलाई आफ्ना रचनामा

प्रस्तुत गरेका छन् । यिनै असङ्गति वा विकृतिहरूमाथि तिखो व्यङ्ग्य प्रहार गर्नु यस कृतिको विशेषता हो । यस रचनाले निम्नलिखित विसङ्गतिहरूलाई प्रमुख विषय क्षेत्रका रूपमा समेटेको पाइन्छ :

### ४.६.२.१ **सामाजिक विसङ्गति**

समाजमा हुने अनैतिकता, सामाजिक भेदभाव आदि सामाजिक विसङ्गतिका विरुद्ध समाजलाई कसरी जागृत बनाउनु पर्दछ भन्ने कुराका मार्गदर्शक बनेका रचनाकारले आफ्ना रचनाहरूमा यिनै घाउहरूलाई कोट्याउने काम गरेका छन् । **फू फू फू** सङ्ग्रहमा यी र यस्तै विसङ्गतिका माध्यमबाट समाजसुधारको बाटो देखाउने काम गरेका छन् । यस रचनामा नेपाली समाजमा अनेकन सामाजिक समस्याहरूलाई केलाउने काम गरिएको छ । मान्छे बिरामी हुँदा अस्पताल लग्नुको सट्टा धामी झाँत्री डाक्ने, धामी झाँक्रीले लागो लागेको भनिदिने र झारफुक गर्ने अनि उसले भनेअनुसार बोका, कुखुरा काट्ने र पूजाआजा गर्ने जस्ता परम्परा नेपाली समाजमा आज पनि कायमै छ र यस्ता सामाजिक परम्परागत यथार्थलाई रचनाकारले यस रचनामा प्रकटीकरण गरेका छन् । ग्रहदशा फाल्ने भनी अक्षता, फूल, पैसा आदि टपरीमा राखेर दोबाटो वा चौबाटोमा राखिदिने प्रचलन आज पनि हाम्रो समाजमा देखिन्छ जसले गर्दा समाजमा व्याप्त धार्मिक तथा सांस्कृतिक विसङ्गतिलाई घटाउनुको सट्टा झन् बढावा पुग्छ भन्ने मनसाय राखेर यस सङ्ग्रहका निबन्धहरू रचिएका छन् ।

*पाँच पैसे ढ्याक* शीर्षकको रचनामा यस्तै विकृतिलाई प्रस्तुत गरिएको छ । जिउमा हनुमान उत्रन्छ भन्ने अन्धविश्वासलाई नेपाली पछौटे समाजमा आज पनि मानिँदैछ । रुढीग्रस्त ब्राह्मण परिवारमा ननुहाई खाना खानु हुँदैन भन्ने आडम्बर रहेको यथार्थताप्रति व्यङ्ग्य गर्दै रिजालले शारीरिक सफाइका लागि स्नान अनिवार्य रहेको र यसलाई आडम्बरका रूपमा स्वीकार गरिएको कुरा उल्लेख गरेर त्यसप्रति सचेत रहन आह्वान गरेका छन् ।

*आप नहाय तो हम नहाय* शीर्षकको रचनामा सामाजिक आडम्बर, अन्धविश्वास र विकृतिमाथि व्यङ्ग्य प्रहार गरिएको छ । साथै सामाजिक नैतिकता र वैयक्तिक तृष्णाको सङ्घर्षलाई पनि व्यङ्ग्य गरिएको छ ।

*रातकी दिदी* रचनामा सामाजिक विकृतिहरूको उद्घाटन गर्ने क्रममा आम मानिसको जनजीवनमा परेको समस्या र नेतृत्ववर्गका दुश्चरित्रहरूको उद्घाटन गरिएको छ । साथै यौनमनोविज्ञानको उद्घाटनका माध्यमबाट यौन विकृतिको भण्डाफोर गर्ने प्रयत्न पनि गरिएको छ । रक्सीले मान्छेमा उत्पन्न गर्ने कामुक उत्तेजना र त्यस उत्तेजनाको दबाबमा परेर मानिसले विवेक गुमाउनाले समाजमा विकृति फैलिन्छ भन्ने विचार यसमा व्यक्त गरिएको छ ।

यसरी रिजाल **फू फू फू** हास्यव्यङ्ग्य सङ्ग्रहका रचनाहरूमार्फत् समाजमा घटेका घटनाहरूलाई विसङ्गतिका रूपमा प्रस्तुत गर्न सफल रहेका छन् ।

४.६.२.२ **राजनैतिक विसङ्गति**

हास्यव्यङ्ग्यकार आर.सी. रिजालका अन्य कृतिहरूमा जस्तै यस **फू फू फू** हास्यव्यङ्ग्य सङ्ग्रहमा पनि राजनीतिक विसङगतिलाई हास्य र व्यङ्ग्यको मूल आधार बनाई रचनाहरू सिर्जना गरिएका छन् । राजनीतिले गर्दा समाजमा विभिन्न किसिमका विकृतिहरू देखा परिरहेका छन्, देशमा अशान्ति बढिरहेको छ भने राजनीति गर्ने व्यक्तिहरूले आफ्नो मात्र प्रगति गर्ने जनताका समस्या हल गर्नेतर्फ उचित व्यवस्था नगरेको अवस्था देखिन्छ । रिजालले यस कृतिमा राजनीतिक क्षेत्रमा देखिएका विसङ्गतिहरूलाई विषयवस्तुमा समेटेका छन् । देशमा भएको १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन आदिले राजनीतिक क्षेत्रमा पारेको प्रभावबारे यस कृतिमा सफलताका साथ व्याख्या गरिएको छ ।

*चिर शान्तिको कामना* शीर्षकको रचनामा राजनीतिक अनैतिकता र निर्लज्जताको भण्डाफोर गर्ने प्रयत्न गरिएको छ । नेपाली समाजलाई यस्ता गलत चेतनाले डोहोऱ्याएर आफ्नो दुनो सोझ्याइरहेका पार्टी र नेताहरूलाई व्यङ्ग्य गर्दै लेखकले तिनको कटु आलोचना गरेका छन् । यस रचनामा नेपालका प्रशासक र मन्त्रीहरूलाई विश्वकै क्रुर व्यक्तिका रूपमा चित्रण गरिएको छ ।

*राष्ट्रिय खेल* शीर्षकको रचनामा पनि राजनीतिक समस्यालाई विसङ्गतिका रूपमा प्रस्तुत गरिएको छ । देश र जनतामाथि निरन्तर रूपमा चर्को लुट भइरहेको यथार्थ अवस्थालाई उद्घाटन गरी सम्बन्धित लुटेराहरूमाथि व्यङ्ग्य प्रहार गरिएको छ । अर्को सहिदको महत्त्व र मूल्यलाई ज्यादै नै सस्तो बनाउँदै लगिएको यथार्थलाई विसङ्गतिका

रूपमा प्रस्तुत गरिएको छ । जो जहाँ, जसरी र जुन कारणले मरे-मारिए पनि सडक बन्द गरिहाल्ने र मर्नेलाई रू. १० लाख दिनुपर्ने र सहिद घोषणा गर्नुपर्ने कुरा नेपाली समाजको कुरीति हो भनिएको यस निबन्धमा सहिद घोषणा गर्नुपर्ने माग गरेर समाज र जीवन तथा राष्ट्रलाई नै बाधक बनाउन खोज्ने प्रवृत्ति हावी हुँदै गएको यथार्थप्रति व्यङ्ग्य गरिएको छ ।

*टाउकोको करामत* रचनामा राजनीतिलाई मुख्य विषय बनाएर भूमिगत राजनीति गर्दा देखिने विसङ्गतिलाई समेटिएको छ । यस रचनामा रिजाल मार्क्सवादी विचार धाराका लेखक हुन् भन्ने कुरा प्रस्ट भएको छ । रिजालले आफूले भोगेका अनेक दुःख, कष्टलाई पनि यसमा समेटेका छन् । भूमिगत राजनीति गर्दा मान्छेका नामका पछाडि उपनाम राखेर टाउकाहरूलाई बचाउने प्रयास भएकामा पनि रिजालले तिखो प्रहार गरेका छन् ।

### ४.६.२.३ **मानवीय विसङ्गति**

हास्यव्यङ्ग्यकार मात्र होइन एउटा इमान्दार लेखकले आफैभित्र रहेका दुर्बलता, कमी कमजोरी र आफ्नै भुलहरूमाथि पनि प्रहार गर्दै कलम चलाउँछ । व्यङ्ग्यकार पनि यही समाजको एउटा सदस्य भएको हुँदा सामाजिक विसङ्गतिले उसलाई प्रभावित पार्नु तथा उसका व्यक्तिगत दुर्वलता र भुलहरूले समाजलाई प्रभावित पार्नु स्वभाविक हो । आर.सी. रिजालका रचनाहरूको गम्भीर अध्ययन गर्दा के थाहा पाइन्छ भने उनी स्वयम्ले आफ्नै जीवनका नकरात्मक पाटाहरूमाथि आफ्नै स्वभाव, आनिबानी र क्रियाकलापहरूामाथि पनि मज्जासँग सिस्नोपानी लगाएका छन् ।

रिजालका धेरै जसो हास्यव्यङ्ग्यहरू आत्मपरक शैलीमा लेखिएका छन् । यस्ता रचनाहरूमा ‘म’ पात्रको प्रधान्यता रहेको पाइन्छ । आफूभित्रकै क्रियाकलाप र स्वभावमा रहेका विसङ्गतिहरूलाई साधारणीकरण गरी मानिसका आम प्रवृत्तिहरूतर्फ सोभ्याउनु रिजालको वैशिष्ट्य पनि हो । निबन्धहरूमा वर्णित, चित्रित एवम् घटित धेरै घटनाहरूमा रिजालले स्वयम् आफूलाई उभ्याएका छन् । छोरालाई अर्ती रचनामा जीवनसम्बन्धी लेखकका मान्यताहरूलाई सूत्रबद्ध रूपमा प्रस्तुत गरिएको छ । यसमा प्रस्तुत गरिएका उनका विचारहरू मार्मिक छन् । समाज बदल्नका लागि मानिसले आफ्नो सोच बदल्नुपर्ने आवश्यकता छ भन्ने बारेमा लेखकले विवेचना गरेका छन् । आफू मरेपछि आफ्नो छोराले के गरोस्, के नगरोस् भन्ने कुरा बताउने निहुँ पारेर लेखकले सामाजिक आडम्बर र

अन्धविश्वासी परम्परामाथि आक्रमण गरेका छन् । यस्ता कार्यले मानवीय विसङ्गतिलाई अझ माथि उठाएको देखिन्छ । यस्ता मानवीय विसङ्गतिलाई मुख्य बिषयवस्तु बनाएर लेखिएका अन्य रचनाहरू *दुर्व्यसनी, स्टुल टेस्ट, मुस्कानवाली* आदि हुन् ।

### ४.६.३. **भाषाशैली**

**फू फू फू** हास्यव्यङ्ग्यसङ्ग्रह मूलतः व्यङ्ग्यशैलीमा लेखिएको साहित्य हो । संस्मरणात्मकता, वर्णनात्मकता तथा आख्यानात्मकता यसका अन्य शैलीगत विशेषता हुन् । भाषा ज्यादै छरितो र खिरिलो छ । प्रचलित शब्दहरूको प्रयोगको आधिक्य छ, भन्न खोजिएका कुरालाई पाठकले सजिलै बुझ्न सक्ने किसिमको गाउँले पाराको भाषामा प्रस्तुत गरिएकाले यहाँ समावेश गरिएका रचनाहरू सुबोध्य छन् भने उखान र टुक्काहरूको स्वाभाविक प्रयोगले अभिव्यक्तिलाई प्रभावकारी तुल्याएको पाइन्छ । एकातिर हँसाउने हास्य शैली र अर्कोतिर बदमास व्यक्तिका मनमा च्वास्स घोच्ने व्यङ्ग्यशैलीले गर्दा यहाँ प्रस्तुत गरिएका रचनाहरू सम्प्रेषणीय बनेका छन् । बोलीचालीको कथ्य भाषाले यो सङ्ग्रहलाई झनै रोचक बनाएको छ । 'तँ पाजी मरे मर् बाँचे बाच् तँ मेरो आमापट्टिको पनि हैनस् बाबुपट्टिको पनि हैनस्' (**फू फू फू** : ३), 'यो टपरेको पिसाबनली पनि कत्तिमाथि उम्रेको' ( २९) आदि उखान टुक्काको प्रयोगले यस सङ्ग्रहलाई पठनीय बनाएका छन् । साथै विभिन्न उखानहरूको प्रयोगले अभिव्यक्तिहरूलाई उत्तिकै सशक्त बनाएको छ । 'कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा' ( २), 'कुरा बुझ्दैन, कुखुराले मुत्दैन', ( २९), 'दिन लागे डराउनु, ऋण लागे नडराउनु' ( ३५), 'जसको बिहे उसैलाई देख्नै नदे' ( ३९), 'बोकेको कुकुरले मृग मार्दैन' ( ३९), 'नरहे बाँस नबजे बाँसुरी' ( ४७), 'कहाँ जालिस् मछेली मेरै ढडिया' ( २) आदि । त्यस्तै 'ब्रह्माजीको के जान्थ्यो ?', 'मनुवाको पेटमा एउटा फस्नर जडान गरिदिएको भए दाल, भात, तरकारी हाल्यो र बन्द गरिदियो । खाना नरुच्ने, पिरो, अमिलो, नुनिलो, टर्रो केही स्वाद थाहा नपाइने । घरकी बूढीसँग ठाक-ठुक नपर्ने हाइसन्चो हुन्थ्यो । मानव शरीरमा रोगीको गुँड भनेको भुँडी हो, फस्नर सिस्टम भइदिएको भए पेट दुखेको बखत फस्नर खोल्यो आन्द्रा-भुँडी झिक्यो, साबुन पानीले लेउ सफा गर्यो अनि बन्द गर्यो' ( ६०) जस्ता अभिव्यक्तिले हास्यभावको निष्पत्ति गराई पाठकलाई आनन्द प्रदान गरिएको छ ।

शैलीका कुरा गर्दा **फू फू फू** कृतिका रचनाहरूमा व्यङ्ग्य शैलीको आधिक्य छ । समाजका नकारात्मक पक्षहरूमाथि आक्रमक शैलीमा व्यङ्ग्य प्रहार गर्दै लेखकले कथ्यलाई

ध्वन्यात्मक बनाउने प्रयास गरेका छन् । तँ त नेपालको नेताभन्दा पनि फटाहा निक्लिस्, राष्ट्रियताको नाममा गुड्डी हाँक्ने नेताभन्दा कुकुरको स्थान माथि नै हुन्छ ( ४) । ज्युदै स्याउँ-स्याउँ किरा परेर मर्लान् जस्ता राष्ट्रघातीको नाम कुकुरसँग जोडेर किन कुकुरको खिल्ली उडाउने ? ( ४१) जस्ता अभिव्यक्तिका माध्यमबाट लेखकले देश र जनतामाथि विश्वासघात गर्ने कृतघ्न राजनेताहरूप्रतिको चर्को वितृष्णा व्यक्त गरेका छन् । भाषाशैलीका दृष्टिकोणले रिजालको **फू फू फू** हास्यव्यङ्ग्यसङ्ग्रह एउटा उत्कृष्ट र सफल कृति हो, भन्न सकिन्छ ।

### ४.६.४.उद्देश्य

**फू फू फू** हास्यव्यङ्ग्यसङ्ग्रह रिजालको यस शोधपत्र निर्माण गर्दाको अन्तिम प्रकाशित कृति हो । यस सङ्ग्रहका रचनाहरूका माध्यमबाट रिजालले समाजको सकारात्मक विकास र मान्छेका खराब चरित्रको सुधारका पक्षमा सन्देश दिन खोजेको देखिन्छ । नेपाली समाजमा विभिन्न वर्गाका व्यक्तिहरूको जीवन स्थिति र तिनका जीवन पद्धतिको अवलोकन गर्नु, आलोच्य चरित्र, त्याज्य प्रवृत्तिका विरुद्धमा र काव्यचेतनाका पक्षमा बौद्धिक विमर्श गर्नु, नेपाली राजनीतिका एजेण्डाहरूको उद्घाटन गर्दै अदूरदर्शी तथा चरम स्वार्थी नेतृत्वको आलोचना गर्नु, जनताका सपनाहरूसँग नखेल्ने अगुवाहरूलाई चेतावनी दिनु, अन्धविश्वास र अज्ञानताले पछौटे बनेको समाज र आर्थिक दुर्बलता र बेरोजगारीले सङ्कटमा परेको निम्न वर्गीय पक्षधरताको अभिव्यक्ति दिनु, सरकारी कर्मचारीका समस्या र बदमासी, यौन व्यभिचारका दुर्गन्ध र कुरूपता, शैक्षिक क्षेत्रका विसङ्गति र नारीमाथिको उत्पीडनगत असङ्गति आदि अनेक सामाजिक यथार्थताको सूक्ष्म निरीक्षण र निजी अनुभव सहित अवलोकन गरी समाज तथा चरित्रको सुधारका लागि सन्देश दिनु र समग्रमा जीवनघातक पक्षहरूको समाप्ति र देश, जनता, मानवता, सामाजिक नैतिकता, विकास, जागृत जस्ता उन्नतिका पक्षमा लाग्न पाठकहरूमा आह्वान गर्नु नै यस कृतिको मुख्य उद्देश्य हो ।

### ४.६.५. निष्कर्ष

**फू फू फू** हास्यव्यङ्ग्य सङ्गालो रिजालको पछिल्लो कृति हो । नेपाली राजनीति, समाज, धार्मिक तथा सांस्कृतिक क्षेत्रमा विद्यमान विकृति र विसङ्गतिका केस्रा-केस्रा केलाउँदै तिनीहरूको समूल उच्छेदन गर्न कलात्मक किसिमले घच्घच्याउने यो एउटा सफल कृतिका रूपमा देखिएको छ । आत्मपरक शैलीमा लेखिएका यसभित्रका अधिकांश रचनाहरू

विभिन्न विकृति र विसङ्गतिमाथि खनिएका छन् । विषयको व्यापकता, सरल भइकन पनि कलात्मक प्रस्तुति, भाषा र भावबीच उचित समन्वय, उखान-टुक्काको प्रयोगले सरल र सुस्वाध्ययन आदि कुराले रिजालको अभिव्यक्तिलाई उन्नत बनाएको छ ।

## ४.७ समग्र निष्कर्ष

आर.सी. रिजालका कृतिहरूको अध्ययन गर्दा समाजमा भएका विकृति विसङ्गतिलाई उजागर गरेको देखिन्छ । उनका हास्यव्यङ्ग्य कृतिहरू पाँच वटा देखिन्छन् । **कुकुरको पुच्छर, कण्ठ लँगौटी, हाकिमको खप्पर, भोलारामको आत्मा** र **फू फू फू** हास्यव्यङ्ग्य सफल कृतिहरू हुन् । यी सबै कृतिहरूभित्रका रचनाहरू रिजालका जीवनमा देखिएका भोगाइहरू हुन् । प्रत्येक शीर्षकका कृतिहरूले हास्य र व्यङ्ग्यलाई समानताका साथै सह-सम्बन्धका रूपमा काम गरेका छन् । रिजालले कृतिको शीर्षक राख्ने क्रममा कृतिभित्रकै एउटा रचनालाई आधार बनाएका छन् । रिजाल हास्यव्यङ्ग्य साहित्यमा निरन्तर रूपमा लागिरहेका देखिन्छन् । साहित्य क्षेत्रअर्न्तगत हास्यव्यङ्ग्यलाई मूलमन्त्र ठान्ने रिजाल सफल अनुवादक भएर पनि देखिएका छन् । हिन्दीका प्रख्यात हास्यव्यङ्ग्यकार रचनाहरूलाई यिनले अनुवाद गरेर कृतिको निर्माण गरेको देखिन्छ । रिजालका सबै कृतिहरूमा सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक मानवीय आदि विसङ्गतिलाई कटाक्ष गरिएको छ । यी विकृतिहरूलाई प्रस्तुत गरेर यिनैका माध्यमबाट समाज सुधारको इच्छा जाहेर गर्नु रिजालको वैशिष्ट्य हो ।

यसरी रिजालका कृतिहरू नेपाली हास्यव्यङ्ग्य क्षेत्रमा सफल रहेका देखिन्छन् भनी यी कृतिका माध्यमबाट उनले दिइएको योगदान पनि नेपाली हास्यव्यङ्ग्य निबन्ध साहित्यमा उल्लेखनीय रहेको छ ।

# परिच्छेद : पाँच

## निबन्धमा आर.सी. रिजालको हास्यव्यङ्ग्यात्मक योगदान र उपसंहार

नेपाली हास्यव्यङ्ग्य लेखनको आधुनिक कालमा २०३६ सालदेखि देखापरेका आर.सी. रिजाल आरम्भदेखि हालसम्म पनि हास्यव्यङ्ग्य निबन्धलाई आफ्नो लेखकीय आर्दश मानेर कलम चलाउने स्रष्टा हुन् । कोरा औपचारिकतालाई ठ्याम्मै भन्न मन नपराउने रिजालको स्वभाव जति खरो र खस्रो छ उनका रचना कृतिहरू उत्तिकै मुलायम छन् । भाषा सरल छ, भन्न खोजेको कुरालाई लोकबोलीमा बहुप्रचलित उखान, टुक्काहरूको सहारा लिएर मीठो र स्वादिलो किसिमले प्रस्तुत गरेका छन् । विसङ्गतिप्रति प्रहारक चेतले उनलाई हास्यव्यङ्ग्य रचना सिर्जनाका क्षेत्रमा पनि खरो र खस्रो व्यक्तित्वका रूपमा स्थापित गरेको छ । जतिसुकै आर्दश रचना सिर्जना गरे पनि व्यवहारमा सडेगलेकोपन देखिने कतिपय लेखकहरूभन्दा रिजाल भिन्न छन् । यही भिन्नता नै रिजालको पहिचान हो । हास्यव्यङ्ग्यको सैद्धान्तिक आलोकमा रिजालको रचना कृतिहरूको सङ्क्षिप्त मूल्याङ्कन गर्दै निम्नलिखित बुँदामा आधारित भएर उनका रचनात्मक प्रवृत्ति एवम् वैशिष्ट्यहरूको पहिचान गर्दै मूल्याङ्कन गर्नु उपयुक्त देखिन्छ :

### ५.१ विषयवस्तु चयनमा रिजालको रुचि

आर.सी रिजाल मूलतः हास्यव्यङ्ग्य स्रष्टा भएकाले हुनुपर्ने र भइरहेको बीच देखापरेका असङ्गतिप्रति तीब्रतम रूपमा संवेदनशील हुन्छन् । यही संवेदनाको जगमा उभिएर विसङ्गति र विकृतिगत स्थितिलाई सजीव चित्रण गरेर मात्रै हास्यव्यङ्ग्यकार रिजालले चित्त बुझाएका र थकाइ मारेका छैनन् बरु त्यसको उच्छेद र निर्मूल गरी सङ्गति निर्माणको सन्देह सम्प्रेषण गर्न पनि उत्तिकै लालयित भएका छन् । विसङ्गति र विकृतिका ढङ्गबाट सामाजिक जीवनलाई सबभन्दा बढी प्रभावित गरिरहेका विषय र सबाललाई टिपेर आफ्ना रचनामा उन्ने, बुन्ने काम आर.सी. रिजालले गरेका छन् । उनका निबन्धहरूको केन्द्रीय विषयवस्तु साहित्यिक, सांस्कृतिक, सामाजिक राजनीतिक, मानवीय तथा वैयक्तिक विसङ्गति रहेको छ । एउटा मूल विसङ्गतिलाई विषयक्षेत्र बनाई लेखिएका निबन्ध रचनामा पनि अन्यान्य विसङ्गत विषयहरू तानेर कहीँ तुलना गरेर, कहीँ उदाहरण दिँदै, कही उपमा स्थापित गरी मन्द हास्यसहित तार्किक ढङ्गले प्रस्तुत गर्न रिजाल सिपालु देखिन्छन् ।

रिजाल हाम्रो समाजका उकुच पल्टिरहेका घाउ, पिला, खटिराहरूलाई आफ्नो रचना मार्फत् निर्चोन चाहन्छन् । यिनै असङ्गतिका पिला, खटिराहरू नै उनका निबन्धहरूका मूल विषयका रूपमा विन्यास गरिएका छन् । मान्छेका रूपरेखा, विचार र व्यवहार, नीति बनाउने नेताको कुरूप चिन्तन र विद्रुक चरित्र, प्रशासनिक पदमा आसिन हाकिमहरूका घुसिया प्रवृत्ति र चाप्लुस स्वभाव सबै-सबैलाई रिजालले ठुँग्न भ्याएका छन् । उनका हास्यव्यङ्ग्य निबन्धको विषय व्याप्ति अन्त्यत फराकिलो छ । प्रायः सबै कृति र फुटकर रचनामा समेत यस क्षेत्रमा विद्यमान विकृत वातावरण, गलत मनोकाङ्क्षा, चाप्लुस र चाकरी प्रवृत्ति, साहित्य सेवाको नाममा आफ्नो नाम चलाउने रुग्न चिन्तन र चेतनाप्रति हाँसो उडाउँदै उनले व्यङ्ग्य गरेका छन् ।

## ५.२ भाषाशैलीको प्रयोगमा रिजाल

सरल भाषाका पक्षपाती रिजालले अर्मूत र क्लिष्ट भाषामा लेख रचनाहरू लेख्ने लेखक साहित्यकारलाई झरिलो व्यङ्ग्य समेत गरेका छन् । उनका निबन्ध रचनामा सरल भाषामै गम्भीर र गहन, अर्थ, त्यो पनि व्यङ्ग्यार्थ प्रदान गर्ने विशिष्टता देखिन्छ । कुनै एउटा प्रसङ्ग उचालेर त्यसका बारेमा वर्णन गर्दागर्दै अर्कै प्रसङ्गको उदाहरण दिई सादृश्यताबोध गराउनु, बीच-बीचमा कोष्ठकभित्र स्पष्टीकरण दिई सन्दर्भलाई अझ व्यङ्ग्य विनोदी बनाउनु, थोरै शब्द खर्च गरेर धेरै गम्भीर अर्थ दिनु आदि रिजालका भाषागत र शैलीगत विशेषता हुन् । उखान-टुक्काको प्रयोगले रचनामा मिठास थपिएको मात्र होइन रिजालको अभिव्यञ्जनालाई उन्नत र व्यङ्ग्यपूर्ण बनाएको छ । अघिल्ला कृतिहरूभन्दा पछिल्ला कृतिहरू भाषाशैलीका दृष्टिले अझ माझिएका र परिष्कृत देखिन्छन् ।

## ५.३ आफैमाथि व्यङ्ग्य गर्ने रिजाल

आर.सी. रिजाल मूलतः हास्यव्यङ्ग्यकार लेखक हुन् । हास्यव्यङ्ग्य स्रष्टा मात्र होइन एउटा इमान्दार लेखक आफैभित्र रहेका दुर्बलता, कमी-कमजोरी, आफ्नै भुलहरूमाथि पनि निमर्मतापूर्वक कलम चलाउँछन् । एउटा व्यङ्ग्यकार पनि यही समाजको सदस्य हो र समाजमा विद्यमान विसङ्गतिले उनको आनीबानी र स्वभावलाई पनि विसङ्गत बनाइदिएको हुन सक्छ अनि उनका वैयक्तिक भुल, दुर्बलता र कमी-कमजोरीहरूले समाजलाई समेत दुष्प्रभावित पार्न सक्छ । रिजालका रचनाहरूको अध्ययन गर्दा के थाहा

पाइन्छ भने रिजाल स्वयम्ले आफ्नै जीवनका नकारात्मक पाटाहरू, आफ्नै विसङ्गत स्वभाव, आनिबानी र क्रियाकलापहरूमाथि मज्जासँग सिस्नुपानी लगाएका छन् र आफैमाथि कटु व्यङ्ग्य गरेका छन् । विकृतिका स्रोतको रूपमा अरूका गुण, अवगुण र प्रवृत्तिहरू मात्र नखोतलेर स्वयम् आफ्ना र आफ्ना प्रवृत्तिहरूको निमर्मतार्पूवक खुलासा गरेका छन् । रिजालको व्यङ्ग्य अरू अन्यत्रमा मात्र होइनन् रिजाल परिवारभित्रका विसङ्गतिहरूमाथि पनि खनिएको सोदाहरण यथास्थानमा प्रस्तुत भइसकेको छ । यसरी रिजाल आफै वैयक्तिक परिवेशको विसङ्गत क्रियाकलापलाई पनि मन पराउँदैनन् । यसैलाई विषयवस्तु बनाएर निर्माण र व्यङ्ग्य गर्न अघि सर्छन् । यस्ता प्रवृत्तिलाई आत्मव्यङ्ग्य भनिन्छ । यसर्थ रिजाल एउटा सफल आत्मव्यङ्यकारका रूपमा हाम्रो सामु उपस्थित छन् । यो पनि उनको महत्त्वपूर्ण प्रवृत्तिगत वैशिष्टय हो ।

## ५.४. हास्यव्यङ्ग्यको सैद्धान्तिक परिपालनाका सन्र्दभमा रिजाल

हास्यव्यङ्ग्यसम्बन्धी पाश्चात्य र पूर्वीय साहित्यशास्त्रीदेखि आधुनिक साहित्य चिन्तनसम्मका विद्वान्हरूले आ-आफ्ना मत र विचारहरू राखेका छन् । त्यसैले रिजालमा हास्यव्यङ्ग्यको सैद्धान्तिक अवधारणा निरूपण भएको छ । हास्यव्यङ्ग्यकार अनैतिकतामा नैतिकताको, असङ्गतिमा सङ्गतिको, बिब्ल्याटाहरूमा सब्ल्याटाँहरूको पक्षपोषण गर्ने स्रष्टा र द्रष्टा भएकाले सामाजिक दुर्नियतिमाथि घृणा जाहेर गर्छ । सिद्धान्ततः हास्यव्यङ्ग्य रचनामा शिष्ट हास्य र मनोहर व्यङ्ग्य समाहित हुनुपर्छ । हास्यव्यङ्ग्य विद्रुप स्थितिहरूको मनोरञ्जन आलोचना हो । यसले सत्य अभिव्यक्ति गर्दै समाजलाई अग्रगामी पथमा लम्कन अभिप्रेरित गर्नु पर्दछ । आर.सी. रिजालका निबन्ध कृतिहरू यही सैद्धान्तिक अवधारणामा आधारित छन् । हास्यमात्र समाविष्ट रचनालाई हास्य र हास्यहीन व्यङ्ग्य रचनालाई व्यङ्ग्य तथा हास्य र व्यङ्ग्य दुवै तत्त्व समाविष्ट रचनालाई हास्यव्यङ्ग्य मान्नु पर्ने अवधारणा मूर्त भइरहेको परिप्रेक्षमा हेर्दा रिजालका रचनामा हास्य कम व्यङ्ग्य बढी तीब्र पाइन्छ । हास्य-व्यङ्ग्यको तुलनामा मात्रात्मक उपस्थिति न्यून रहेको छ । हास्य र व्यङ्ग्यको बेजोड सन्तुलन भैरव अर्यालका कृतिहरूमा पाइन्छ । अर्यालका हास्यव्यङ्ग्य रचनाको तुलनामा रिजालका हास्यव्यङ्ग्य रचना केही फिका र कमजोरजस्ता देखिए पनि हास्यव्यङ्ग्यको सैद्धान्तिक दायराभित्र समेटिएका छन् । मन्द हास्य र तार्किक प्रस्तुतिले उनका निबन्धरचना अर्यालबाहेक अन्य समकालीन हास्यव्यङ्ग्यकारका हास्यव्यङ्ग्य रचनाभन्दा कमजोर छैनन् ।

## ५.५ नेपाली हास्यव्यङ्ग्य लेखनमा रिजालको योगदान

नेपाली हास्यव्यङ्ग्यको क्षेत्रमा देखापरेका सशक्त स्रष्टा आर.सी. रिजाल आरम्भदेखि हालसम्म नै हास्यव्यङ्ग्य निबन्ध मात्रै लेख्ने हास्यव्यङ्ग्य लेखक हुन् । केही आरोह र अवरोह भए पनि हालसम्म निरन्तर र अथकित कलम चलाएर नेपाली हास्यव्यङ्ग्यको क्षेत्रमा श्रीवृद्धिमा उनले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । शिष्ट, सौम्य, सरल, भाषा र तीब्र एवम् तार्किक व्यङ्ग्य कलाको आफ्नै मौलिक प्रभाव र विशिष्टता दिएर नेपाली हास्यव्यङ्ग्य लेखनको परम्परालाई सम्र्बद्धन गर्ने रिजालको लेखकीय योगदान अविस्मरणीय रहेको छ । हास्यव्यङ्ग्यका नाममा एकातिर छाडा र अश्लिल सामग्री समेत सिर्जना हुँदै आएको वर्तमान स्थितिमा रिजालका रचनाले खबरदारी बोलेका छन् । विसङ्गति विरोधी हास्यव्यङ्ग्यलाई नै विसङ्गतिको चपेटामा लैजान खोज्ने प्रतिभाको उचाइ प्राप्त नगरेका हास्यव्यङ्ग्यकारका निमित्त रिजालका निबन्धरचनाहरू मार्गदर्शक हुन सक्छन् । शिष्ट र सौम्य ढङ्गले पनि विकृत विचार, सोचाइ, क्रियाकलाप र विद्रुप स्थितिमाथि कसरी प्रहार गर्न सकिन्छ भन्ने कुराको राम्रो उदाहरण बन्न सकेका छन् उनका रचनाहरू । उनको यही भूमिका र योगदानका कारण हास्यव्यङ्ग्य लेखनपरम्परामा रिजालको स्थान उच्च रहेको छ । तार्किक निरन्तरता, शिष्ट, सौम्य र तार्किक प्रस्तुति र विकृतिप्रति तीब्र प्रहारले नेपाली हास्यव्यङ्ग्यमा रिजाललाई चर्चित बनाएको छ ।

## ५.६ उपसंहार

यस शोधपत्रमा हास्यव्यङ्ग्यकार आर.सी. रिजालको कृतित्वको समग्रमा अध्ययन गरिएको छ । रिजालको २००९ साल चैत्र ११ गते जन्म भएको देखिन्छ । सानै उमेरदेखि साहित्यमा रुचि राख्ने रिजालले हास्यव्यङ्ग्यका क्षेत्रमा नेपाली साहित्यलाई माथि उठाउन भरमुग्दुर प्रयास गरेका छन् । मकवानपुरको हेटौंडामा बसेर पनि उनले हास्यव्यङ्ग्य साहित्यलाई गोडमेल गरिरहेको देखिन्छ । उनले जति कृतिहरू लेखेका छन् ती सबै हास्यव्यङ्ग्यात्मक छन् । त्यसमा पनि हास्यलाईभन्दा व्यङ्ग्यलाई बढी महत्त्व दिइएको देखिन्छ । उनका हास्यव्यङ्ग्य कृतिहरू **कुकुरको पुच्छर, कण्ठ लँगौटी, हाकिमको खप्पर, भोलारामको आत्मा** र **फू फू फू** रहेका छन् । यी सबै कृतिभित्रका रचनाहरूमा हास्यव्यङ्ग्यलाई नै बढी प्राथमिकता दिएको देखिन्छ ।

आधुनिक नेपाली निबन्ध फाँटमा हास्यव्यङ्ग्य निबन्धकारका रूपमा आफूलाई चिनाउन सफल आर.सी. रिजालले २०३४/०३५ सालदेखि तत्कालीन पत्रपत्रिकामा हास्यव्यङ्ग्य रचना प्रकाशित गराउन थालेको भए पनि उनको पहिलो प्रकाशित कृतिका रूपमा २०५५ सालमा प्रकाशित **कुकुरको पुच्छर** देखापरेको हो । यसरी औपचारिक रूपमा साहित्यिक क्षेत्रमा उदाएका रिजालले विशेषतः हास्यव्यङ्ग्य निबन्धका माध्यमबाट समाजका विकृति, विसङ्गति, गरिबी, अशिक्षा, अन्याय, अत्याचार, भ्रष्टाचार, दुराचारजस्ता विसङ्गत पक्षहरूमाथि व्यङ्ग्य प्रहार गर्दै सुधारको अपेक्षा राखेका छन् । निबन्धविधाको रचनाधर्मितालाई पालना गर्दै निबन्धरचना गर्ने रिजाल विशेषतः नेपाली हास्यव्यङ्ग्य निबन्धका पिता मानिने भैरव अर्यालबाट प्रभावित छन् ।

रिजालले हास्यव्यङ्ग्यको सिद्धान्तमा आधारित रहेर कृतिहरूको सिर्जना गरेको देखिन्छ । हास्यव्यङ्ग्यलाई पूर्वीय साहित्यमा होस् या पश्चिमी साहित्यमा एउटा विशिष्ट साहित्यका रूपमा लिने गरेको देखिन्छ । हास्यव्यङ्ग्यसम्बन्धी साहित्यरचनाले समाजमा देखिने विभिन्न विकृति/विसङ्गतिहरूलाई चिरफार गरी मलम लगाउने काम गरेका छन् । त्यस्तै रिजालका विभिन्न किसिमका रचनाहरू विकृतिहरूलाई मुख्य विषयवस्तु बनाएर लेखिएका छन् । उनका कृतिहरूको भाषाशैली सरल देखिन्छ । जोसुकैले पनि सहजै अर्थ बुझ्रेर पढ्न सक्ने उनका कृतिहरूमा गाउँले ठेट नेपाली भाषाको प्रयोग भएको देखिन्छ ।

आर.सी. रिजालका निबन्धहरूले समाजमा व्याप्त कुरीति, असङ्गति, आडम्बर, छल, छद्म, अहङ्कार, भ्रष्टाचार, नातावाद, कृपावाद, चाकडी, चाप्लुसी, आर्थिक अनुशासनहीनता, विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् भने यावत् विब्ल्याँटाबाट आक्रान्तहरूप्रति मल्हमपट्टि लगाउन सुधारको स्वर उराल्छन् । रिजालमा देखिएको हास्यव्यङ्ग्यात्मक सचेतनाले उनी एक कुशल व्यङ्ग्य शिल्पीका रूपमा उदाएका छन् भन्न सकिन्छ । यिनका घोचिला, पेचिला, निबन्धहरूले हास्य र व्यङ्ग्यको सही सन्तुलनमार्फत् स्वस्थ समाजको निर्माण गर्ने अभिलाषा प्रकट गर्दछन् । रिजालका निबन्धहरूले कतै मानवीय तुच्छता र अहम्को प्वाल टाल्ने सल्लाह दिन्छन् र कतै ती प्रवृत्तिप्रति चड्कन हिर्काउँछन्, कतै सङ्गतिहीन सामाजिक संरचनाप्रति ढाडै खुस्किने गरी प्रहार गर्दछन् र कतै मुटुमा च्वास्स रोपेर प्वाल पारिदिन्छन् । मानवीय दुष्प्रवृत्ति र सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक एवम् धार्मिक क्षेत्रमा देखापर्ने विषमताहलाई प्रस्तुत गर्नु उनको सफलता हो । यसरी आफ्ना

हास्यव्यङ्ग्यात्मक निबन्धका माध्यमबाट आफ्नो साहित्यिक व्यक्तित्व झल्काउने रिजालले विशेषतः मकवानपुरको हास्यव्यङ्ग्यात्मक निबन्धमा ठूलो गुन लगाएका छन् र आगामी दिनमा उनको नैबन्धिक भविष्य उज्यालो रहने पूर्वकल्पना गर्न सकिन्छ ।

उनमा हास्यव्यङ्ग्य कलाको विशिष्ट प्रयोग छ । हास्य र व्यङ्ग्य समाजको बिग्रिएको ठाउँमा प्रहार गर्ने एउटा धारिलो हतियार हो । त्यस हतियारको दुरूपयोग भयो भने हास्यव्यङ्ग्य गाली-गलौज बन्न पुग्छ । यस बारेमा आर.सी. रिजाल सचेत छन् । उनी यस्ता हतियारको प्रयोग उपयुक्त र समुचित रूपमा गर्ने गर्दछन् जसले गर्दा उनका रचना हतियार नभएर औषधिको काम गर्ने बनेका छन् । यसो गर्दा ती रचनाहरूले मानवीय समाजमा लागेका रोगहरूलाई उन्मुलन गर्न सक्ने क्षमता राख्दछन् । उनले कुनै व्यक्तिविशेषको वैयक्तिक जीवनप्रति प्रहार नगरी व्यक्ति वा वर्गका बानी-व्यहोराहरूलाई साधारणीकृत गरेर हाँसो उमार्दछन् अनि शिष्टता र मर्यादाका सीमाभित्र रहेर मनमोहक तरिकाबाट व्यङ्ग्य गर्दछन् । च्वास्स घोच्ने र बिझ्ने तरिकाबाट होइन । सार्थक भाषाको प्रयोग गरेर घतलाग्दो र कुत्कुत्याउँदो पाराले रिजालले आफ्ना सामग्रीहरू प्रस्तुत गरेका छन् । औषधि मिठो नभएजस्तै हास्यव्यङ्ग्य पनि समाजका लागि तीतो औषधि हो । रिजालले यस तीतो तथ्यलाई मिठो आवरण दिएर प्रस्तुत गरेका छन् । अतः उनको हास्यव्यङ्ग्य कला ज्यादै मोहक खालको छ । उनी अझै पनि हास्यव्यङ्ग्य क्षेत्रमा लागिरहेका छन् भन्ने कुरा प्रष्ट छ । उनी अझै थुप्रै हास्यव्यङ्ग्य कृतिहरू निकाल्ने प्रयासमा लागिपरेका देखिन्छन् ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, ललिता कुमारी (२०६०), **मोहनराज शर्माका हास्यव्यङ्ग्य निबन्धको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

अधिकारी हेमाङ्गराज (२०३१), **पूर्वीय समालोचना सिद्धान्त**, ललितपुर : साझा प्रकाशन ।

अर्याल, भैरव (२०२५), **साझा निबन्ध,** ललितपुर : साझा प्रकाशन ।

अर्याल, भैरव (२०३०), **साझा निबन्ध** (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

अर्याल, भैरव (२०६५), **भैरव अर्यालका हास्यव्यङ्ग्य**, काठमाडौँ : भैरव पुरस्कार गुठी ।

उपाध्याय, केशवप्रसाद (२०५४), **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन ।

गौतम, हरिप्रसाद (२०६७), **साहित्यकार अनिल शर्माको सिर्जनामा एक फन्को,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

चतुर्वेदी, वरसाने लाल (सन् १९६३), **हिन्दी साहित्य मे हास्य रस,** नयाँ दिल्ली : हिन्दी साहित्य संसार ।

त्रिपाठी, वासुदेव (२०५१), *हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भतर्फ,* **प्रज्ञा**, वर्ष २३, पूर्णाङ्क ८०, काठमाडौँ : नेल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दवाडी, पूर्णप्रसाद (२०६६), **धनराज गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

पाण्डे, रामकुमार (२०५१), **हास्यव्यङ्ग्य,** काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

पौडेल, गायत्री (२०७१), **निमेष निखिलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३५), **साझा समालोचना**, काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४४) : **एक अभियान, छ्याङ्कन,** काठमाण्डौ : कौवा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४४), **साझा समालोचना** (तेस्रो संस्क.) काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, प्रमोद (२०६४), *नेपाली हास्यव्यङ्ग्य निबन्ध : इतिहासदेखि वर्तमानसम्म,* **मधुपर्क**, वर्ष ४०, अङ्क १, पूर्णाङ्क ४५६, जेठ, काठमाडौँ : गोरखापत्र संस्थान ।

प्रधान, प्रमोद (२०६६), **नेपाली निबन्धको इतिहास**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

प्रभात, विष्णु (२०६३), **टेढो ऐना**, काठमाडौँ : भैरव पुरस्कार गुठी ।

पोखरेल, बालकृष्ण (२०४०), **बृहत नेपाली शब्दकोष**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ ।

भट्टराई, जयदेव (२०५४), **साहित्य परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, भरतकुमार (२०४४), हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

रिजाल आर.सी. (२०५५), **कुकुरको पुच्छर** (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह), हेटौडा : प्रयास प्रकाशन ।

रिजाल आर.सी. (२०५७), *रिजालको विशाल बगैंचा,* **कण्ठ लँगौटी**, वीरगञ्ज : प्रतिक प्रकाशन ।

रिजाल आर.सी. (२०५७) भूमिका, **कण्ठ लँगौटी**, वीरगञ्ज : प्रतीक प्रकाशन ।

रिजाल आर.सी. (२०६३), **हाकिमको खप्पर** (हास्यव्यङ्ग्य निबन्ध सङ्ग्रह), वीरगञ्ज : प्रतीक प्रकाशन ।

रिजाल आर.सी. (२०६६), **भोलारामको आत्मा** (हिन्दी तथा ऊर्दुका उत्कृष्ट हास्यव्यङ्ग्यको अनुदित सङ्कलन), हेटौंडा : प्रयास प्रकाशन) ।

रिजाल आर.सी. (२०७०), **फू फू फू** (हास्यव्यङ्ग्य सङ्गालो), हेटौंडा : प्रयास प्रकाशन ।

रेग्मी, चूडामणि (२०६८), **जुही** (साहित्यिक त्रैमासिक), वर्ष ३१, अङ्क ३, पूर्णाङ्क ६७, पुस⁄माघ ⁄फाल्गुन ।

राई, सुकराज ( ? ), **आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य,** काठमाडौँ : त्रियुगा अफसेट प्रेस ।

लुईटेल, नरनाथ (२०५६), **हास्यव्यङ्ग्यकार श्याम गोतामे र उनका निबन्धहरूको अध्ययन र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

लुइँटेल, खगेन्द्र (२०६२), **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०६३), **स्नातकोत्तर नेपाली निबन्ध**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०४३) **सष्टा सृष्टि, द्रष्टा दृष्टि**, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (सम्पा. २०५८), **स्रष्टा सृष्टि द्रष्टा दृष्टि,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान,** ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०४८), **नेपाली निबन्ध परिचय** (पाँचौ संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), **नेपाली निबन्ध भाग दुई**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५९), **शैली विज्ञान** (दोस्रो संस्क.), काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुईंटेल, खगेन्द्रप्रसाद (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, हीरामणि (२०५१), **नेपाली हास्यव्यङ्ग्य निबन्ध** (दोस्रो सस्क.) ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०७०), **निबन्ध समालोचना**, काठमाडौँ : ऐरावत प्रकाशन ।

# परिशिष्ट

## आर.सी.रिजालसँग लिइएको अर्न्तवार्ता

**१. हजुरको जन्म कहाँ र कहिले भयो ?**

उत्तर : मेरो जन्म वि.सं. २००९ साल चैत्र १० गते रामनवमीका दिन मकवानपुरगढी अर्न्तगत मकवानपुर जिल्लामा भएको हो ।

**२. हजुरको बाल्यावस्था कसरी र कहाँ बितेको थियो ?**

उत्तर : मेरो जन्म पहाडी गाउँमा भएकोले पहाडमा उकाली ओराली गर्दै, भिरपाखा गर्दै चिच्याउँदै बितेको थियो । मैले पाँच वर्षभन्दा अघिको कुरा त थाहा पाउँदिन तर छ वर्षपछिको मात्र थाहा पाउँछु । त्यो बेला मलाई दुःख, कष्ट त भोग्नु परेन तर स्कुल फेर्नु पर्ने झमेला परेको थियो । त्यसैले गर्दा दुःख पाएको अनुभव छ ।

**३. हजुरको शिक्षा आरम्भ कसरी भएको हो ?**

उत्तर : मेरो शिक्षा आरम्भ हुँदा म पाँच वर्षको थिए । शिक्षा आरम्भ भएसँगै मेरो अक्षरारम्भ सुरु भएको थियो । त्यसबेला मलाई पढ्न भने मन लाग्थ्यो । त्यो बेला कलम कापीमा लेख्ने चलन थिएन । खरी ढुङ्गाले कालो सिलोटमा लेख्नु पर्दथ्यो । मैले पनि त्यसै गरी अक्षर लेखन सुरु गरेको हुँ ।

**४. हजुरको विद्यालय शिक्षा र उच्च शिक्षा कसरी पुरा भएको थियो ?**

उत्तर : मेरो कक्षा आरम्भ एकै पटक पाँच कक्षामा भएको हो । म पाँचकक्षामा एकै पटक भर्ना भएको हुँ । बुबाले घरमा पढाउने शिक्षक राखिदिनु भएको थियो । पाँच कक्षामा भर्ना भएपछि म प्रथम भए अनि एकै पटक सात कक्षामा भर्ना हुँदै कक्षा १० सम्म पुगेँ । १० कक्षामा राम्रो मिहिनेत गरेपछि एस.एल.सी. परीक्षा पास गर्न सफल भएँ । क्याम्पस स्तरको पढाइ काठमाण्डौबाट सम्पन्न गरेको हुँ । बि.कम. सम्म पढेको छु ।

**५. हजुरको बसोबासको बारेमा बताइ दिनु हुन्छ कि ?**

उत्तर : म पहाडमा जन्मेको हुँ । मेरो बुबाआमा पनि त्यही पहाडमा बस्नुहुन्थ्यो । आमाबुबा, दाइभाइहरूसँगै मेरो बसाइ पनि त्यहीँ बितेको थियो । हामी बस्ने गरेको ठाउँ भोक्टनी थियो । मकवानपुर जिल्लाको भोक्टनी भन्ने ठाउँ अलि पहाडी इलाकामा पर्दछ । पछि त्यहाँबाट बसाई सरी हेटौँडा नगरपालिका वार्ड नं. ४, भैरवनाथ टोलमा आयौँ र अहिलेसम्म यहाँ नै बसिरहेको छु ।

**६. हजुरको जागिरे जीवन कहिलेबाट सुरु भयो र कसरी बित्यो ?**

उत्तर : मैले जागिर खाएको २०२७ सालमा एस.एल.सी. दिएर बसेको समयदेखि हो तर त्यो अस्थायी थियो । स्थायी जागिर भने २०३८ साउन १ गतेबाट नेपाल सरकारको लेखापाल पदमा खाएको हुँ । २०३८ सालबाट २०५९ सालसम्म खाएर अनिवार्य अवकासमा बसेको छु ।

**७. हजुरको आर्थिक अवस्था कस्तो थियो र अहिले कस्तो छ ?**

उत्तर : पहिले मेरो आर्थिक अवस्था सामान्य थियो । घर परिवारलाई खर्च चलाउन मात्र सम्भव थियो । पछि जागिर गरेपछि पैसा जन्म हुँदै गयो अनि आर्थिक अवस्था बलियो हुँदै गयो र हेटौँडामा घर बनाइयो । छोरा-छोरीलाई पढाइयो । अहिले घरसँगै नजिकै रहेको (४ धुर करिव २२ लाख बराबरको) घडेरी सिस्नोपानी साहित्यिक संस्थालाई दान दिएको छु । म साहित्यलाई माथि उचाल्न चाहन्छु । त्यसैले साहित्यिक संघ-संस्थालाई थोरै भएपनि आर्थिक सहयोग गर्दछु । यसैको आधारमा बुझ्नुस् मेरो आर्थिक अवस्था ।

**८. हजुरलाई साहित्य कृति लेखने प्रेरणा र प्रभाव कहाँबाट प्राप्त भयो ?**

उत्तर : मैले साहित्यिक रचना स्कुल पढ्दादेखि नै लेख्ने गर्दथेँ । स्कुलमा साहित्यिक कार्यक्रम हुँदा मलाई पनि लेख्न मन लाग्थ्यो । त्यसैले लेख्दै गएँ । एस.एल.सी. पास गरेपछि क्याम्पस स्तरको पढाइ गर्न काठमाण्डौ गएँ । त्यहाँ अझ धेरै साहित्यिक कार्यक्रम हुने गर्दथे । अनि म लागि रहेँ । त्यस्तै पूर्वको झापा आन्दोलनमा म पनि सरिक भएको थिएँ । त्यसले गर्दा पनि साहित्यिक कृति लेख्ने प्रेरणा पाएको अनुभव गर्दछु ।

**९. हजुरद्वारा लेखेका कृतिहरू के कति छन् ?**

उत्तर : मैले लेख्न सुरु गरेको स्कुल पढ्दादेखि नै हो भनेर त पहिले नै भनिसकें । प्रकाशित कृतिका दृष्टिले २०३६ सालमा **खरानीभित्रको आगो** (लघुउपन्यास) पहिलो हो । पछि यस क्षेत्रलाई छोडेर हास्यव्यङ्ग्यतिर लागेको छु । हास्यव्यङ्ग्यात्मक कृतिहरू **कुकुरको पुच्छर, आकिमको खप्पर, कण्ठ लँगौटी, भोलारामको आत्मा** (अनुवादित कृति) र **फू फू फू** छन् ।

**१०. हास्यव्यङ्ग्यको क्षेत्रमा कसरी लाग्नु भयो ?**

उत्तर : मैले जागिर खाएँ त्यहाँ धेरै विकृति विसङ्गतिपूर्ण कार्य देखे । मान्छेलाई सोझै गाली गर्दा नराम्रो मान्ने र घोचेर भनेको जस्तो हुने भएकाले हास्यव्यङ्ग्य मार्फतभन्दा "लठ्ठी पनि नभाँचिने सर्प पनि मर्ने" उखान जस्तै हुने भएकाले यस क्षेत्रमा लागेको हुँ ।

**११. कुन कुन हास्यव्यङ्ग्यकारका कृतिहरू पढ्नु हुन्छ ?**

उत्तर : मैले हास्यव्यङ्ग्यात्मक कृतिहरू पहिलेदेखि नै पढ्ने गर्दथें । विशेष गरी भैरव अर्याल, राजकुमार पाण्डे, वासुदेव शर्मा लुईंटेल, यादव खरेल आदिका कारणले गर्दा म यस क्षेत्रमा लागेको हुँ । त्यसैले बढी उहाँहरूकै हास्यव्यङ्ग्य कृतिहरू अध्ययन गर्ने गर्दछु ।

**१२. हजुरको अभिरुचि र दैनिक दिन चर्या कसरी बित्छ ?**

उत्तर : दैनिक दिन चर्याको कुरा गर्दा म बिहान ५/६ बजे उठ्छु, समाचार सुन्ने र खाना खाएर विभिन्न साहित्यिक कृतिहरू अध्ययन गर्ने साथै लेख-रचनाहरू लेख्ने काम गर्दछु । हालको मेरो दिन चर्याहरू खासै यस्तै हो ।

**१३. हजुरको व्यक्तित्वको बारेमा भनिदिनुस् न ?**

उत्तर : मेरो व्यक्तित्व सामान्य मानिसको जस्तै छ । मैले जसलाई पनि मायालु तरिकाले बोलाउँछु, कुनै पनि मान्छेसँग रिसाउँदिन । जिन्दगीलाई बुझेको छु । घर-परिवारलाई माया गर्दछु । उनीहरूको आवश्यकता यथासम्भव पूरा गरिदन्छु ।

**१४. हजुरले कस्तो जीवनशैली अपनाउनु हुन्छ ?**

उत्तर : मेरो जीवनशैली सामान्य छ । सामान्य परिवारको सदस्य भएर होला म सामान्य जीवन बिताउन चाहन्छु । तडक-भडक आदि मलाई मन पर्दैन । सामान्य खानपिनलाई मन पराउँछु । नेपाली खाना दाल, भात, तरकारी मीठो मानेर खाने बानी छ । धर्ममा उत्तिको विश्वास गर्दिन । मान्छेको मन सफा हुनुपर्छ । म आमाबाबुको वार्षिक श्रद्धा पनि गर्दिन । त्यस दिन मैले छात्र-छात्राहरूलाई उत्कृष्ट हुने वा गरिब-असहायलाई आर्थिक सहयोग गर्दछु र पुस्तकालयहरूमा पुस्तक थपिदिन्छु ।

**१५. अबको बाँकी जीवनलाई के गर्ने विचार लिनु भएको छ ?**

उत्तर : अझ पनि साहित्यिक क्षेत्रमा लागिरहने विचार लिएको छु । नेपाली समाजमा देखिएका सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, सांस्कृतिक आदि विसङ्गहिरूको क्षेत्रलाई माथि उठाउन लागिरहने विचार छ, लागिरहने छु ।